वर्ष : १४, अंक : ३३, काठमाडौं, २०७५ मंसिर २१ गते शुक्रबार 7 December 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## फोरमको महाधिवेशन बैशाखमा



काठमाडौं । सत्तारूढ संघीय समाजवादी फोरम नेपालले आफ्नो महाधिवेशन बैशाखको अन्तिम साता गर्न प्रस्ताव गरेको छ । काठमाडौंका तीनकुनेस्थित पार्टी मुख्यालयमा बिहीबार बसेको राजनीतिक समितिको बैठकले केन्द्रीय महाधिवेशन २०७६ साल बैशाखको २८ र २९ गतेका प्रस्ताव गरेको हो । अध्यक्ष उपेन्द्र यादवले बैठकमा महाधिवेशन बैशाखमा गर्नका लागि प्रस्ताव राखेका थिए । बाँकी अन्तिम पृष्ठमा

## राउत कारागार चलान

राकेश यादव, रौतहट । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सी के राउतलाई रौतहट जिल्ला अदालत गौरले पुर्पक्षका लागि कारागारमा राख्ने आदेश दिएको छ । राज्य विरूद्धको संगठित अपराध मुद्दाको अभियोग पत्रसहित पेश गरिएको डा. राउतलाई जिल्ला न्यायधीश अम्बिका प्रसाद निरौलाको एकल इजलासले मुद्दा पुर्पक्षका लागि थुनामा राखी बाँकी कार्यवाही अगाडी बढाउने आदेश दिएपछि बाँकी अन्तिम पृष्ठमा

## विवाह पञ्चमीको तयारी तीव्र

जनकपुरधाम । मंसिर २६ गते हुने रामजानकी विवाहोत्सवको तयारी जनकपुरमा अन्तिम चरणमा पुगेको छ । सप्ताहव्यापी कार्यक्रमका साथ मनाइन लागेको रामजानकी विवाहोत्सव शुक्रबारबाट सुरू हुँदैछ ।

विवाहोत्सव कार्यक्रमको पहिलो दिन शुक्रबार जनकपुर नगर दर्शन कार्यक्रम रहेको जानकी मन्दिरका छोटे महन्त रामरोशन दासले जानकारी दिए । त्रेता युगमा वैवाहिक बाँकी अन्तिम पृष्ठमा

## नाम र राजधानीका लागि सुझाव संकलन

वीरगञ्ज । प्रदेशको नाम र राजधानीका लागि सुझाव संकलन गर्न प्रदेश २ सरकारले गठन गरेको संवाद तथा सुझाव आयोग आयोगले काम सुरू गरेको छ ।

४५ दिनभित्र सुझाव सहितको प्रतिवेदन बुझाउने जिम्मा पाएको आयोगले गठन भएको ४० दिनपछि मात्र काम सुरू गरेको हो । कात्तिक ११ बसेको मन्त्रिपरिषदको बैठकले नीति आयोगका उपाध्यक्ष समेत रहेका डा. हरिवंश झा संयोजकत्वमा तीन सदस्यीय आयोग गठन गरेको थियो । आयोगमा मोहनलाल चौधरी र राम प्रवेश बैठा बाँकी अन्तिम पृष्ठमा

# राजपामा महन्थ ठाकुरको हैसियत अब के ?

## ‘फुटाउ र राज गर’ भन्ने नीति हाबी

मधेशवाणी डेस्क

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालभित्र दुई अध्यक्षको विवादले लिएको उग्ररूपले पार्टी स्पष्टत: दुई खेमामा विभाजित भएको छ । अध्यक्षमण्डलको संयोजक फेरबदलपछि शीर्ष नेतृत्वबीच चर्किएको द्वन्द्व भित्रभित्रै भुँसको आगोझैं सल्किरहेको छ ।

मंसिर ४ मा बसेको अध्यक्षमण्डल बैठकमा अध्यक्षता गरिरहेका संयोजक महन्थ ठाकुरलाई हटाएर अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोलाई नयाँ संयोजक बनाउने निर्णय बहुमतले पारित गरेको हो । अध्यक्षमण्डलका संयोजकबाट ठाकुरलाई हटाउने निर्णयबाट आक्रोशित बनेका ठाकुरपक्षीय नेताहरू असन्तुष्ट बनेका छन् । पछिल्लो विवादका कारण यत्तिखेर पुरै पार्टीमै भाँडभैलो मच्चिएको छ ।



मधेशमा क्रियाशील तत्कालीन महन्थ ठाकुरको तराई-मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, शरत्सिंह भण्डारीको राष्ट्रिय मधेश समाजवादी पार्टी, महेन्द्र राय यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) र अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी एकीकरण भएर २०७४ बैशाख ७ गते राजपा घोषणा भएको हो । पार्टी स्थापना भएदेखि नै ठाकुर संयोजक रहँदै आएका थिए । पार्टी एकीकरणका बेला प्रत्येक दुई महिनामा आलोपालोमा संयोजक बनाउने सहमति भएपनि अध्यक्षमण्डलका सदस्यहरूले ठाकुरलाई नै लामो समय संयोजकका रूपमा मान्दै आए पनि मंसिर ४ को बैठकले अचानक नयाँ संयोजकमा महतोलाई चयन गरेपछि नयाँ तरंग सिर्जना भएको छ ।

त्यस बैठकमा अध्यक्षमण्डलका अर्को नेता महेन्द्र राय यादवले राजपामा मधेशका कुनै जातका मान्छे नै नभएजस्तो गरी बाहुनलाई मात्र अवसर दिएर पार्टीलाई बाहुनको पार्टी बनाउन खोजेको जस्तो गम्भीर आरोप पनि लगाएका थिए । रायले प्रदेश २ को सरकारको नीति आयोगको सदस्यमा सुरेन्द्र झा तथा पार्टीको महासचिव र सहमहासचिवमा नियुक्त भएकामध्ये सबैको पृष्ठभूमि तमलोपां भएको र धेरैजसो बाहुन भएको भन्दै आलोचना गरेका थिए ।

यद्यपी रायले लगाएको आरोप प्रति ठाकुर प्रतिक्रियाविहीन रहनु र उनले संयोजकको पद विना विमति हस्तान्तरण अर्को रहस्यको विषय हो ।

ठाकुर विनाको राजपा

मधेशमा छरिएका मधेशी दलहरूलाई एक ठाउँमा ल्याएर बृहत मोर्चा बनाउने श्रेय ठाकुरलाई नै जान्छ । उनले नेपाली काँग्रेसबाट विद्रोह गरेर बनाएको तमलोपालाई विघटन गरी नयाँ दलको रूपमा राजपालाई जन्म दिनु सहज थिएन तर पनि उनले जोखिम लिए र अन्तत: राजपा भन्ने पार्टीको विजारोपण गरे । उमेर र राजनीतिक योगदान सहितका आधारमा उनी सर्वसम्मतले राजपाको पहिलो संयोजक बने र १ वर्ष ८ महिनासम्म पार्टी चलाए । महतो पक्षीय नेताहरूले ठाकुरको कार्यकाललाई चर्को आलोचना गर्दै आएका छन् । उनीहरूले ठाकुरले पार्टीलाई ठिक तरिकाले चलाउन असफल भएको, पार्टीलाई भर्तिकेन्द्र बनाएको र पार्टीमा पुरानो तमलोपा हाबी भएको भनेर तर्क गरिरहेका छन् । तर पनि ठाकुर ती सबै आरोप सुनिरहेका छन् र प्रतिक्रियाविहीन छन् ।

संयोजकबाट हटाइएपछि पार्टी भित्र ठाकुरको भूमिका के हुने भन्ने नयाँ बहस पनि सुरू भएको छ । राजपाको संसदीय दलको नेता अहिले पनि ठाकुर नै छन् । त्यसैले संसदीय दलको नेता समेत भएकाले अरू अध्यक्षभन्दा वरिष्ठ भएको भन्दै सोहीअनुसारको मर्यादाक्रम हुनुपर्ने ठाकुर पक्षधर नेताहरूको माग छ । ठाकुरलाई पार्टीको वरिष्ठ नेता, सर्वोच्च नेता वा शीर्ष नेताको सम्मान दिने विषयमा छलफल भइरहे पनि टुंगो लागेको छैन ।

ठाकुरले आफू राजपाबाट अलग नभएको अहिले पनि एकताको पक्षमा रहेको भन्ने सन्देश कार्यकर्ता माझ पुर्‍याउन मंसिर १४ गते बसेको बैठकमा उपस्थित भएका थिए । यद्यपी बैठक लगतै मंसिर १६ गते उनी नियमित स्वास्थ्य उपचारका लागि भारत प्रस्थान गरेका छन् । उनी भारत प्रस्थान गरेको दिन विमानस्थलमा राजपाका शीर्ष नेताहरू बिदाईका लागि नपुग्नुले पनि राजनीथिक बाँकी अन्तिम पृष्ठमा

### ठाकुर दिल्लीमा

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता महन्थ ठाकुर भारतको राजधानी नयाँदिल्ली पुगेका छन् । नियमित स्वास्थ्य परीक्षणका लागि आइतबार राजपा नेता तथा प्रतिनिधिसभा सदस्य ठाकुर त्यसतर्फ प्रस्थान गरेका थिए । ठाकुरको दिल्ली भ्रमण नितान्त व्यक्तिगत रहेको प्रवक्ता कृष्णा सिंहले मधेशवाणीलाई जानकारी दिएका छन् । उनले ठाकुरको यो भ्रमणको क्रममा राजनीतिक भेटवार्तासमेत हुनसक्ने जानकारी दिए ।

## पिछडावर्ग आयोग गठन हुनुपर्छ : यादव



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता महेन्द्र यादवले संवैधानिक पिछडावर्ग आयोग गठन हुनुपर्ने माग गरेका छन् । उनले पिछडावर्ग समुदायका व्यक्तिहरूलाई राज्यले उपेक्षा गरेको आरोप लगाउँदै उनीहरूलाई अधिकार सम्पन्न बनाउन पिछडावर्ग आयोग आवश्यक रहेको बताएका छन् ।

नेता यादवले मधेशका पिछडावर्गहरू जागरूक नभएसम्म मधेशको मुक्ति सम्भव नरहेको समेत दाबी गरेका छन् । नेपाल पिछडावर्ग (ओबीसी) महासंघले आइतबार मधेश मिडिया हाउसमा आयोजना गरेको वार्षिक साधारणसभा कार्यक्रमको प्रमुख अतिथिको आसन्नबाट बोल्दै राजपा नेता यादवले यस्तो दाबी गरेका हुन् ।

‘जुन दिन मधेशका पिछडावर्ग जागरूक हुन्छन् त्यो मात्रै मधेशो मुक्ति सम्भव हुन्छ’, नेता यादवले भने, ‘यो देशमा बहुसंख्यकरूपमा रहेका पिछडावर्गहरू आफ्नो अधिकारका लागि जारू हुनु आवश्यक छ ।’

उनले अधिकारको लडाईमा पिछडावर्गाको समुदायको उल्लेखनीय योगदान रहेको जिकिर गरेका छन् । उनले पिछडावर्गाका बाँकी अन्तिम पृष्ठमा




समय-सन्दर्भ

जयप्रकाश गुप्ता



## महन्थजीको मौनता र राजपाको संस्कृति

> सर्वाधिक नराम्रो पक्ष त राजपा अध्यक्षमण्डलका अन्य कुनै पनि सदस्यहरू उहाँको विदाइमा विमानस्थलसम्म नपुग्नु रह्यो ।

महन्थ ठाकुर समसामयिक मधेशका राजनीतिज्ञहरू मध्ये सबैभन्दा जेठो हुनुहुन्छ । आदरणीय तथा प्रतिवद्ध पनि । राजपाका संसदीय दलका नेता हुनुहुन्छ र त्यस पार्टीको संयोजक हुनुहुन्थ्यो । राजपा अध्यक्ष मण्डलका ६ जना सदस्यहरू मध्ये ४/५ जनाले बैठक गरी उहाँलाई संयोजकबाट हटाएका छन् । यस समाचारबाट देशकै राजनीति तरंगित भएको छ । सबैतिर दुष्चिन्ता छायो । केही खुशी पनि भए होलान, तर धेरै भने चिन्तित देखिए । मधेशका राजनीतिक समस्याको शान्तिपूर्ण समाधान चाहनेहरू मधेशी र पर्वते, दुबै वृतका मानिसहरू चकित भए । अब राजपा बिखण्डित हुने भए भनी मधेशमा मैले एक प्रकारको दुष्चिन्ता व्याप्त भएको अनुभव गरेको हुँ । वास्तवमा म स्वयं नै राजपाका "सत्ता समर्पण तथा मुद्दा बिसर्जनवादी" सोचका विरोधी हुँ । तर पनि, राजपा टुट्नु हुदैन भने चाहना राख्दछु ।

आफूलाई संयोजकको जिम्मेवारीबाट हटाइएकोमा महन्थजी ४/५ दिन मौन रहनु भयो । यस मौनताले परिस्थितिलाई अझ गम्भीर बनायो । विखण्डनको हावाले बल नै पाएको थियो । नयाँ संयोजक राजेन्द्र महतोजी पनि विनित भावमा महन्थजीका प्रति सार्वजनिक रूपमा सद्भावपूर्ण अभिव्यक्ति दिएर राम्रै गर्नुभयो । तर, महन्थजी आफ्नो उपचारका लागि दिल्ली प्रस्थान गर्नुभन्दा ठिक पहिले राजपा अध्यक्षमण्डलको बैठकमा सरिक भएर चिन्तामा रहेका सबैलाई आश्वस्त पार्नुभयो । मलाई पनि लागेको छ कि, शायद अब टुटफुटको सम्भावना टरेको छ ।

यस पश्चात महन्थ ठाकुर उपचारका लागि दिल्ली जानुभयो । काठमाण्डौं विमानस्थलबाट प्रस्थान गर्दा अपवाद बाहेक पुरानो तमलोपासम्वद्ध केही नेताहरू उहाँको विदाईका लागि एयरपोर्ट पुगेको एकाध तस्वीर सामाजिक सञ्जालमा देखियो । धेरैले महन्थजीलाई दयाका पात्र झैं देखाउदै मजाक र खिसी गरेको पाइयो । यो राम्रो भएन । तर, सर्वाधिक नराम्रो पक्ष त राजपा अध्यक्षमण्डलका अन्य कुनै पनि सदस्यहरू उहाँको विदाइमा विमानस्थलसम्म नपुग्नु रह्यो । धेरै जना पुग्दा राम्रो र कोही पनि नपुग्नु नराम्रो कुरो यति मात्र होइन । कुरो त हामी एकापसमा एकअर्कालाई कति सम्मान गर्छौं, आफ्ना सहकर्मीहरूका प्रति कति सद्भाव राख्छौ, अधिकार प्राप्तिको यस लामो लडाईमा संगै लागि परेका अन्य नेताको जीवनलाई कतिको आवश्यक ठानेका छौं भन्ने सवाल त यो पनि हो । जुन नेताहरूको आह्वानमा ६ महिनाको आन्दोलनमा १२५ जना भन्दाबढी मानिसहरूले ज्यान दिए, ती नेताहरू स्वयं एकअर्काका प्रति कति साख्यभाव राख्छन् अबका पुस्ताले चुपचापै सही तर यो संस्कार र संस्कृति पनि खोज्दैछन् मधेशी नेताहरूमा !

मिथिला, जहाँ प्रागऐतिहासिक कालमा आदि शंकराचार्य र मण्डन मिश्रका बीच भएको शास्त्रार्थको उल्लेख गर्दै हामी आजका राज्य सञ्चालकहरूलाई हाक दिइरहेका हुन्छौ । मिथिलाका विपूल सांस्कृतिक विरासत तथा सुसंस्कृत परम्पराका कुरा गरिरहेका हुन्छौ । तर, यथार्थमा हामी स्वयंका बीचबाट धेरै कुराहरू हराएको छ । ती मध्येका एक कुरा मधेशका अगुवाहरूको मनबाट परस्परका लागि सद्भाव तथा सम्मानको पलायन पनि हो ।



## सम्पादकीय



# विवाहपञ्चमीको अर्थशास्त्र

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा पौराणिक प्रचलनअनुसार भगवान् सीतारामको विवाह महोत्सव आउने बुधबार मनाइँदै छ। हरेक वर्ष मंसिर शुक्लपक्षका दिन राम र जानकीको स्वयंवर भएको विश्वासमा विवाह पञ्चमी पर्व मनाउने गरिन्छ। जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलाबासीले यस महोत्सवलाई विशेष महोत्सवका रूपमा मनाउने गर्दछन्। महोत्सवका लागि जनकपुरधाममा श्रद्धालु भक्तजनको ठूलो भिड लाग्ने गर्छ। महोत्सवमा देवीदेवताको सहभागिता नभए पनि अदृश्यरूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्म मिथिलाबासी सहभागी हुने गर्दछन्।

मैथिल संस्कृतिअनुसार विवाह महोत्सव मनाइने क्रममा राममन्दिर र जानकी मन्दिरबाट राम र सीताको प्रतिमालाई विशेष सुसज्जित डोलामा राखी रङभूमिमा लगि स्वयम्बर भएपछि जानकी मन्दिरमा ल्याई विवाह गरिन्छ। सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन्। महोत्सवमा बिदाइका क्षण कारुणिक हुन्छ, मिथिलावासीले चेली बिदाइको गीत गाउँदा सबैको आँखा रसाउने गरेकाले प्रतीकात्मक विवाह वास्तविक विवाहझैं हुने गरेको छ। रामजानकी मन्दिरमा लाग्ने विशेष मेलामा सहभागी हुन देशका विभिन्न ठाउँ र भारतबाट समेत भक्तजनको घुइँचो लाग्ने गर्छ। त्रेतायुगमा रामले धनुष तोडेर जनकपुरका राजा जनककी छोरी जानकीलाई विवाह गरेको दिनको सम्झनामा हरेक वर्ष मंसिर शुक्ल पञ्चमीमा विवाह पञ्चमी पर्व मनाउने गरिएको छ। जनकपुरको जानकी मन्दिरबाट निस्किएको सीताजीको डोली र राममन्दिरबाट निस्केको भगवान श्रीरामको डोली रंगभूमि मैदानमा पुगी सीता स्वयम्वर कार्यक्रम आयोजना गरिन्छ। त्रेतायुगमा मिथिलाका राजा

**धार्मिक पर्यटन विश्वव्यापी पर्यटनको सबैभन्दा पुरानो रूप हो र जनकपुरधाममा यसको प्रशस्त सम्भावना छ। विवाहपञ्चमी जस्ता पर्वले जनकपुरको पर्यटन क्षेत्रसँगै आर्थिक कारोबार फस्टाउन सक्छ।**

जनकले छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीनटुक्रा पारेपछि मङ्सिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको धार्मिक ग्रन्थ रामायणमा उल्लेख छ। रामायणमा वर्णन भएअनुसार जनकपुरधामको रंगभूमिमा आयोजना गरिएको स्वयंवरमा देवी देवताको समेत उपस्थिति थियो। सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता शरीर नभए पनि अदृश्य रूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुन्छन्। सो महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृतिअनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार सम्पन्न हुन्छ। पौराणिक व्यवस्थाअनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी रंगभूमिमा पुऱ्याइन्छ। त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रंगभूमिमा लगिन्छ। रंगभूमिमा स्वयंवरविधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीतारामलाई जानकी मन्दिरमा ल्याई मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न हुन्छ। त्यस अवसरमा निस्केको भगवान्को डोला शोभायात्रामा राज्यका विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका श्रद्धालु भक्तजनसमेत सहभागी हुने गर्छन्।

रंगभूमि मैदानमा वर र कन्यापक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा गाउँगाउँबाट आउने गरेको सीतारामको प्रतीकात्मक झाँकी र लाखौं संख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहको रमितालाई उछिनेको हुन्छ। देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ। उक्त महोत्सव पहिले जनकपुरमा एक महिनासम्म मनाउने गरिएकामा अहिले चार दिनमात्र मनाइन्छ। विवाहपञ्चमीमा भारतबाट ठूलो संख्यामा दर्शनार्थी र श्रद्धालु भक्तजन जनकपुर आउने भएकाले यसले आर्थिक कारोबारलाई पनि मलजल पुऱ्याएको छ। यसअवधिमा जनकपुरको व्यापार ह्वातै बढ्ने गरेको छ तर यसलाई व्यवस्थित गर्न नसक्दा नकारात्मक प्रभाव पारिरहेको प्रति पनि ध्यान जानु आवश्यक छ। धार्मिक पर्यटन विश्वव्यापी पर्यटनको सबैभन्दा पुरानो रूप हो र जनकपुरमा यसको प्रशस्त सम्भावना छ। विवाहपञ्चमी जस्ता पर्वले जनकपुरको पर्यटन क्षेत्रसँगै आर्थिक कारोबार फस्टाउन सक्छ।

एउटा छविका रूपमा विकसित गर्न कुनै पनि स्थानलाई ब्राण्डिङ गर्नुपर्ने भएकाले जनकपुरलाई पनि विवाहभूमि वा आदर्श भूमिका रूपमा स्थापित गराई देश–विदेशबाट नवजोडीहरू विवाहका लागि आउने गन्तव्यस्थलका रूपमा विकसित गर्न सकिन्छ। जनकपुर क्षेत्रका महत्वपूर्ण स्थलहरूमा रचनात्मक एवम् सिर्जनात्मक क्रियाकलाप अघि बढाइए यहाँको पर्यटन क्षेत्रले थप महत्व पाउन सक्छ। कुनै पनि देशको आर्थिक समृद्धिका लागि पर्यटन उद्योगको महत्वपूर्ण भूमिका रहेको छ।

प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको मिथिलाको राजधानीको रूपमा जनकपुरलाई एक आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ। पर्यटकलाई आकर्षित गर्न सक्ने यहाँका प्राचीन चित्रकला, शिल्प, मूर्तिकलासहित संस्कृतिलाई धार्मिक पर्यटकीय संग्राहालयको रूपमा स्थापना गर्न सकिन्छ।

## साताको सात बात



विभिन्न विषयलाई लिएर बुद्धिजीविहरूले म लगायत सरकारको विषयमा असभ्य ढंगले टिक्काटिप्पणी गरिरहनुभएको छ यसमा म जानकार छु। त्यसमा भएका अलिकति असलियत बाहिर आउँदा उहाँहरूको हालत के हुन्छ,त्यो विचार गर्नुपर्ने हुन्छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



हामीले संविधानलाई आलोचनात्मक समर्थन गर्दै अघि बढ्छौं। आफ्नो पार्टीको माग पूरा गर्न सडक र सदनबाट संघर्ष गर्ने कुरालाई जनताले स्वीकार नगर्दा चुनावमा हार व्यहोऱ्यौं। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त पार्टी नेपाल**



संघीय र प्रदेश सरकारबीच देखिएका असमझदारी अन्तरप्रदेश समन्वय परिषद्को बैठकले हल गर्नसक्छ। संघीय व्यवस्था अन्य मुलुकमा भन्दा नयाँ भएकाले प्रदेश र संघीय सरकारबीच केही अन्योलता मात्र देखिएको हो। **प्रदिप ज्ञवाली, परराष्ट्रमन्त्री**



संरचना निर्माण नभएकाले ठूला विकास आयोजनाको काम तत्काल प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सकिएको छैन  कर्मचारी समायोजन, क्षमता विकास हुने वित्तिकै सरकारले ठूला विकास आयोजनाको काम पनि प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्दै जानेछ। **डा. युवराज खतिवडा, अर्थमन्त्री**



कतिपय कुरा गलत भएका छन्, तिनलाई छलफल गर्दै, सच्चाउँदै लैजानुपर्छ। मलाई लाग्छ, समग्र रूपमा सरकारको दिशा गलत छैन। कामहरू नथाल्दै त्यसमा धेरै शंका गर्नु हुँदैन। चुनौतीहरू छन् भनेर भाग्न मिल्दैन। **योगेश भट्टराई, नेता, नेपाल कम्युनिष्ट पार्टी**



सबै मधेशी एक ठाउँमा उभिने हो भने मात्र मधेशी जनताको हक अधिकार सुनिश्चित हुन्छ।.एमाले, माओवादी केन्द्र एकीकरण गरी एक ठाउँमा उभिएका छन्। तर, हामी मधेशी आफैं फरकफरक पार्टीमा विभाजित भएका छैनौं यो कदम सकारात्मक होईन। **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



सरकारले पार्टीले प्रस्तुत गरेको र जनताले अनुमोदन गरेको घोषणापत्रलाई कार्यान्वयन गर्ने स्पिरिटमा काम गर्नुपर्यो र त्यसको निम्ति भ्रष्टाचारको प्रभावकारी नियन्त्रण र सुशासन स्थापित गर्नुपर्यो। त्यसपछि मात्रै हामी समृद्धिको लक्ष्य हाँसिल गर्न सक्छौं। **नारायणकाजी श्रेष्ठ, प्रवक्ता, नेपाल कम्युनिष्ट पार्टी**

# विकासको राजनीतिक चिरफार-२



**सीके लाल**

**शासकहरूको मनोवृत्ति धेरै शक्तिशाली भएपछि त्यसो भन्दारहेछन्। र, अर्थशास्त्रले पनि 'एभ्री इन्डिभिजुअल इज एन युनिट अफ प्रोडक्सन' भनेर मात्रै हेर्छ। तर 'एभ्री इन्डिभिजुअल इज अ लिभिङ बिइन्ङ विथ निड एन्ड आस्पाइरेसन' भन्ने दृटिकोणबाट हेर्ने हो भने यी तमाम समस्यालाई राजनीतिक, सांस्कृतिक र सामाजिक प्रश्नको रूपमा बुझ्नुपर्दछ।**

नभए उनीहरूलाई रूखमा उल्टो झुन्ड्याएर हानिन्थ्यो कोर्राले। उनीहरू 'रिभेन्यु कन्ट्र्याक्टर' अर्थात् कर उठाउने जिम्मा लिएको व्यक्ति मात्रै हुन, जमिन्दार होइनन्। यसको अर्थ मधेश पछाडि पर्नुको एउटा कारणमा साधनस्रोतमा स्थानीय मधेशी समुदायको पकड नहुनु पनि हो।

अर्को प्रश्न के उठनसक्छ भने मधेशीहरूमा 'इन्टरनल कोहेजन' भएन। तपाईं मधेशीहरूमा त्यत्रो छ जातपातको विभेद, ठूलो जात र सानो जात। भुराबाल, अति पिछडा, पिछडा, दलित। त्यो प्रश्न पनि उचित र जायज हो।

अर्को प्रश्न उठ्नसक्छ, मधेशीहरूले मौका हेरेर काम गर्न जानेकै छैन। पहाडियाहरू मधेशमा आएर बस्ने, खोई मधेशीहरू पहाडमा बसाइँ सरेका। एउटा गाउँमा घर बनाउँछन्, १२ पुस्तादेखि त्यहीँ बसिरहेका छन्। १६औं पुस्तादेखि त्यहीँ बसिरहेका छन्। मधेशकै अर्को गाउँमा पनि जाँदैनन्। धेरै गयो भने नजिकको सहरमा जाला, त्यो पनि अलिकति पैसा कमाएपछि। 'मोबिलिटी' नै छैन। चलायमान नै छैन। अनि आर्थिक अवसर कहाँबाट आउँछ ? पहाडियाहरूलाई हेर्नुस्, एक पुस्ताभन्दा बढी एक ठाउँमा मरिगए बस्दैनन्। बाजे एक ठाउँमा पहाडमा थियो होला। त्यसपछि बुवाचाहिँ मधेशमा झऱ्यो। छोरो सहरमा गएको छ। नाति त विदेश पुगिसक्यो। उनीहरू एक ठाउँमा बस्दै बस्दैन।

अवसर खोज्ने प्रवृति मधेशीमा नभएकाले उनीहरू पछाडि परेको भन्ने एउटा प्रश्न पनि उठनसक्छ। अर्को प्रश्नचाहिँ के उठ्नसक्छ भने तपाईंहरूमा यत्रो सामाजिक भेदभाव छ, दाइजो प्रथा छ, छोरीबुहारीलाई जिउँदै जलाइदिनुहुन्छ। धर्मकर्ममा धेरै पैसा खर्च गर्नुहुन्छ। त्यत्रो रूढिवाद छ। पानी चल्ने र नचल्ने। यस्तो पनि कहीँ हुन्छ। यस्तो भयो भने मानिस अगाडि बढ्दै बढ्दैन। त्यो पनि हो, पछाडि पर्नुको एउटा कारण। अर्को, तपाईंहरूले आसै गर्नुभएन। संघर्ष गर्नुपर्छ। अनि पो हुन्छ त मानव विकास।

यी सबै 'एक्सप्लानेशन' जुन माथि मैले भने, ती सबै प्रश्नका उत्तरसँगै मुख्य कारण के हो भन्ने खोज्दै जाँदा कसैले एउटामा टीक गर्ला, कसैले दोस्रोमा। सातौं प्रश्न के हो भने 'अल अफ द अबोभ'। तपाईंहरूमध्ये कतिले सातौंमा लगाउँछन् टिक ? कि मधेशी पछाडि पर्नुका कारणमा माथिका ६ वटामध्ये कुनै एउटा हो कि माथिको ६ वटै हुन् ? सबै हो है ? माथिका सबै हुन् भने जे आजसम्म गरिराखिएको छ, त्यो मात्रै गरेर निकास पाउनेवाला छैन।

तपाईंहरू धेरैले अल्बर्ट आइन्स्टाइनको कोटेसन सुन्नुभएको होला। उनका अनुसार बहुलट्ठीपनको परिभाषा के हो भने उही काम गरेर दोहोऱ्याउँदै गएर अन्त्यमा अर्को परिणाम आउँछ भन्ने सोच्नुलाई बहुलट्ठीपन भनिन्छ। दुई र दुई एक पटक जोड्यो चार, दुई पटक जोड्यो चार, तीन पटक जोड्यो चार, जोड्दै गएपछि कुनै न कुनै बेला दुई र दुई पाँच हुन्छ भन्ने सोच्ने मान्छेलाई अल्बर्ट आइन्स्टाइन बौलाहा भन्छन्।

नेपालको अर्थराजनीतिको समस्या के भइदियो भने २००७ सालदेखि जे गर्दै आइएको छ, त्यही गर्दै गए भइहाल्छ नि। मधेशको विकास त भइहाल्छ नि। २००७ सालदेखि २०७५ सालसम्म ६८ पटक दुई र दुई जोड्दा ४ मात्रै भयो। अब १० वर्षसम्म दुई जोड्दै गयो भने कसो दुई र दुई २२ नहोला भन्ने आसमा यस्ता रिपोर्ट र योजना बन्दै आएका छन्, अर्थराजनीतिक दृष्टिकोणबाट हेर्दा।

यस्तो हो भने एउटा प्रश्नचाहिँ स्वाभाविक छ, यदि मात्रै चाहिँ होइन है। मधेश पछाडि पर्नुमा अरू केही छन् कारण। यो शासक समूहले मधेशमा आन्तरिक उपनिवेशवाद कायम गरेकोले गर्दा माथिका सबै समस्या भएका हुन्। मान्छेमा आस हराएको छ भनेर हामीले भन्यौं। तर किन ? मधेशका मानिस एकदमै अन्धविश्वासी छ भनेर हामीले भन्यौं। तर किन ? हामीले भन्यौं अवसरको अभाव भयो। मोबिलीटी भएन। पहाडमा बस्न भएनन्। किन ? किनको जवाफ खोज्नुपऱ्यो।

मधेशीमा इन्टरनल कोहेजन भएन, आफूआफूमा लडे। तर किन ? साधनस्रोतमाथि नियन्त्रण भएन। तर किन ? जंगल फडानी भयो। चन्द्र शमशेरदेखि सूर्यबहादुर थापासम्मले जंगल काट्याकाट्यै। काठको ठेकेदार कोही अरू। किन्ने कोही अरू। ट्रान्सपोर्ट गर्ने कोही अरू। काट्ने कोही अरू। मधेशीले के पाए ? यसरी साधनस्रोतमा पनि पहुँच भएन। किन ? ल्याक अफ गुड गभर्नेन्स। शासन राम्रो भएन। किन ? यो सबै किनको जवाफ खोज्ने हो भने अनि बल्ल हामी पुग्छौं एउटा उत्तरमा- यी सबै उपनिवेशवादको लक्षण हुन्। उपनिवेशमा यस्तै हुन्छ, जुन नेपालको तराई मधेशमा भएको छ।

अब यस्तै अवस्था कायम राखिराख्न शासक समूहले के-के गरिराख्न सक्छन् ? यस्तो औपनिवेशिक नियन्त्रकहरूले दुनियाँमा के-के गरेका छन् त ? पहिलो उपायका उनीहरूले भन्छन्- विकास त भइरहेको छ। मान्छेले खान पाएकै छन्। कुवेत-कतार गएकै छन्। बक्सामा लास आएकै छन्। त्यो लाससँगै २०/३० लाख रूपैयाँ आउँछन् नै। एउटा पक्की घर बन्छ। उसको बच्चा स्कुल जान थाल्छ। अरूहरूले पनि वर्षको ४०/५० हजार पठाउँछन्। खान पाएका छन्। उपचार पाएका छन्। ठीकै छ नि त। यस्तै हो नि। समाज यसरी नै चल्छ नि। 'इभोलुसनरी थ्योरी अफ डेभलपमेन्ट।' यसरी नै समाज अगाडि बढ्दै जान्छ। सुस्तरी परिवर्तन हुन्छ।

औपनिवेशिक शासकहरूले नै भन्छन्। भारतमा पनि अंग्रेज शासकहरूले यस्तै भन्ने गर्दथे। विन्स्टन चर्चिलले एक पटक भारतीयहरूलाई के भनेका थिए, 'हामीले छाडिदियौं भने तिमीहरू आफूआफूमै लडेर मर्छौ। त्यसैले ब्रिटिश शासन यहाँ हुन जरूरी छ।' पश्चिमी पाकिस्तानले तत्कालीन पूर्वी पाकिस्तानलाई त्यही भनेको थियो, 'तुम लोग बङ्गलादेश बनाओगे तो भीखमङ्गे हो जाओगे। स्वतन्त्रताको कुरा गर्छौ तिमीहरू, शासन चलाउन सक्छौ ?'

शासक वर्गको अर्को तरिकाचाहिँ के हो भने 'ब्लेम द भिक्टिम।' जो शोषित छ उसैलाई दोषारोपण गर। त्यस्ता दोष दिने क्रममा भनिन्छ, मधेशीहरू पढ्दै पढ्दैनन्। टियुमा हेर्न जानुस् न, मास्टर्स लेभलमा। ६ सय विद्यार्थीमा ६ जना मधेशी विद्यार्थी पाउन मुस्किल। जनकपुर कलेजमै जानुस, मधेशी महिला त देखिँदै देखिँदैन। महिला देखिहाल्यो भने ती पहाडी महिला हुन्छन्। यो सब हो बाबा। जस्ट ब्लेम द भिक्टिम। तर अझै पनि त्यस्तो किन हो भन्नेतिर नलाग्ने त ?

तेस्रो तरिका के हो भने शासक समूहले उत्पीडित समुदायका 'भोकल सेक्सन'लाई किनिदिन्छ। मजस्ता अलि बोल्न जान्नेलाई किनिदिने। उसबेला ब्रिटिस शासनमा अंग्रेजहरूले 'डिभाइड एण्ड रूल' भन्थे। मजस्तोलाई अलिकति कहीँ 'नोमिनेट' गरेर राखिदियो। एनजिओ चलाइरहेछु भने दुई/चार वटा प्रोजेक्ट दिइदियो। अनि यस्तै खाले रिपोर्ट बनायो र बस्यो। तर राज्य र सरकारसँग आधारभूत प्रश्न नगर्ने। उपनिवेश बनाइएको समुदायभित्रका भोकल सेक्सनलाई किनिदिने चलन एकदमै हुन्छ।

उपनिवेश बनाइएको समुदायभित्रका भोकल सेक्सनलाई किनिदिने चलन एकदमै हुन्छ। ब्रिटिसहरू भारतमा हुँदा कसैलाई रायसाहेब बनाइन्थ्यो, कसैलाई राजासाहेब बनाइन्थ्यो। उनीहरू त्यसैमा मख्ख। राणाहरूले मधेशमा कसैलाई मुखिया बनाइदिए। सक्किगो।

'मुखियाजी, आज तो बहुत बडे आदमी हैं। आप के यहाँ हाथी हैं।' यसो भनिदिएपछि उत्पीडित समुदायका ती कथित मुखियाजीलाई पुग्यो। अनि पहाडका जनजातिहरूसँग मीत लगाउने। यो सब पुरानो तरिका हो।

सबभन्दा पहिले खुल्ने के हुन्छ ? मालपोत कार्यालय हुन्छ। अनि प्रहरी कार्यालय हुन्छ। मालपोत कर उठाउनलाई, प्रहरी कर नतिर्नेलाई डण्डा हिर्काउनलाई। राणाकालदेखि चलेको यो चलनभन्दा बढी केही पनि नयाँ भएको छैन। औपनिवेशिक शासकले आफ्नो उपनिवेशमा रहेका जनतामाथि शासन गर्ने यो पनि एउटा तरिका हो। श्रीलंकामा राजापाक्षेले तमिलहरूमाथि त्यही नै गरे। शासितलाई तह लगाउन सकिँदो रहेछ त। भारतले काश्मिरमा त्यही गरिरहेको छ। उत्तरपूर्वीय राज्यहरूमा त्यही नै गरिरहेको छ। आफ्नो औपनिवेशिक शासन कायम राख्ने यो पनि एउटा तरिका हो।

पाँचौ तरिका हो 'प्यासिफिकेशन थ्रु डोल आउट।' अलि साधनस्रोत धेरै छ भने धेरै लगानी गरिदिने। भारतले सिक्किम लिएपछि के गऱ्यो भने त्यहाँ जनसंख्या थोरै थियो। 'पर क्यापिटा' धेरै लगानी गरिदियो। भारतले वैदेशिक सहयोग दिनेमध्ये झण्डै ७० प्रतिशत भुटानले पाउँछ। बाँकी ३० प्रतिशतमा सारा दुनियाँ अर्थात् एसिया र अफ्रिकाका गरिब मुलुकले पाउँछन्। जहाँ धेरै कराइरहेका हुन्छन, त्यहाँ धेरै पैसा हालिदिने। यो प्यासिफिकेशन मोड हो।

यी पाँच वटा तरिका नेपालका पहाडी शासकहरूले मात्र होइन, संसारभरिकै औपनिवेशिक शासकहरूले आफ्ना उपनिवेशमाथि लागू गर्दै आएका छन्। तर नेपालमा यी पाँच वटा तरिका अब लागू हुन गाह्रो छ। अब किन गाह्रो छ भने तीन वटा मधेश विद्रोह भइसक्यो। जनता सचेत भइसके।

त्यसैले पहिलो, 'प्रिटेन्ड द्याट नथिङ इज रङ'ले काम गर्दैन।

दोस्रो, 'ब्लेम द भिक्टिम'ले पनि सजिलै काम गर्दैन। यो युएनडिपी त एनजिओ हो, यसले नहेर्ला। तर अन्य अधिकारवादी संगठनहरू छन् नि। रेडक्रस होला, अन्य अन्तर्राष्ट्रिय अधिकारवादी संगठनहरू होलान्। अर्को देशका प्रतिनिधिहरू होलान्। पत्रकारहरू होलान्। त्यसले त लेख्छन् नि, यो 'ब्लेम द भिक्टिम' गलत हो है भनेर। बारामा सडक माग्दा गोली हानियो। सडक माग्नु गलत कि गोली हान्नु गलत भन्ने कुरा सामान्य मानिसले अब बुझ्न थालेका छन्। 'बाटो माग्न पनि सडकमा ओर्लिने हो र' भनेर अञ्चलाधीशको जमानाको धाकधम्की अब चल्दैन।

तेस्रो, 'बाई आउट द भोकल सेक्सन' पनि चल्न अब गाह्रो भयो। एउटा सीके लाल हुँदा पो किनिदिन्थ्यो त। अब त यस्ता सीके लाल मधेशमा हजारमा छन्, लाखमा छन्। उनीहरूको साधनस्रोतले नै पुग्दैन। कतिलाई किन्ने ? नेपालमा पनि साउदी अरेबिया र ब्रुनाइमा जस्तो कुँवाबाट तेल निस्किरहेको भए त जम्मै किन्न सकिन्थ्यो। जस्तो कि उनीहरूले त गरिरहेकै पनि छन्। तर यहाँ त्यति धेरै साधनस्रोत छैन। त्यसैले मधेशका सबै भोकल सेक्सनलाई किन्न सकिँदैन।

चौथो उपायका रूपमा 'कन्टिन्यु अफ सप्रेशन' भने केही हदसम्म जाला। केही पछि यो पनि जाँदैन। किनभने आखिर पहाडिया पनि मानिस नै हुन्। त्यो सुरक्षा निकायमा मंगल ग्रहबाट ल्याएका मान्छे राखिने त होइन। त्यहाँ सामान्य पहाडिया जनताले नै काम गर्ने हुन्। तिनका पनि आँखा हुन्छन्। तिनका पनि कान हुन्छन्। तिनले पनि चित्कार सुन्छन्। त्यसैले तिनले मधेशमा निहत्थामाथि सधैं गोली चलाउन सक्दैनन्। रमाएर गोली चलाउन सक्दैनन्। सप्रेसन त्यहाँ गएर रोकिन्छ।

पाँचौं उपाय भनेको 'म्यासिभ डोल आउट' हो। यो पनि अब सधैं लागू हुन गाह्रो छ। किनभने राजनीतिक शक्ति पहाडियाहरूसँग छ। मधेशीलाई सधैं डोल आउट दिने हो भने उनीहरू चुप लागेर बस्न सक्दैनन्, जुन पहाडियाहरूले राजनीतिक शक्ति बनाएर बसेका छन्। कास्की सप्तरीभन्दा दस दोब्बर विकसित छ भन्दैमा सबै पैसा सप्तरीमा दिने हो भने कास्की चुप लागेर बस्दैन। बरू कास्कीले हामीलाई झन् बढी चाहियो भन्छ। लमजुङले हामीलाई झन् बढी चाहियो भन्ला। अर्घाखाँचीले हामीलाई अझ बढी चाहियो भन्ला। भन्दाखेरी म्यासिभ डोल आउटबाट पनि मधेशलाई सधैं उपनिवेश बनाइराख्न सकिँदैन।

अब यी पाँचै वटा अर्थ-राजनीतिक उपायले काम नगर्ने भएपछि राजनीतिक समाधान खोज्नुपर्दछ। त्यो राजनीतिक समाधान के हुनसक्छ त ?

एउटा उपाय त संघीयता हो। पहिचान र सामर्थ्यमा आधारित संघीयताले स्वशासन, सहशासन र समावेशिकतालाई सुनिश्चित गर्दछ। त्यसले रातारात राजा वीरेन्द्रले भनेझैं 'विकासको मूल' त नफुटाउला। तर कमसेकम जनताले विकास भएन त किन भएन, स्कुल बनेन त किन बनेन, भ्रष्टाचार बढ्यो त किन बढ्यो भन्ने कुरा थाहा पाउँछन्। यसरी विकास र सुशासनको प्रक्रिया सुरू हुन्छ।

दोस्रो राजनीतिक उपाय भनेको अटोनोमी अर्थात् स्वशासनको अधिकार दिने हो। स्वशासनको अधिकार दिने भनेको के हो भने 'फेसिलेटेड सेल्फ रूल।' केन्द्रले सहजकर्ताको भूमिका निर्वाह गरिदिने र लगभग सम्पूर्ण अधिकार सम्बन्धित क्षेत्रलाई दिने।

यो देश भनेको एउटा राजनीतिक एकाइ। यो एउटा भूगोल पनि हो। यो देश भनेको संस्कृति, इतिहास, बहुलता हो र यस देशका सबै मानिस यही देशका मानिस हुन् भन्ने भावना सबैमा हुनुपर्दछ।

तर जब हामी विभेदका कुरा गर्छौं, जब हामी संस्थागत विभेदका कुरा गर्छौं, जब हामी राज्यद्वारा उत्प्रेरित शोषणका कुरा गर्छौं भने त्यसलाई राजनीतिक प्रश्नको रूपमा बुझ्नुपर्छ। अर्थ-राजनीतिले पनि भ्याउँदैन। आर्थिकले त भ्याउँदै भ्याउँदैन। किनभने आर्थिक विषय त व्यक्तिको उत्पादकत्वसँग जोडिएको छ।

माओले एक पटक कता भनेका थिए, तिमीहरू के जनता जनता भन्छौ ? जनता भनेको के हो र ! दुई वटा हात काम गर्नलाई, एउटा खानलाई, एउटा हात पछाडिको भाग सफा गर्नलाई। त्योबाहेक मान्छेको के काम छ र !

शासकहरूको मनोवृत्ति धेरै शक्तिशाली भएपछि त्यसो भन्दारहेछन्। र, अर्थशास्त्रले पनि 'एभ्री इन्डिभिजुअल इज एन युनिट अफ प्रोडक्सन' भनेर मात्रै हेर्छ। तर 'एभ्री इन्डिभिजुअल इज अ लिभिङ बिइन्ङ विथ निड एन्ड आस्पाइरेसन' भन्ने दृटिकोणबाट हेर्ने हो भने यी तमाम समस्यालाई राजनीतिक, सांस्कृतिक र सामाजिक प्रश्नको रूपमा बुझ्नुपर्दछ। अनि समाधान खोज्नुपर्दछ।

*समाप्त*

# सरकार नै सीके राउतको मतियार हो

सीके र विप्लवमा धेरै फरक छ । विप्लवहरू संगठित छन्, हतियार उठाउन पनि तयार छन् । सीके राउतको यो आन्दोलन संगठित होइन, खाली एउटा अभियानमात्रै हो । सीके राउत गान्धिवादको सिद्धान्तमा अगाडि बढ्नुभएको छ । म राज्यलई आग्रह गर्न चाहन्छु कि एउटै मुद्दामा पटक-पटक समातेर दु:ख दिने काम नहोस् ।



डा.सुरेन्द्र भण्डारी
वरिष्ठ अधिवक्ता

**० स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतको पक्षमा तपाईंले बहस गरिरहनु भएको छ। राउतले उठाउँदै आएको मागलाई कसरी लिनुभएको छ ?**

– डा.सीके राउतमाथि राज्य विप्लवको मुद्दा लागेको छ। त्यसमा मैले बन्दी प्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च अदालतमा बहस गरेको हुँ । म डा.सीके राउतको पक्षमा उभिनुको केही कारणहरू छन् । सीके राउतले उठाएका मुद्दा मधेशमा रहेको विभेदसँग जोडिएको छ । मधेशमा राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिकलगायत विभिन्न किसिमका विभेदहरू छन् । ती विभेदलाई अन्त्य गर्नुपर्‍यो भन्ने बारेमा सीके राउतले जुन कुरा उठाउनुभएको छ उहाँबाहेक अरू कोहीले उठाउँदा मेरो समर्थन रहन्छ । सीके राउत आफैले आफ्नो बयानमा भन्नुभएको छ कि म यो संविधानभित्र बसेको छु, अदालतको क्षेत्राधिकारलाई स्वीकार गरेको छु र यो लोकतान्त्रिक प्रक्रियाभित्र बसेर नै आफ्ना मागहरूलाई सम्बोधन गराउँछु । भनेपछि यो संविधानभित्र बस्ने व्यक्ति विखण्डनकारी हुन सक्दैनन् । त्यसैले, उहाँमाथि जुन चार्ज लगाइयो त्यसमा म सहमत छैन । सीके राउत भन्ने मान्छे एकदम जिनियस हुन । उहाँ जस्तो मान्छे लोकतान्त्रिक राजनीतिका लागि अति नै महत्वपूर्ण हो । उहाँलाई राज्यले लोकतान्त्रिक राजनीतिको मुख्य धारमा ल्याएर राष्ट्रिय नेताको रूपमा स्थापित गर्नुपर्छ । राज्यले उहाँलाई गिरफ्तार गर्ने, सताउने र दु:ख दिने काम गर्‍यो भने उहाँ विखण्डनकारी नै हो भन्ने कुरामा प्रोत्साहन गर्छ । त्यसैले राज्यको कार्यको विरोधमा म उभिएको हुँ ।

**० तर, डा.सीके राउतले त खुला रूपमै मधेशलाई अलग देश बनाउने अभियान चलाउनुभएको छ नि ?**

– डा. राउतको यो अभियानको विरूद्धमा यसभन्दा अगाडि नै राष्ट्रद्रोहको मुद्दा लागेको थियो र स्वयम् सर्वोच्च अदालतले नै फैसला गरिसकेको छ । कुनै पनि व्यक्तिले कुनै पनि कुरा उठाउन सक्छ भनेर सर्वोच्च अदालतले भनेको थियो । जबसम्म त्यो व्यक्तिले हतियार बोक्दैन, कुनै ध्वंसात्मक कार्य गर्दैन, तबसम्म विचारलाई व्यक्त गर्न दिइनुपर्छ भनेर सर्वोच्चले भनेको छ । त्यसैले डा.राउतले भनेका कुराहरू यदि गलत हो भने उनलाई थुनेर समस्याको समाधान हुन सक्दैन । डा.राउतको कुरा यस कारणले गलत हो, राज्य टुक्र्याएर समस्या समाधान हुँदैन भनेर कन्भिन्स गर्नुपर्छ । सीके राउत भनेको कुनै एउटा व्यक्ति मात्रै होइन, उहाँका पछाडि थुप्रै मान्छेहरूको समर्थन छ, विचार छ । ती मान्छेहरू त्यतिकै समर्थन गरेका होइनन् । राज्यले दमन गरेर, थुनेर समस्याको समाधान हुँदैन । यो समस्याको समाधान भनेको शान्तिपूर्वक छलफल गरेर, विचारहरू आदानप्रदान गरेर गलत विचार छ भने प्रमाणित गरेर मात्र समस्याको समाधान हुन्छ । डा.राउतले विखण्डनको मुद्दा उठाएर मुलुकलाई विखण्डन गर्छ भन्ने कुरामा म विश्वास गर्दिनँ ।

**सरकार यदि राष्ट्रवादी हो भने सीके राउतलाई एउटै मुद्दामा पटक-पटक समाउने काम नगरिकन उहाँसँग पब्लिकली डायलग गरोस् ।**

**० डा.राउतले स्वतन्त्र मधेश अभियानलाई छोड्नुहुन्छ ?**

– स्वतन्त्र मधेश अभियानले मधेशमा भएका विभेदका समस्याहरूलाई उठाउनुपर्छ । त्यसको समाधानका लागि लड्नुपर्छ । राज्य टुक्र्याउने तर्फ लाग्नुहुँदैन । मधेशी पनि नेपाली नागरिक हुन् । हो,मधेशहरूमाथि विभेद भएको हो र त्यसबाट उनीहरूलाई पीडा भएको छ । त्यसैले यस्ता अभियान आएको हो । त्यसैले, चाहे मधेशी होस्, पहाडी होस् वा हिमाली होस् सबै यो मुलुकको समान नागरिक हौं भन्ने अनुभूति गराउनुपर्छ । यदि हामी लोकतान्त्रिक तरिकाले जान चाहयौं भने यो समस्याको समाधान हुनसक्छ । तर, सीके राउतलाई थुनेर, समातेर, उनका समर्थकहरूलाई त्रास देखाएर यो समस्या समाधान हुँदैन । किनभने विखण्डनका थुप्रै उदाहरणहरू हामीले देखेका छौं । दमन गरेर कहिल्यै पनि समस्या समाधान भएको छैन । त्यसैले, अन्तत: डा.राउत सहमत हुनुहुन्छ भन्ने मलाई विश्वास छ । उहाँले आफै भन्नुभएको छ कि म वार्ता गर्न तयार छु । उहाँ यो राष्ट्रलाई बर्बादै गर्नुपर्छ भन्ने विचार राखेको व्यक्ति हो जस्तो मलाई लाग्दैन । उहाँ एउटा जिनियस र वैज्ञानिक हो । उहाँजस्तो व्यक्तिलाई राज्यले कन्भिन्स गर्नुपर्छ ।

**० अहिले जसरी राज्यले पटक-पटक समात्ने, एउटै मुद्दा लगाउने, बिना कुनै प्रमाण महिनौंसम्म थुनिराख्ने जस्ता कार्यले कहीँ राज्यले नै समाधान नचाहेको कि ?**

– राज्यको यस्तो व्यवहारले त झन् समस्या बल्झाउने काम गर्छ । दुनियाँको छुटिन पाउने अभियानलाई हेर्ने हो भने दमन गरेर कहिल्यै पनि समाधान भएको छैन । दमनले झनै चर्को र उग्ररूप लिएको छ । दमन गरिरह्यो भने त्यसको प्रतिरोध गर्ने क्षमताको विकास हुँदै जान्छ र झन्-झन् बढी मान्छे सीके राउतको समर्थन गर्छन् । त्यसले गर्दा भोली भयावह स्थिति आउन सक्छ । त्यो स्थिति नआओस् भनेर आजै सम्बोधन गर्नुपर्छ ।

**० सीके राउतलाई राज्यले नै प्रोमोट गरिरहेको अहिलेसम्मको व्यवहारले देखाएको छ त?**

– सीके राउतप्रति राज्यको व्यवहार हेरेर म पनि अचम्मित छु । मैले पटक-पटक भन्दै आएको छु कि यसरी समस्याको समाधान हुँदैन । उहाँमाथि जुन मुद्दा चलाइयो त्यसमा पनि यस्ता कुराहरू उठिसकेको छ र अदालतले वाक स्वतन्त्रता भनेर भनिसकेको छ । फेरि तिनै विषयलाई उठाएर मुद्दा चलाउन मिल्दैन । एउटै मुद्दामा सफाइ पाइसकेपछि फेरि त्यही विषय उठाएर मुद्दा लगाउन पाइँदैन ।

**० भनेपछि राज्य सीकेको मुद्दालाई गम्भीरतापूर्वक लिएको छैन, समाधान कसरी हुन्छ त ?**

– हिजो सीके राउतलाई थोरै मान्छेले चिन्थे भने आज धेरै चिन्न थालेका छन् । पहिलोपटक उहाँ पक्राउ गर्दा ५० हजार धरौ टी माग गरिएको थियो र त्यो पैसा पनि तिर्न नभएपछि मधेशका ८७ हजार मान्छेले एक/एक रूपैयाँ दिएका थिए । त्यतिबेला एक/एक रूपैयाँ किन दियो भने सीके राउतप्रति उनीहरूको सहानुभूति थियो । यसरी सीके राउतविरूद्ध पटक पटक मुद्दा लगाउने हो भने यति प्रख्यात हुन्छ कि उनको प्रचार राज्यले गरिदिएको छ । यो राज्यको गलत रवैया हो । आज सीके राउतको जुन पहिचान छ, त्यो राज्यले बनाइदिएको हो । त्यसैले, राज्यले सीके राउतलाई सहयोग नै पुर्‍याइरहेको छ । सीके राउतको अभियान गलत छन् भनेर समाजमा छलफल गर्ने, उहाँलाई कन्भिन्स गर्ने र उहाँलाई राजनीतिक मूलधारमा ल्याउने कामले मात्रै विखण्डनको मुद्दालाई विस्थापित गर्न सकिन्छ । तर, राज्य अहिले वास्तवमा सीके राउतको मतियार बनिरहेको छ । यसले मुलुकलाई हित गर्दैन ।

**० सीके र विप्लवको मुद्दामा के भिन्नता छ त ?**

– नेकपाका नेता विप्लवको विषयमा त यसभन्दा पनि बलियो खालको मुद्दा थियो । विस्फोट गराएर मान्छे मार्ने प्रयाससम्मको आरोप थियो । सीके र विप्लवमा धेरै फरक छ । विप्लवहरू संगठित छन्, हतियार उठाउन पनि तयार छन् । सीके राउतको यो आन्दोलन संगठित होइन, खाली एउटा अभियानमात्रै हो । सीके राउत गान्धिवादको सिद्धान्तमा अगाडि बढ्नुभएको छ । म राज्यलई आग्रह गर्न चाहन्छु कि एउटै मुद्दामा पटक-पटक समातेर दु:ख दिने काम नहोस् ।

**० तर, नेकपाका प्रकाण्डलाई समाउँदा अदालतले गैरकानूनी रूपमा समातिएको भनेर रिहा गर्‍यो, जबकि उनीमाथि लगाएका मुद्दा बलियो थियो । तर, सीकेको विरूद्धमा अहिलेसम्म कुनै ठोस प्रमाण पनि फेला परेको छैन नि । यो दोहोरो नीति भएन ?**

– प्रकाण्डलाई समातिएको जुन आधारहरू थिए र सीके राउतको पक्षमा बलियो थियो । तर, सीके राउतको पक्षमा निर्णय हुन सकेन । उहाँको पक्षमा निर्णय हुन सकेन भनेर अदालतलाई गाली गर्न पाइँदैन । सीके राउतको विषय एउटा पेँचिदो बनाउने काम सरकार आफैले गर्दै आएको छ र सरकारले सीके राउतलाई सहयोग गरिरहेको छ । सरकार यदि राष्ट्रवादी हो भने सीके राउतलाई एउटै मुद्दामा पटक-पटक समाउने काम नगरिकन उहाँसँग पब्लिकली डायलग गरोस् । उहाँको विचार गलत छ भनेर स्थापित गर्नुपर्छ, त्यसमा हामी सरकारलाई सहयोग गर्छौं ।

# शीर्ष नेतृत्वले आत्मालोचना गर्नुपर्छ

बहुमतीय प्रणालीबाट अध्यक्षमण्डलको संयोजक परिवर्तन गर्ने निर्णय उचित छैन । अध्यक्षमण्डलका ६ जना पनि विधानभन्दा बाहिर जाने अवस्था थिएन । यो किन हतार भयो भन्ने एउटा प्रश्न नै छलफलको मुख्य विषय रहेको छ ।



जितेन्द्र सिंह
महामन्त्री
राष्ट्रिय जनता पार्टी नेपाल

**० राष्ट्रिय जनता पार्टी नेपालमा संयोजक परिवर्तन भएसँगै पार्टी भित्रको आन्तरिक विवाद चरम सीमामा पुगेको छ नि ?**

– सबैको आ-आफ्नो प्रस्तुती र दृष्टिकोण हुन्छ । राजपामा संयोजक परिवर्तन भएको कुरा पार्टीको वैधानिक प्रक्रिया नै हो । यस विषयमा साथीहरूको जे जस्तो प्रतिक्रिया आएको छ त्यसअनुसार त्यस्तो विवाद पार्टीभित्र देखिएको छैन । राष्ट्रिय जनता पार्टी निर्माणको समयमा नै चक्रीय प्रणालीमा पार्टीलाई अगाडि बढाउने कुरा भएको हो र वैधानिक व्यवस्था पनि यही हो । एकीकरणका बेलामा तत्कालीन तमलोपा ठूलो पार्टीको हैसियतमा थियो । त्यसैले महन्थ ठाकुरजीलाई संयोजकको जिम्मेवारी दिइयो । उहाँको नेतृत्व सन्तोषजनक भएको र सबैको आदरणीय भएका कारण उहाँलाई नेतृत्व दिइएको थियो । अहिले अध्यक्षमण्डलमा चक्रीय प्रणालीबाट जानुपर्छ भन्ने मान्यता पुन: पलाएकाले वैधानिक व्यवस्थाअनुसार नै अहिले यो निर्णय गरिएको हो । बाँकी जति नकारात्मक प्रचारहरू भएका छन् यो सबै राजपाको भलो नचाहने, राजपालाई एउटा वैकल्पिक राजनीतिक शक्तिको रूपमा हेर्न नचाहने व्यक्तिहरूको भ्रमात्मक प्रचार मात्र हो ।

**० यसको मतलब पार्टीभित्रै पनि पार्टीको भलो नचाहनेहरू पनि छन् ?**

– राष्ट्रिय जनता पार्टीका जिम्मेवार व्यक्तिहरूले कहिल्यै नकारात्मक टिकाटिप्पणी गर्नु हुँदैन । यदि कसैले यस्तो गर्छन् भने हामीलाई केही भन्नु छैन ।

**० अध्यक्षमण्डलकै एक नेताले सार्वजनिक रूपमा नै पूर्वसंयोजक महन्थ ठाकुरजीलाई जुन किसिमले आरोपहरू लगाउनु भएको छ यसले पार्टी भित्र चरम विवाद रहेको तपाईलाई लाग्दैन ?**

– जसरी तपाइँले संकेत गर्नुभयो अध्यक्षमण्डलका एक जना जिम्मेबार व्यक्तिले सार्वजनिक रूपमा आफ्ना कुराहरू राख्नु भयो । उहाँको त्यो शैलीसँग हामी पनि सहमत छैनौं । उहाँको अभिव्यक्ति पार्टीको हितमा छैन । हाम्रो सुझाव छ नेताहरू पनि जिम्मेवार हुनुपर्‍यो । उहाँको जवाफमा पनि केही साथीहरू साथीहरू आरोप/प्रत्यारोपमा उत्रिनुभयो । यस्ता गतिविधि पार्टीको हितमा कदापि हुन सक्दैन । नेपालमा एउटा वैकल्पिक राजनीतिक शक्ति निर्माणका लागि नै राष्ट्रिय जनता पार्टी नेपालको निर्माण भएको हो । राजपामा अहिले देखिएको सामान्य विवाद तथा असहमतिलाई पन्छाउँदै अगाडी बढ्नु पर्छ । लोकतान्त्रिक पार्टीभित्र वादविवाद हुनु, छलफल हुनु, सहमति/असमहमति हुनु स्वाभाविक प्रक्रिया हो । स्वभाविक प्रक्रिया अनुसार नै राजपामा केही सहमति असहमतिका कुराहरू भएका छन् । यसलाई लोकतान्त्रिक पक्षधरले सामान्य रूपमा नै लिनुपर्छ । यो लोकतान्त्रिक पार्टी हो, यहाँ यस्ता सानातिना सहमती/विमती र बहस भई नै रहन्छन् ।

**० अध्यक्षमण्डलका एक जिम्मेवार व्यक्तिबाट नै सार्वजनिकरूपमा नकारात्मक अभिव्यक्ति आएपछि पार्टीका अन्य नेता कार्यकर्ताहरूमा कस्तो सन्देश जान्छ त ?**

– हामीले उहाँहरूलाई बारम्बार भनिरहेका छौं कि आफ्ना मनका कुराले पार्टी चलाउने होइन । पार्टी जनताको जनादेश र कार्यकर्ताको मतादेशबाट चल्ने हो । मधेश आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने काम हाम्रो अभिभारा अहिले बाँकी नै छ । नेपालको यो अधुरो संविधानलाई संशोधन गराउनु पर्ने हाम्रो मुख्य दायित्व बाँकी छ । हाम्रा धेरै योद्धाहरू जेलमा हुनुहुन्छ, झुठा मुद्दामा फसाइएका छन्, ती मुद्दाहरू सम्बोधन गराउने काम राजपाको काँधमा रहेको छ भन्ने कुराहरू बिर्सिनु हुँदैन हाम्रा नेताहरू । आफ्नो निजी स्वार्थका लागि पार्टीलाई बदनाम गराउने, राजनीतिक शक्तिलाई कमजोर गराउने काम कसैबाट नहोस् । जजसले सार्वजनिकरूपमा गैरराजनीतिक तरिकाले वक्तव्य दिनुभएका छन्, उहाँहरूलाई चारैतर्फबाट आलोचना भएको छ । अब उहाँहरूले यस्तो गर्नु हुन्न र गर्नु पनि हुँदैन । कुनै पनि विषयमा सहमति असहमति जनाउनुहोस्, छलफल गर्नुहोस् तर अन्त्यमा सहमति र संवादमा गएर पार्टीलाई निष्कर्षमा पुर्‍याउनुहोस् भन्ने मेरो सुझाव छ ।

**० संयोजकप्रति जुन किसिमका आरोपहरू छन्, ती आरोपहरूलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

– अध्यक्षमण्डलको अनौपचारिक बैठकबाट यी कुराहरू मिलिसकेका छन् । अबको समयमा पार्टीलाई अगाडी बढाउने विषयमा सबै नेताहरू सहमत हुनुहुन्छ । समस्यालाई समाधान गर्दै अगाडी बढ्ने एउटा वातावरण निर्माण भएको छ । त्यसैले पुराना कुरालाई कोट्याएर बाटो बिगार्ने काम नगर्दा उचित होला । तर विगतका दिनहरूमा राजपाले जे गर्‍यो त्यो उपलब्धि, जनआन्दोलनमा जनादेश लिनका लागि मतादेश लिनका लागि देखाएको एकता सुझबुझका साथ गरेको नेतृत्व र मधेशी जनताको सहयोग हो । अबको समयमा आएर केही नेताहरूको कार्यशैलीमा परिवर्तन गर्नुपर्ने कुराहरूमा सम्पूर्ण कायकर्ता पंक्तिका दोस्रो तहका नेताहरूको सुझाव आएको छ । उहाँहरूले आफ्नो प्रवृत्तिमा परिवर्तन गर्नैपर्ने हुन्छ । हामीहरूले लिखित तथा मौखिक रूपमा विभिन्न पदाधिकारी, राजनीतिक समितिको बैठकबाट अध्यक्षमण्डललाई पटक-पटक सुझाव दिइरहेका छौं । वक्तव्यबाजीमा कसले कसरी बोल्ने कुराको पुष्टाई तर्फ आज जानुपर्ने सन्दर्भ समयसापेक्ष छैन ।

**० अनुशासनभन्दा बाहिर रहेर बोल्नेहरूलाई कारबाही होला त ?**

– निश्चितरूपमा । पार्टीको अनुशासनभन्दा बाहिर जाने जो कोहीलाई पनि छुट छैन । पार्टीले अनुशासनहीन काम गर्ने र बोल्ने पार्टीलाई अहित हुने गतिविधिमा संलग्न हुने जो सुकैलाई पनि उच्चस्तरीय छानविन गरेर दोषीलाई कारवाही गर्नुपर्छ ।

**० अध्यक्षमण्डलको संयोजक परिवर्तन विधानअनुसार नै हो ?**

– अध्यक्षमण्डलको संयोजक परिवर्तन सर्वसम्मतमा नै भएको देखिएको छ । पार्टीको विधानमा अध्यक्षमण्डलले पार्टी सञ्चालन गरेपनि सबै निर्णयहरू सर्वसम्ममा गर्नु पर्ने व्यवस्था छ । र यो पहिलो पटक बहुमतीय प्रणालीबाट संयोजक परिवर्तन गर्ने प्रक्रिया आयो । यो पनि पार्टीको हितका लागि राम्रो होइन । आजसम्म सबै निर्णयहरू सर्वसम्मतमा भएका थिए तर यो निर्णय पनि सर्वसम्मतमा नै हुनुपर्ने थियो । बहुमतीय प्रणालीमा पार्टी चलाउने कहीं पनि बैधानिक व्यवस्था छैन र सहमतीय प्रणालीमा पार्टी सञ्चालन गर्नुपर्ने हुन्छ । यो निर्णय बहुमतबाट भएको हामीले सुनेका छौँ । त्यसैले हामी सल्लाह गरिरहेका छौं कि अब बहुमतीय प्रणालीबाट अगाडी बढ्ने कि पहिलेकै सहमतीय प्रणालीबाट । पार्टी भित्र कतै पनि अस्विकारको प्रतिक्रिया नआउँदा नआउँदै पनि संयोजक किन बहुमतीय प्रणालीबाट भयो भन्ने प्रश्न सबैको अगाडी खडा भएको छ । बहुमतीय प्रणालीबाट अध्यक्षमण्डलको संयोजक परिवर्तन गर्ने निर्णय उचित थिएन ।

**० भनेपछि संयोजक चयन विधान विपरित भएको हो ?**

– विधान विपरित त होइन, तर नेताहरूले गम्भीर भएर अझै छलफल गरेको भए महन्थ ठाकरजी उक्त निर्णयलाई अस्वीकार गर्ने, विधानभन्दा बाहिर जाने व्यक्ति उहाँ होइन । अध्यक्षमण्डलका ६ जना पनि विधानभन्दा बाहिर जाने अवस्था थिएन । यो किन हतार भयो भन्ने एउटा प्रश्न नै छलफलको मुख्य विषय रहेको छ। अरू जिल्लामा पनि यस्ता समस्याहरू आएको र पछि पार्टी भित्रै छलफल गरि सर्वसम्मत गराइएको घटना पनि हामीसँग छ ।

**० महाधिवेशनको मुखमा आएर संयोजक परिवर्तन हुँदा महाधिवेशनमा कतिको असर पर्ला त ?**

– संयोजक परिवर्तनले महाधिवेशनमा त्यत्ति असर पार्दैन । महन्थ ठाकुरजीले पनि भन्नु भएको छ कि पार्टी भित्र हाम्रो कुनै किसिमको विवाद छैन । यो संयोजक परिवर्तन सामान्य प्रक्रियाबाट नै भएको हो । त्यसैले संयोजक परिवर्तनका कारण महाधिवेशनमा कुनै किसिमको असर पर्दैन ।

**० भनेपछि अब दुई/दुई महिनापछि संयोजक परिवर्तन भइरहन्छ ?**

– तत्कालको निर्णयले हामीलाई त्यहि बाटो देखाउँछ । अहिलेको चक्रीय प्रणाली भन्नाले समयअवधि पुग्दै जाँदा संयोजकत्व हस्तान्तरण हुँदै जान्छ । यहि निर्णयलाई आधार मान्ने हो भने समय अवधि पुग्दा सहजरूपमा नै संयोजक परिर्वतन हुन्छ र हुनै पर्छ ।

**० पार्टीको आन्तरिक विवादको कारण अहिले तपाईहरूको मुख्य माग 'संविधान संशोधन' गौण भएको देखिएको छ नि ?**

– अहिलेको घटनाक्रमले हाम्रो मुख्य माग गौण भयो भन्न मिल्दैन । हाम्रो राजनीतिक मुद्दा यथावत् नै छ । यो माग हाम्रो पार्टीको मात्र नभई यो जनआन्दोलनबाट प्राप्त सम्पूर्ण मधेशवासीको हो । त्यसैले संविधान संशोधन गराउनु हाम्रो प्रमुख दायित्व हो । हामीले सरकारलाई अल्टिमेटम पनि दिइसका छौं कि हाम्रो माग पूरा होस्, संविधान संशोधन होस् । तर सरकारले हाम्रा मागहरूलाई बेवास्ता गर्‍यो भने हामी पुन: नयाँ ढङ्गबाट आन्दोलन गर्नेछौं । पहिलाभन्दा सशक्त तरिकाले आन्दोलन गरी कुनै पनि हालतमा नेपाल सरकारलाई घुँडा टेकाउँछौ । पहिला हामी ६ वटा राजनीतिक दलहरूलाई एक चरित्रमा ढालेर सशक्त रूपमा मधेशको आन्दोलन र शहीदको बलिदानलाई खेर जान नदिनेगरि अगाडी बढ्ने छौँ ।

**० विगतमा फोरमसँग मिलेर आन्दोलन गर्दा त माग पूरा भएन । अहिले फोरम पनि सत्तापक्ष छ, कसरी सरकारको घुँडा टेकाउन सक्नुहुन्छ ?**

– अहिले नेपालको राजनीतिमा मधेशी मात्रको एक मात्र प्रतिनिधित्व गर्ने दल राजपा हो । र यो हाम्रो घमण्ड होइन ।

**० तपाईहरूले सरकारलाई कहिलेसम्मका लागि अल्टिमेटम दिनुभएको छ ?**

– हामीले सरकारलाई छठसम्म हाम्रो माग पुरा भएन भने हामी आन्दोलनमा जान्छौं भनेका थियौं । तर तत्काल पार्टीको आन्तरिक कार्यक्रम तथा महाधिवेशनका कार्यक्रमहरू आए त्यसैले केही ढिला भएको हो । यो कार्यक्रमको छिनोफानो गरे लगत्तै हामी पुन: सरकारलाई एक पटक घच्घकाउने छौं । त्यसपछि पनि सरकारले ध्यान दिएन भने हामी आन्दोलनमा जाने छौँ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रचण्डहरू रेशम जस्तै जेल जानुपर्दैन ?



मनोज कुमार कर्ण

उस्तै आरोप खेप्दै आएका नेकपाका खड्ग बहादुर विश्वकर्मा अदालतबाट समुदायको आधारमा रिहा हुन्छन् र फेरी राज्यलाई चुनौतीदिँदै हतियार, फेटा, लाठी भांज्छन् तर केही हुँदैन । रिपोर्टर्स क्लबमै पत्रकार सम्मेलन गरेर कुनै राजनीतिक समूहले खुकुरी र तरवारनै घुमाउंछैन तर प्रहरीको आंखाले देख्दैन ! एउटै मुद्दामा पटक-पटक पक्राउ पर्दै र छुट्दै आएका स्वतन्त्र मधेश गठन गर्ने भनिएकाको संयोजक सीके राउतलाई पछिल्लो पटक गत असोज २१ गते रौतहटबाट पक्राउ परेका उनको बन्दी प्रत्यक्षीकरणको मुद्दामा तारिख मात्रै दिईंदै आएकामा सर्वोच्च अदालतद्वारा गत सोमबार मुद्दा खारेज भएको छ । प्रहरीको कारण र आग्रह तथा सरकारको ईच्छामा ६ पटक पेशी सर्दै गएको थियो जबकि बन्दीप्रत्यक्षीकरणको उच्च मुद्दा प्राथमिकताको हुन्छ । फेरी डिल्लीबजार चारखालको जेलमा पहिलो पटक राख्दा नै उनलाई यस्तै जाडोमा प्रहरीका केटाहरूले मेसमा खाई सकेर भिजेको भूईंमा रातभरी राख्थे भने उनले अध्ययनमा पाएका अवार्डको विश्वस्तर नेपालका थोरै माईकालालले पाएका व्यक्तित्वलाई सय चोटी कान समातेर उठ्बस् गराईन्थ्यो भने आज के सरकारी अत्याचार उनीमाथि भईराख्या होला, त्यो बुझ्न सकिन्छ । नैतिकवान देशमा यस्ता प्रहरी अधिकृत र अदालती हाकिमले राजीनामा गर्थे । पेनड्राईभ भनिने प्रमाण प्रहरीले अदालतलाई दिने/नदिने कुरो डा. राउतको केसमा ठूल्लो कुरा होइन ।

पछिल्लो नाकाबन्दीको बेला काठमाडौंको सरकारी क्याम्पसहरूमा कथित् प्राध्यापकहरूले 'बरू, मधिसेहरू नयां देश बनाउन् वा उतै जाउन् तर भारतसंग कांडेतार बोर्डरमा लगाउनुपर्छ अब र यताको भागलाई चीनले छिट्टो लेओस्' बोल्थे । यो पहाडी राज्यसत्ताका सरकारलाई धेरै 'राष्ट्रवादी' कुरा लागेको होला किनकि उनीहरू सीके राउत जस्तो 'मधिसे' नभएर '२४ क्यारेटको खांटी राष्ट्रवादी नेपाली' थिए । सवाल यहां यो भयो कि राज्यपक्षबाट संविधान, कानुन, हक, अधिकारको बलात्कार भयो, डा. राउत त्यसको रिएक्सनरी भए अपितु, राज्यको दोहरो मापदण्ड यी कानुन र संविधान तथा मधेशी जनतासंग देखियो । नत्र, सीके राउतलाई बहाना बनाई जेलमा हालिने र मधेशबाहेकलाई चीनमा मिलाउने पहाडी जनतालाई धूप आरती किन उतार्ने ? कुनै मिडियाले त्यस्ता अनुहारहरू किन नल्याउने ? प्रहरीचाहिं यस्ता पहाडीलाई समात्न जांड खाएर सुत्ने अनि यो देशमा रामराज्य आउंछ र विकासको फड्को मार्छ ?

संघीयता भनेर कुनै प्रादेशिक कानुनद्वारा हक तल नदिने यो केन्द्रिय सरकार प्रतिगमनमा पूर्वराजा ब्यूंताउन खोजेको छ भने 'सत्रह हजार मान्छे मारेर' सत्ताको तरमार्ने प्रचण्ड आज नेकपाको अध्यक्ष भई रेशम चौधरीलाई सपथग्रहण नै गर्न नदिई जेलमा राखेको छ भने डा. राउतले त विभेदविरूद्ध केवल चर्को आवाज काठमाडौंका बहिरा सरकार र त्यसका सञ्चालकलाई सुनाउन नयां तरकीब निकालेको हो । प्रचण्डहरूले रेशम जस्तै जेल जानुपर्दैन ? उल्टै गोरखाका नन्दमाया अधिकारीलाई उनको छोरा र श्रीमानसंगै मार्न खोज्ने ? सरकार र प्रधानमन्त्री गणतन्त्र र संघीयताको षड्यन्त्रमा लागेर देशमा बलात्कार, हत्या, अपहरणका घटना हुनलाग्दा दुई-तिहाईको वामसरकारलाई असफल पार्न विपक्षीले गराएको भनी भन्छन् भने ३३ किलो सुन तस्करका अभियुक्तसंग आईजिपीले दुबईमा फोटो खिचाउंछ अनि निर्मला पन्तको आत्माले प्रधानमन्त्रीलाई 'काश ! एउटै सन्तान जन्मेको भए र त्योपनि केवल एउटी छोरी जन्मेकी भए बल्ल तिम्रो ढाकछोप र डायलग उनको बलात्कारमा म यहिं माथिबाट सुन्थें' भनिरहेकी होलीन् ।

आजको मुद्दा भ्रष्ट, अयोग्य, बलात्कारी र तस्करसंरक्षक सम्मिलित सरकारलाई शिकायत गर्नु, बाटो देखाउनु होइन अपितु देशको दुदर्शा र उल्टै संविधान र कानुनको बलात्कार गर्ने मान्छेहरू अधिकारको आवाज उठाउंदा सीके राउत र रेशम चौधरीहरूलाई जेलमा कोच्दै सरकार टिकाउन तथा मधेशी अधिकार संविधान संशोधन गरि नदिन हार्डलाईनर महन्थ ठाकुरलाई ब्याकवार्ड/फोरवार्डको नारामा राजपा फुटाउनमा सरकार र सरकारी संयन्त्र लागेको प्रष्ट पार्नु हो ।

कुरा प्रष्ट छ, सरकार स्वयं राज्य ढुकुटीको दुरूपयोग, स्वप्रचार आदिबाट तत्काल मुक्त होउ, सीके राउतहरूसंग टेबुल टौक गर, उनको जेन्युन मागलाई अविलम्ब सम्बोधन गर, वार्ता गर्न आउंदैन भने प्रतिपक्षी दलहरूसंग सहयोग माग, मानवाधिकारवादी, मीडीयाकर्मीलगायत विश्वविद्यालयको व्यक्तित्वलाई पावरदिई खटाउ । केही पनि गर्न आउंदैन भने अयोग्य र बज्रस्वांठहरूले सरकारमा बस्ने र चलाउने हक छैन किनकि देशको अमूल्य समय प्रतिगमनकारी राजालाई ब्यूंताउनमा बिताउन पाईंदैन ! के आजको सरकार गणतान्त्रिक संविधान र सो को जगमा बनेको हो कि दुलोबाट पूर्वराजाले बनाएको हो ?

गणेशमान सिंह २०४६ सालताका निरंकुश पञ्चायतलाई फाल्न रातभरी नेवारहरूलाई सम्झाउंथे र ठाउंठाउंबाट भोली दरबारविरूद्ध आउलान् ठान्दा एकाधजना आएको देखेर भन्थे 'नेवार भनेको भेडा जात हो !' काठमाडौं कांग्रेसका एकजना खम्बा नेवार नेताले कतै बोल्नु भयो 'नेपालमा तीन प्रकारका नेवार छन् । एउटा राजधानी बाहिर उहिले गएकाहरू, अर्को यहां राजधानीमा व्यवसायमा मस्त नेवारहरू जसलाई को सत्तामा आयो, गयो मतलब छैन र तेस्रो यहांका धनी सम्पन्न तथा सामन्त नेवारहरू जसलाई खान पुगेको छ ।' यसले धेरै प्रष्ट उक्त नेताको भनाईलाई पार्छ किनकि उनी संविधान जारि गर्ने बेला मधेशीहरूले नाकाबन्दी गर्दा फोहर शब्द हाम्रै अगाडी निकाल्थे तर स्वयं आदिवासी जनजाति तथा काठमाडौंको प्रभावशाली नेताभएकोले कहिल्यै मधेशी लाखौंको संख्यामा पागल त हैन बाटामा मर्न आउने भनि उसको कुरा सुन्न र सघाउन चाहेनन् ।

सर्वज्ञ छ, नेता गणेशमानलाई पार्टीमा नेवार भनेरै केवल काठमाडौंको बाटोमा दरबारविरूद्ध मास ल्याउन कांग्रेसका बाहुणे नेताहरूले सधैं युज गरे, राजाहरूले अति पीडा दिए जुन कुरा उनको पञ्चायतै बेलाका विद्यालयको ईतिहासमा हामीले सम्मानित ठाउंमा नाम पढ्यौं । उनलाई बलजफ्ति 'त्यागी'मा उनको सोझो स्वभावलाई चिर्चिराहटमा परिणत गरिदिएर दरिदिए र सबै राजनीतिक अवसर बाहुण-क्षेत्रीहरू (बाक्षे)ले पार्टीबाट खाईदिए भने उनलाई राजा विरेन्द्रसमेतले कुनै बेला 'तिमि' भनेर अपमान गरे जो गणेशमान सिंह उनको बाजे त्रिभुवनको समकक्षी हुन् । अर्थात्, कहिल्यै राजसंस्थाको पक्षमा उनी जान त के कल्पणानै गर्न सकिदैन भने उनको नाम भजाएर नेवारको विरासतवाल भन्दै चुनाव जित्दै छोरो प्रकाशमान सिंह आज बुवाको मार्गदर्शन छोडेर सोल्टी होटलमा पूर्वराजा ज्ञानेन्द्रसंग भेट्न जांदा रहेछन् । के कांग्रेसमा सभापति वा पदपाउन उनले केवल ज्ञानेन्द्र र हिन्दूराज्यनामक नैयां भेटाएको हो ? यति व्यक्तिवादी र स्वार्थी राजनीति कांग्रेसका उच्च नेताको किन ? के यसले मधेशी, आम जनजाति आदिवासी नेवारलगायत सबैको कल्याण हुन्छ ? के प्रकाशमान सिंह माधव नेपालको सरकारमा सुजाता कोइरालाको नेतृत्वमा कांग्रेस सहभागी भएको बेलादेखि देउवा गुट परिवर्तन गरि उट्पट्यांग बोल्दै र गर्दै आएका होइनन् ? हो भने फेरी पद पाउन किन उनै सुजातासंग ? यहां व्यक्तिवादको लागि राजनीतिक परिवर्तन र गणेशमानको राजनीतिक दर्शनसमेतलाई लत्याईएको पाईयो र यसै कारणले होला कि भीमसेनदास प्रधान काठमाडौं कांग्रेस सभापति हुंदा गणेशमानका जयन्तीहरूमा उनलाई मञ्चमा टेक्न दिदैनथे र प्रकाशमान पाटनको अशोक हलमा छुट्टै कार्यक्रमहरू गर्थे !

अर्को नेता हो कांग्रेसका उपसभापति विमलेन्द्र निधि जो पार्टीको आधिकारीक लाईन संघीय लोकतान्त्रिक गणतन्त्रमा उभिरहेका छन् । संयोगपनि कस्तो भने प्रजातान्त्रिक कांग्रेसमा पनि सभापति देउवाका महामन्त्रीहरू विमलेन्द्र निधि र विजय गच्छेदार थिए भने आज दुवैजना उपसभापतिहरूमा ! निधिका पिता पूर्वमहामन्त्री महेन्द्रनारायण निधि गणेशमान सिंह जस्तै कांग्रेसमा बाक्षेहरूबाट सधैं अपमानित भएका तथा दरबारबाट कोपमा पारिएका थिए । महेन्द्रनारायण र गजेन्द्रनारायण सिंहहरूको एउटै 'अपराध' कांग्रेसमा थियो कि उनीहरू मधेशीको बराबरी हक अधिकारको लागि राजनीतिक, आर्थिक, सामाजिक, राज्य पुन:संरचना, गणतन्त्र, संघीयता जस्ता आदि आज मधेशवादी कहलिने दलहरूले टिपेर राजनीतिक मुद्दा बनाएका सबै उठाएका थिए । महेन्द्रनारायण निधिका भाषणहरू संकलीत पुस्तक पढौं हामी र आत्मामा हाथ राखेर भनौं कि आजका मधेशवादी दलले उठाएका कुन मुद्दा महेन्द्रनारायण निधिले नउचालेको हो ? सत्ताधारी बाक्षेको हुंकारले गजेन्द्रनारायणहरू पार्टी छाडे भने महेन्द्रनारायण निधि अपमानको आंशु जीवनभर कांग्रेसमा पीउन बाध्य भए जबकि उनको योगदान कांग्रेस हुर्काउन र राजतन्त्र फाल्न गणेशमानसंगै बीपी कोइरालाभन्दा एक ईञ्च कमी थिएन !

प्रजातान्त्रिक कांग्रेस छंदा २०५८/०५९ सालतिर जंगलमा माओवादीको उत्कर्ष रहेको बेला शेरबहादुर देउवाको सरकारले 'कदमजम' (कर्णाली, दलित, महिला, जनजाति र मधेशी)लाई राज्यको मूलप्रवाहमा ल्याउन प्राईम टार्गेट राखि विकास गर्ने नीति लियो जसलाई माओवादीहरूले चल्न दिएन भने स्वयं गिरिजाप्रसादहरू देउवाको विरोधी भए । यहि नीति पहिलो संविधानसभाको निर्वाचन अघि दुईटा कांग्रेस विधिवत् मिल्दा परिवर्तनलाई स्विकार्दै संघीयतामा जाने आधिकारीक पार्टीको बौटमलाईन बनाए जतिबेलासम्म विजय गच्छेदार मूलकांग्रेसमा पसिसकेका थिए, शरत्सिंह भण्डारीहरू मधेशवादीमा लागिसकेका थिए । एकल विमलेन्द्र निधिको प्रयासले प्रजातान्त्रिक कांग्रेसबाट 'कदमजम'को नारा संघीयताको रूपमा सगोल कांग्रेसमा पस्यो र मधेशवादी दलहरूको नारामा बल पुग्न गई टाउकोमा झरिसकेको कपाल उम्रयो अर्थात्, संघीयताको सार्थक रूप आयो । आज उनै विमलेन्द्र निधिलाई राजेन्द्र महतोले जानिजानि एमाले र केही भारतीय नेताको सहयोगमा ब्याकवार्ड/फोरवार्डको नारामा पच्चपनीयां जातको भोटलिईकन हराईएको छ । माथिको पृष्ठभूमीको अर्थ के हो भने आज नेपालमा व्यक्तिवादी राजनीतिमा लागेका मधेशवादी वा पहाडवादी सबै पार्टीका नेताहरू बरू कथित् हिन्दूत्व र राजा फर्काउने अजेण्डामा पार्टिमा पद र मन्त्री खाने, पार्टीसमेत फुटाउने, असली गणतन्त्र र संघीयता पक्षधर नेताहरूको योगदानलाई धोती लाएर स्वघोषित लिडर बन्ने तर आदिवासी, जनजाति, मधेशीलगायतका माग संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत नगर्ने देखिन्छ । नत्र एउटै पार्टीमा एकै खाले मान्छेसंग हेपिएर नजिक मुद्दा र दोस्तीमा भएका महेन्द्रनारायण निधि र गणेशमान सिंहका छोरा क्रमश: विमलेन्द्र निधि र प्रकाशमान सिंहहरू राज्यबाट के पाएर सन्तुष्ट हुंदै अलग भए अनि प्रकाशमान प्रतिगमनतिर लागे ? यस्तोमा आपसमा सत्ताधारी र विपक्षी दलहरू स्वयंले व्यक्तिवादी राजनीतिमा लागेर संविधान र कानुनको समाज, जात र वर्गपच्छि देशमा अर्थ्याएर अदालतलाई घरको दलान बनाउंदा सीके राउत, रेशम चौधरी, बबन सिंहहरू चुप लाग्लान् कि अझ देशको अखण्डताविरूद्ध बढ्लान् ? यसको दोषी को: राज्य हांक्ने गैरजिम्मेवार पूर्वाग्रही प्रहरी, अदालत र नेताहरू कि माग राख्ने यी जेलवासीहरू ?

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक छन्)*

## देश गृहयुद्धमा जाने खतरा : ठाकुर

काठमाडौं । इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले मुलुकमा पहाडी र मधेशी समूदायबीच एकता कायम गर्दै समान समानुपातिक समावेशितामूलक सिद्धान्तमा आधारित शासन सञ्चालन प्रणाली हुनुपर्ने माग गरेको छ । पार्टीका राष्ट्रिय अध्यक्ष बद्रीनारायण ठाकुरले मुलुकमा पछिल्लो समय पहाडी र मधेशी समूदायबीच दुरी बढ्दै गएको र अन्तरद्वन्द्वका कारण देश आन्तरिक गृह युद्धमा जाने खतरा औंल्याए । उनले मुलुकमा हुनसक्ने आन्तरिक गृह युद्धलाई रोक्नको लागि पनि यथाशक्य दुई समुदायबीच एकता, सद्भाव र समानता कायम गरिनुपर्ने आफ्नो पार्टीको माग रहेको स्पष्ट पारे । त्यस्तै अध्यक्ष ठाकुरले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार यो ९ महिनामा पूर्ण रूपमा असफल भएको दाबीसमेत गरे । वर्तमान सरकारले राजनीतिक अकर्मण्यताको फाईदा उठाउँदै पूर्ण रूपमा व्यापारीकरण गरिरहेको पनि उनको गम्भिर आरोप छ । ठाकुरले प्रधानमन्त्री र मन्त्रीहरूले जनताको हितविपरित काम गर्दै हिँडेको बताउँदै सरकार असफलताको बाटोमा अग्रसर रहेको जिकिर गरे । उनले भने,'वर्तमान राजनीतिक परिपाटीले देश र समाज बन्दैन्, देशको विकास हुँदैन, समाजको भलो हुँदैन, प्रधानमन्त्री ओली सपनाहरू बाँढिरहेका छन्, अन्य मन्त्रीहरू प्रधानमन्त्रीकै शैलीमा गफ गर्दै समय बिताउँदैछन्, विधिको शासनबाटै भ्रष्टाचार भैरहेको छ । अहिले भ्रष्टाचार यसरी मौलाएको छ कि यो अब नियन्त्रणभन्दापनि बाहिर जानेवाला छ । देश दलदलमा भासिएको छ, यो बेला हामी फरक कोणबाट देशको उत्थान र विकास गर्न चाहन्छौं ।' अध्यक्ष ठाकुरले प्रेस विज्ञप्ती वाचन गर्दै भने,'मशेध एवम् राष्ट्रको आवश्यकता, समानता, समानुपातिक, समावेशिता, मधेश तथा राष्ट्रिय समस्या समाधान, नेपाल बचाउ, समाज जोगाउ, आजको आवश्यकता, समान समानुपातिक, समावेशीता नै हाम्रो राष्ट्रको राष्ट्रियता हो ।'

## तिलावे पुलको काम रोकियो

वीरगंज । वीरगञ्ज ठोरी हुलाकी मार्गअन्तर्गत निर्माणाधीन तिलावे पुलको काम ३ महीनादेखि रोकिएको छ । सडक विभागले पुल निर्माणस्थलमा सञ्चालनमा रहेको पुलको डाइभर्सन नदिँदा काम रोकिको हो । निर्माण कम्पनीले तीन महीनाअघि पुलको जग हाल्ने काम पूरा गरिसकेको छ । त्यससँगै सञ्चालनमा रहेको पुल भएर चल्ने सवारीका साधनका लागि डाइभर्सन तयार नहुदा काम अघि बढ्न नसकेको बताइएको छ । नयाँ पुल निर्माणस्थलसँगै रहेको पुरानो पुलबाट अहिले दैनिक सयौं सवारी आवागमन हुन्छ । पुलको पिलर र स्ल्याप ढलानका लागि सञ्चालनमा रहेको पुल छेउको जमीन काट्नु पर्ने र त्यबाट कम्तीमा २ महीना सो पुलबाट आवागम हुन नसक्ने निर्माण कम्पनी पप्पु/लुम्बिनी जेभीका प्राजेक्ट मेनेजर जसुवा अब्राहमले बताए । जमिन काट्दा पुल छेउको जमिन भासिने हुनाले अहिलेको पुरानो पुल सञ्चालन हुन नसक्ने कम्पनीले बतायो । सडक विभाग र निर्माण कम्पनीबीच भएको सम्झौतामा डाइभर्सनको जिम्मा निर्माण कम्पनीको नभएकाले सडक विभागले बनाइदिनुपर्ने अब्राहमले बताए । 'डाइभर्सनको अभाव ३ महीनादेखि काम रोकिएको छ । यसको व्यवस्था नभई काम अघि बढाउन सक्ने अवस्था छैन,' उनले भने ।

## बाखा व्यवसाय केन्द्र उद्घाटन

नेपालगन्ज । बाँकेमा बाखा व्यवसाय केन्द्र उद्घाटन भएको छ । कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनालले बाँकेको महादेवपुरीमा बाँके बाखा व्यवसाय केन्द्रको उद्घाटन गरेका हुन् । मन्त्री खनालले साना किसानलाई सहयोग हुने गरी नीतिगत व्यवस्था गरिने बताएका छन् । उनले बाखा पालनमा लागेका साना किसानलाई सहयोग गर्ने नीतिगत व्यवस्था हुनुपर्ने बताए । मन्त्री खनालले बाँकेलाई बाखा उत्पादन हुने जिल्लाको रूपमा चिनाउन किसानलाई आग्रहसमेत गरे ।

## मधेश अपडेट

### कर्मचारी सुध्रिएनन् : प्रचण्ड

तौलिहव । पूर्व प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले देश विकासमा सबै दलको सहकार्य आवश्यक रहेको कुरामा जोड दिएका छन् । दशौं कपिलवस्तु महोत्सवको उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले देशमा ठूला ठूला राजनीतिक परिवर्तन सबै दलको सहमती र सहकार्यबाट भएको भन्दै आर्थिक समृद्धिको नारालाई अगाडी बढाउनका लागि पनि सबै दलको सहकार्य आवश्यक रहेकोमा जोड दिए । 'देशमा ठूला ठूला परिवर्तन ल्याउन कम्युनिष्ट, कांग्रेस मिल्यौं, अब आर्थिक समृद्धिको लागि पनि सहकार्य गरौं प्रचण्डले भन्नुभयो, अबको १० बर्षमा देश संसारको नमुना बन्छ ।' देशमा राणा, राजा, पञ्चायत र राजा फालेर परिवर्तन आएपनि संस्कार फेर्न नसकिएको भन्दै चिन्ता व्यक्त गरे । 'देश विकासमा मैले तीन महत्वपूर्ण पक्ष बाधक देखेको छु प्रचण्डले भावुक मुद्रामा भने, 'पुराना ऐन कानुन, कर्मचारीको कार्यशैली र विगतको संस्कार ।' यी कुराले ठूला ठूला परिवर्तनलाई जनताले अनूभुति गर्न सकिरहेका छैनन । देशमा संविधान जारी हुनु, नेकपाले बहुमत प्राप्त गर्नु जस्ता उपलब्धी पाएर पनि जनताले त्यो अनूभूति गर्न नसक्नुमा कर्मचारीतन्त्रको कार्यशैली प्रमुख रहेको बताए ।

### सबै मधेशी एक हुनुपर्छ : मुख्यमन्त्री राउत

कपिलवस्तु । प्रदेश नं २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले सबै मधेशी एक ठाउँमा उभिनुपर्ने बताएका छन् । सबै मधेशी एक ठाउँमा भएपछि मधेशीका हकअधिकार सुनिश्चित हुने बताएका हुन् । कपिलवस्तुको कृष्णनगरमा आयोजित सङ्घीय समाजवादी फोरम नेपालको कार्यकर्ता भेटघाट कार्यक्रममा उनले सो कुरा बताएका हुन् । उनले भने, "एमाले, माओवादी केन्द्र एकीकरण गरी एक ठाउँमा उभिएका छन् तर हामी मधेशी आफैं फरकफरक पार्टीमा रहेर हकअधिकारबाट बञ्चित भएका छौं ।" मधेशमा नागरिकता जस्ता महत्वपूर्ण हकअधिकार प्राप्तिका लागि एक भएर अघि बढ्नुपर्नेमा उनको जोड थियो ।

### "सरकार क्रिश्चियन धर्मको प्रचारमा लाग्यो"

वीरगंज । हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष संतोष पटेलले गद्दार नेताका कारण सम्पूर्ण नेपालीको पहिचान गुमेको भन्दै कडा आपत्ति प्रकट गरेका छन् । नेपाललाई पुन: हिन्दू राष्ट्र घोषणा गराउनका लागि संघर्ष जारी रहेको र धार्मिक सामाजिक कार्य गरी संगठन निर्माण कार्य गरिरहेको बताए । यस कार्यमा सक्रियताका साथ लाग्न हिन्दू परिषद्का सम्पूर्ण जिम्मेवार साथीहरूलाई आग्रह गरेका थिए । सरकार आफैं क्रिश्चियन धर्मको प्रचारमा लागेको आरोप लगाएका छन् । क्रिश्चियन धर्मको प्रचार गर्ने उद्देश्यले काठमाडौंमा गर्न लागिएको 'एसिया प्यासेफिक समिट-२०१८' लाई सहयोग गरेर सरकारले देशमा धर्मान्तरका लागि सहयोग गरेको आरोप लगाएका हुन् । धर्ममान्तरमा कुख्याति कमाएका संस्थालाई सरकार प्रश्रय दिएर 'जो रक्षक उही भक्षक' भन्ने चरित्र देखाएको बताए । उनले क्रिश्चियनसँग पैसा खाएर नेपाली नेताहरूले ॐ कार परिवार र सनातन हिन्दू धर्म सिध्याउन लागिपरेको आरोप लगाए । नेताहरूले दोहोरो चरित्र देखाएको आरोप उनले लगाएका छन् । बाहिर हिन्दू भने पनि भित्रभित्रै पैसा खाएर क्रिश्चियनको प्रचारमा लागेको उनको आरोप छ ।

### "महिला स्वयम्सेविकाको उचित मूल्यांकन होस्"

जनकपुरधाम । प्रदेश २ की प्रदेशसभा सदस्य रानी शर्मा तिवारीले महिला स्वयम्सेविकाहरू उपेक्षामा परेको भन्दै प्रदेशसभालाई ध्यानाकर्षण गराएकी छन् । प्रदेश २ को सोमबार बसेको प्रदेशसभा बैठकमा सांसद तिवारीले महिला स्वयम्सेविकाहरू विभिन्न किसिमका स्वास्थ्य शिविर तथा सामाजिक कार्यमा खटिँदा उनीहरूले पाउने भत्ता अति न्यून भएकोले प्रदेश सरकारले उचित मूल्यांकन गर्नुपर्ने माग गरेकी छन् । राजपा नेपालकी वरिष्ठ उपाध्यक्षसमेत रहेकी तिवारीले भनिन्, 'जस्तोसुकै परिस्थितिमा महिला स्वयम्सेविकाहरू सेवा पुर्‍याउन जान्छन् तर, उनीहरूले पाउने भत्ता अति कम हुन्छ ।' उनी भन्छिन्, 'वार्ड सदस्यहरूमा जितेकाहरूले कम्तीमा सात/आठ हजार महिनाको तलब भत्ता पाउँछन् तर महिला स्वयम्सेविकाहरूलाई सात सय देखि एक हजारसम्म मात्र दिने गरिएको छ । तर, महिला स्वयम्सेविकाहरूमाथि अन्याय हुँदै आएको छ ।' प्रदेशका महिला स्वयम्सेविकाहरूको कामको उचित मूल्यांकन गरी सम्मानजनकरूपमा तलब भत्ताको व्यवस्था हुनुपर्ने माग उनले गरेकी छन् ।

### राज्यको अक्षमता : शान्ति समाज

विराटनगर । राज्यले कञ्चनपुर घटनाका दोषी पहिचान गर्न नसकेको भन्दै मानव अधिकार तथा शान्ति समाजले कडा आलोचना गरेको छ । विराटनगरमा सम्पन्न मानव अधिकार तथा शान्ति समाजको शनिबार दुई दिवसीय २१औं राष्ट्रिय परिषद् बैठक, महिला र बालबालिकाको विशेष सुरक्षाका लागि संवेदनशील बन्न आग्रह, संक्रमणकालीन न्याय प्रक्रियालाई टुंङ्गोमा पुर्याउन आग्रह, मानव अधिकार रक्षक सुरक्षामा संवेदनशील बन्न आग्रह, जगत्मुखी, जीवनमुखी, सेवामुखी उद्देश्य लगायतका विषयमा प्रस्ताव पारित गर्दै सम्पन्न भएको छ । राष्ट्रिय परिषद्को उद्घाटन सत्रमा बोल्दै समाजका संस्थापक सभापति कृष्ण पहाडीले राजनीतिक तथा नागरिक समाजको आवरणमा केही व्यक्ति र संस्थाहरूले घृणा र विखण्डनको पृष्ठपोषण गरेको बेला त्यो प्रवृत्तिको विरूद्धमा शान्ति समाज चट्टान जस्तो उभिएको स्मरण गर्दै त्यस्तो प्रवृत्ति विरूद्ध आवश्यकता परे फेरि शक्तिशाली नागरिक आन्दोलन थालिने बताएका थिए । घृणाको वकालत गर्नेहरू मानव अधिकार रक्षक हुन नसक्ने मान्यतासहित राष्ट्रिय परिषद् बैठकद्वारा पाँच बुँदे प्रस्ताव पारित भएको छ ।

### औद्योगिकीकरणमा जोड दिनुपर्छ :मुख्यमन्त्री

रूपन्देही । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले बद्लिंदो परिस्थितिअनुसार प्रविधिको उपयोग र परम्परागत प्रणालीको विस्थापन आजका उद्योगको समस्या भएको बताएका छन् । रूपन्देही उद्योग सङ्घको ४१ औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै उनले ट्रेडको विजनेशलाई कम गर्दै उत्पादनमूलक उद्योगको विकास र व्यवसायको जर्गेना गर्न नसक्दासम्म देशको आर्थिक विकास तथा औद्योगिकीकरण हुन नसक्ने बताए । मुख्यमन्त्री पोखरेलले औद्योगिक विकासका लागि औद्योगिक क्षेत्रको स्थापना र यसको संरक्षण कसरी गर्न सकिन्छ भनेर प्रदेश सरकारले गम्भीरतापूर्वक अध्ययन गरिरहेको उल्लेख गर्दै प्रदेश सरकारको जिम्मामा नआउने औद्योगिक क्षेत्रका बारेमा कुनै काम गर्न नसक्ने बताए ।

### गौर खुल्ला दिसामुक्त घोषणा

रौतहट । रंगारंग कार्यक्रमकाबीच गौर नगरपालिका जिल्लाको १४औं खुल्ला दिसामुक्त नगरपालिका घोषणा भएको छ । नगरस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिद्वारा आयोजित खुल्ला दिसामुक्त घोषणा समारोहमा संघीय सांसद अनिल कुमार झा, प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालले संयुक्तरूपमा गौर नगरपालिकालाई खुल्ला दिसामुक्त नगरपालिका घोषणा गरेका छन् । नगरप्रमुख अजय कुमार गुप्ताको सभापतित्वमा भएको कार्यक्रममा सम्बोधन गर्दै सांसद अनिल कुमार झाले खुल्ला दिसामुक्त घोषणापछि पनि सरसफाई कार्यक्रमको पूर्णता दिनुपर्ने बताएका छन् । उनले सतप्रतिशत कुनै पनि कार्य संभव नभएकोले भएका कमी कमजोरीलाई सच्याउँदै अगाडी बढ्दै जानू पर्ने धारणा राखे ।

### उपाध्यक्ष र सदस्यको शपथ ग्रहण

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेल तथा सदस्यद्वय मीना भण्डारी र पूर्ण लक्समलाई एक समारोहबीच पद तथा गोपनियताको शपथ गराएका छन् । सो अवसरमा मुख्यमन्त्री राईले समग्र प्रदेशको विकास र समृद्धिका लागि तत्कालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिदैं सिद्धान्त र नीति घोकेर मात्र विकास हुदैन, यसका लागि स्पष्ट खाका र ढाचा बनाउनुपर्छ, जनताका भावना र चाहनालाई केन्द्रबिन्दुमा राखेर योजना बनाउन आयोगलाई सुझाव दिए । प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले जनतालाई आत्मनिर्भर बनाउने खालका योजना भएमा मात्र प्रदेशमा विकासको लहर जाग्ने बताए ।

# ‘अपाङ दिवस’ को सट्टा ‘भिन्न दिवस’



सुधा मिश्र

हरेक वर्ष जस्तै यो वर्ष पनि डिसेम्वर ३ अपाङ्ग दिवस भनेर थुप्रै कार्यक्रम आयोजना गरि मनाइयो । सर्वप्रथम सन् १९९२ मा डिसेम्बर ३ मनाउन शुरू गरेको अपाङ्ग दिवस यो वर्ष पनि निरन्तरता दिइयो संयुक्त राष्ट्र संघको नारा ‘अपाङ्गगता भएका व्यक्तिहरूको सशक्तिकरण समावेशिता र समानताको सुनिश्चितता ’साथ यो दिवस मनाइयो ।

हुनत नेपालमा अपाङ्गगताको तथ्यांक भए अनुसारको देखिएको छैन । परिवार र समाजले लुकाएका हुनाले यसको सहि तथ्यांक आउन सकेको छैन । तथ्यांक अनुसार ६ लाख अपाङ्गगता मध्ये एक तिहाईले मात्र अपाङ्गगताको परिचय पत्र पाएका छन् । त्यस मध्ये ५प्रतिशत मात्र सरकारी सेवामा कार्यरत छन् । धेरैले छुट्टाएका छन् भने धेरैलाई छुट्टाइएको छ ।

नेपाल एउटा गणतान्त्रिक संघिय मुलुकमा परिणत भइसकेको कारण हरेक निकायमा अपाङ्गको उपस्थिति हुनु अति आवश्यक छ हुनत सरकारले अपाङ्गको लागि बजेट छुट्टाएको होइन तर पनि यसको सहिरूपले कार्यान्वयन हुन सकेको छैन । नेपाल अपाङ्गमैत्री मुलक भनेर यो वर्ष ‘मलाई गणना गर ,समावेश गर’नाराको साथ देशमा अपाङ्ग दिवस मनाइयो ।



धेरै सोच विचार गरेर नै अपाङ्ग दिवस मनाउन शुरूवात गरयको होला ।तर वास्तवमा कसैलाई अपाङ्ग भन्नु उपयुक्त देखिदैन ।कसलाइ अपाङ्ग भन्ने ? हात नभएकालाई ? खुट्टा नभएकालाई ? बोल्न र हात चलाउन नसक्नेलाई ? यदि यिनीहरूलाई नै अपाङ्गताको चिन्ह दिने हो भने यिनीहरू कैयौ सपाङ्गगता भन्दा विशेष छन् । यिनीहरू महान छन् साहित्यकार पारिजात प्यारालाइज भएर पनि महान भइन । क्षमक धिमिरे हात हात नभएर पनि महान् छिन । खुट्टा नभएका पनि सर्वोच्च शिखर चढे । यति मात्रै कहाँ हो र स्टेकन हाकिगा वैज्ञानिकहरूले महान् वैज्ञानिक अल्बर्ट आइन्सटेन ले जस्तै काम गरेर विश्वलाई सहयोग र सेवा गरे ।

त्यसैले ‘अपाङ्ग दिवस’ को सट्टामा ‘भिन्न दिवस’ भनेर मनाइयो भने उनिहरूको यर्थाथमा सम्मान हुने थियो । उनिहरू अपाङ्ग होइनन् केहि फरक छैन विषश छन् । उनिहरूलाई दया होइन सहयोगी हातको खाँचो छ । जो उनिहरू कोहिबाट पाइरहेका छैनन् ।उनिहरू प्रतिको विश्वासको खाँचो छ । उनिहरूलाई सम्मानको खाँचो छ । जो उनिहरू कहिबाट पाईरहेका छैनन् । न त राज्यबाट पाइरहेका रहेको छन् नत जनता बाट नै ।

संसारका सबै प्राणी इश्वरका रचना हुन । उनका सबै रचना एक आपसमा फरक छन् ।कुनै पनि एक अर्का जस्तो छैनन् । त्यसैले सबै विशेष छन् किनकि हरेक मान्छेको आफ्नो विशेषता र आफ्नै कमजोर पक्ष हुन्छ । ‘**no one is perfect except the god** ’ त्यसैले यहाँ एक अर्काको पुरक हुनु आवस्यक छ । सबैलाई सबैको खाँचो छ । एकलाई अर्काको सहयोग चाहिएको छ । कसैलाई भौतिक त कसैलाई मानसिक ।कसैलाई सामाजिक त कसैलाई राजनीतिक एकअर्काको सहयोग बिना सबै अपुर्ण छन् । त्यसैले संसारका सबै प्राणी अपाङ्ग छन् । कोई सपाङ्ग छैनन् नत्र किन एकलाई अर्काको सहयोग चाहिन्थ्यो र ? त्यसैले कसैले कसैलाई अपाङ्ग भन्नु उसको नीच विचार देखिन्छ । उ नै नैतिकता विहिन देखिन्छ । “**all god creatures are great** ” धर्तीका सबै मनुष्य विशेष छन् । अद्भुत छन् । चमत्कारिक छन् । अमुल्य छन् ।यति मात्रै कहाँ हो र ? सबलाई इश्वरले जन्माएका छन् । सबै इश्वर छन् ।सबैलाई मेरो हृदय देखि नमन ।

# सामाजिकता खलबलिने आशंका

जलेश्वर । नापी कार्यालय महोत्तरीलाई विभागले नक्सासहित सबै श्रेस्ताहरू बर्दिबास कार्यालयलाई अविलम्ब पठाउन गरेको पत्राचारपश्चात जलेश्वरका व्यापारीहरू पुनः आन्दोलित हुने देखिएको छ । नापी कार्यालय महोत्तरीलाई नापी विभागले पठाएको पत्रमा नापी कार्यालय, बर्दिबास स्थापनाकालदेखि नै कामविहिन रहेको बुझिन आएको हुँदा अविलम्ब सो कार्यालयलाई नक्सा श्रेस्ता हस्तान्तरण गर्ने व्यवस्था मिलाई सो को जानकारी यस विभागलाई पठाइदिन उल्लेख छ। वुधबार नापी कार्यालय महोत्तरीलाई प्राप्त भएको सो पत्राचारबारे जलेश्वरका व्यापारीहरूलाई जानकारी भएपछि व्यापारीहरू यसलाई रोक्नको लागि आन्दोलित हुने बताएको छ । जलेश्वर उद्योग वाणिज्य संघका सदस्य शिवचन्द्र चौधरीले आफुहरूले यो भन्दा अगाडी गरेको सहमति विपरित श्रेस्ता तथा नक्साहरू पठाइए आफुहरू आन्दोलित हुनुको विकल्प नभएको बताए । उनले नापी विभागको पत्राचारबारे जानकारी पाएपछि बिहिबार नै यस विषयमा के गर्ने/नगर्नेबारे सर्वपक्षिय बैठक बोलाइएको बताउनुहुदै सो निर्णयपश्चात नै केही भन्न सकिने बताए ।

उहाँले २०७२ सालमा मालपोत र नापी कार्यालय बर्दिबास लग्ने क्रममा समेत यसरी नै गुपचुप रूपमा श्रेस्ता लग्ने कार्यभएपछि उद्योग वाणिज्य संघको अगुवाईमा विरोध भएको र सो समयमा तत्कालित प्रमुख जिल्ला अधिकारी दिपक काँफ्लेको अध्यक्षतामा बसेको सर्वपक्षिय बैठकले तत्कालको लागि श्रेस्ताहरू नलग्ने निर्णय भएको थियो । त्यसैगरी सो श्रेस्ताहरूलाई व्यवस्थापन गर्न अविलम्ब जिल्ला स्थित राजनितिकदल र सरोकारबालाहरूको बैठक बोलाउने निर्णय गरिएको थियो ।

यो भन्दा अगाडी नै २०६९ सालमा एकिकृत सेवा केन्द्रको विषयमा यसरी नै जलेश्वर र बर्दिबास महिनौदिनसम्म आन्दोलित भएका थिए । सरकारले एकिकृत सेवा केन्द्र निर्देशिका २०६९ वमोजिम विभिन्न सेवाहरू सदरमुकाम जलेश्वरबाट बर्दिबास सार्ने निर्णय गर्दा सामाजिकता खलबलिने गरि महिनौदिनसम्म जलेश्वर र बर्दिबासमा आन्दोलनहरू भएको थियो ।

सोही विषयलाई लिएर वि.सं.२०६९ साल पुस १९ गते तत्कालिन प्रमुख जिल्ला अधिकारी मधुसुदन बुर्लाकोटीको अध्यक्षतामा बसेको सर्वदलिय र सर्वपक्षिय भेलाले बर्दिबास र गौशालामा एकिकृत सेवा केन्द्र स्थापना गरी कार्य संचालन गराउने, करदाता सेवा कार्यालय जलेश्वरमा स्थापना गर्न अर्थमन्त्रालयलाई अनुरोध गर्ने, यातायात कार्यालयको युनिट कार्यालय जलेश्वरमा स्थापनाको लागि सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको थियो । तर सो निर्णय अनुसार एकिकृत सेवा केन्द्र बर्दिबासमा मात्रै स्थापना भएको बताउँदै उद्योग वाणिज्य संघका सदस्य चौधरीले भने,‘सरकारले हामीलाई झुक्याउने काम मात्रै गरेको छ, सहमति अनुसार अन्य कार्यालय खोई त जलेश्वरमा ल्यायो ?’

सरकारले सधै नै राजमार्ग र दक्षिणी क्षेत्रलाई लडाउने गरी कामकाज गरिरहेको बताउनुहुदै उहाँले अब यो काम सह्रय नहुने दावी समेत गर्ने ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलले फेरी पनि यसक्षेत्रमा सामाजिकता खलबलिने गरि गतिविधि हुन थालेको बताउनुहुदै सबैपक्षलाई संयमतापूर्वक अगाडी बढन आग्रह गरेका छन् ।

यता, सोमबार मात्रै प्रदेश नम्बर-२ को प्रदेशसभा बैठकमै राजपाकी नेतृ एबम् प्रदेशसभा सदस्य सुरीताकुमारी साहले बर्दिवासका सबै सरकारी कार्यालय झिक्नुपर्ने बताउनुभएपछि बर्दिबासबासीहरू आक्रोशित भएका छन् । सो आक्रोशमा मंगलबार पूर्वपश्चिम राजमार्ग एकघण्टा बन्द समेत गरिएको थियो ।

जलेश्वरका व्यापारीहरूले नापी कार्यालयको श्रेस्ता लैजान नदिनेभएपछि फेरी बर्दिबासबासीहरू समेत आन्दोलित हुने जनाइएको छ । बर्दिबासमा स्थापनाकालदेखि नै नापी कार्यालय कामविहीन अवस्थामा रहेको छ ।


“घर शान्ति नै विश्व शान्तिको आधार : दिगो विकासका लागि लैङ्गिक हिंसारहित समाज”

"From the peace in the home to peace in the world make education sage fot all"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# योग समितिको भवन शिलान्यास



**राम नारायण पंडित,** सिरहा । सिरहाको मिर्चैयामा पतञ्जली योग समितिको भवन एक शिलान्यास गरिएको छ । योगलाई निरन्तारता दिनका लागि मिर्चैया नगरपालिका बडा नं. ८ स्थित भबनको सिरहा निर्वाचन क्षेत्र नं. ४ ‘क’ का प्रदेशसभा सदस्य दिलिप साहले मंगलबार शिलान्यस गरेका छन् । भवन शिलान्यास गर्दै सांसद साहले संसदीय बिकास कोषको १४ लाख रकम भवन निर्माण लागि सहयोग गर्ने प्रतिबिद्धता ब्यक्त गरेका छन् । उक्त कममा भवन निर्माणका लागि बिभिन्न ब्यक्तिहरूले सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरेका हुन् । भवनका लागि रामभरोस साह मेमोरियल ट्रष्ट मिर्चैयाका अध्यक्ष तथा समाजसेवी रामप्रताप साह (भोला) ले दुई कठ्ठा जग्गा दान गरेका छन् । जग्गाको अनुमानित मूल्य करिब ३० लाख रूपैयाँ रहेको बताइएको छ । भवनको निर्माण २०७५ भित्रै सम्पन्न गर्ने लक्ष्य रहेको आयोजकले जनाएको छ । मिर्चैया नगरपालिका बडा नं. ८ का वडाध्यक्ष जगत नारायण यादवको अध्यक्षता तथा सिरहा निर्वाचन क्षेत्र नं. ४ को ‘क’ प्रदेशसभाका सांसद दिलिप साहको प्रमुख अतिथ्यमा भएको कार्यकममा पतञ्जली योग समिति प्रदेश नं. २ का प्रमुख हरिहर चौधरी, पतञ्जली योग समिति मिर्चैयाका अध्यक्ष अकलदेव सिंह, उपाध्यक्ष भरत महासेठ, सचिव रामप्रताप यादव, सल्लाहकार प्रदीप तिवारी, सिकिया यादब, सशस्त्र प्रहरी बल बेश क्याम्प मिर्चैयाका डिएसपी गहेन्द्र बहादुर भण्डारी लगायत व्यापारी, बुद्धिजीवी, नागरिक समाज, स्थानीयबासी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । पतंजली योग समिति मिर्चैयाको आयोजना भएको कार्यकममा बिभिन्न क्षेत्रका व्यक्तिहरूलाई सम्मान समेत गरिएको थियो ।

## संक्षिप्त समाचार

### प्रदेश प्रमुख झाद्वारा बैठक आह्वान

रूपन्देही । प्रदेश नं ५ का प्रमुख उमाकान्त झाले आगामी मङ्सिर २६ गतेका लागि प्रदेशसभाको बैठक आह्वान गरेका छन् । मुख्यमन्त्री शङ्कर पोखरेलको सिफारिशमा संविधानको धारा १८३ को उपधारा १ बमोजिम आगामी मङ्सिर २६ गते दिनको १ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गरेको प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यसअघि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको बैठक आह्वान गर्नका लागि प्रदेश प्रमुखलाई अनुरोध गर्ने निर्णय गरेको थियो ।

### बिहान र बेलुका टिपर चलाउन रोक

विराटनगर । प्रदेश नं १ मा आगामी पुस १ गतेदेखि बिहान र बेलुका दुई/दुई घण्टा टिपर चलाउन रोक लगाइएको छ । टिपरका कारण दुर्घटना बढेपछि प्रदेश नं १ ट्राफिक प्रहरी कार्यालयले बिहान ९ देखि ११ बजेसम्म र दिउँसो ३ देखि ५ बजेसम्म मुख्य राजमार्ग र सहायक मार्गमा टिपर चलाउन रोक लगाएको हो । सो समयमा सडकमा बढी चाप हुने भएकाले टिपर चलाउन रोक लगाइएको प्रदेश नं ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

### प्रदेशस्तरीय प्रशंसनीय खोज सम्मेलन

भैरहवा । भैरहवामा मंगलबारदेखि प्रदेशस्तरीय प्रशंसनीय खोज सम्मेलन सुरू भएको छ । सम्मेलनको उद्घाटन प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले गरेका छन् । उनले प्रदेशको समृद्धिका आधार कृषि, पर्यटन, उद्योग र व्यापार भएको बताएका छन् । उनले भने, ‘समृद्ध प्रदेश, खुशी जनता’ भन्ने मूल अभिप्रायका साथ हामी अगाडि बढिरहेका छौँ, हामीले मूलतः कृषि, पर्यटन, उद्योग र व्यापारमा जोड दिएर प्रदेशलाई समुन्नत बनाउने लक्ष्य लिएका छौँ ।” तीन दिनसम्म चल्ने प्रशंसनीय खोज सम्मेलनको उद्घाटन समारोहलाई डेभिड कोपीराइडर सेन्टर, अमेरिकाका निर्देशक प्राध्यापक लिन्डसी गुडविनले विश्वभरि प्रशंनीय खोज अभियान चलाइएको बताए ।

### प्रधानसेनापतिद्वारा निरीक्षण भ्रमण

कैलाली । प्रधानसेनापति पूर्णचन्द्र थापाले दिपायलस्थित श्री सुदूरपश्चिम पृतना हे.क्वा., धनगढीस्थित श्री नं.५ बाहिनी अड्डा र बोराडाँडीस्थित श्री नं.७ युद्धकवच गुल्मको निरीक्षण भ्रमण गरेका छन् । निरीक्षण भ्रमणको क्रममा प्रधानसेनापति थापाले उक्त पृतना, बाहिनी र गुल्मको स्थलगत बस्तुस्थिति, तालिम, बन्दोबस्तीलगायत अन्य विविध पक्षबारे जानकारी हासिल गर्नुको साथै सकलदर्जालाई सम्बोधन गरेका थिए ।

### यातायात व्यवसायीमा हमाल

कपिलवस्तु । कपिलवस्तु यातायात व्यवसायी समिति तौलिहवाको नवौ अधिवेशनबाट सन्तोष हमाल निर्वा्चित भएका छन् । सन्तोष हमालले ३६ मत ल्यायार अध्यक्ष पदमा निर्वा्चित भए भने उनका प्रतिसप्रर्धी मोहम्मद स्तियाक हलुवाइले २६ मत प्राप्त गरे । समितिको उपाध्यक्षयमा राज कुमार पाण्डेय,सचिवमा परशुराम कहार,सह सचिवमा राधेलाल गुप्ता, कोषध्यक्षमा यमन प्रकाश चौधरी निर्वा्चित भएका छन् । त्यस्तै सदस्यहरूमा कृष्ण प्रसाद कान्दु,बब्लु काहार, घनश्याम कान्दु,देवीशरण चौधरी निर्वा्चित भएको निर्वाचन अधिकृत राजु प्रसाद अर्याले बताएका छन् । नव निर्वा्चित अध्यक्ष हमालले यातायात व्यावसायीहरूको हकहितको पक्षमा काम गर्ने प्रतिवद्धता जनाएका छन् ।

### अग्निपीडितलाई आर्थिक सहयोग

मोरङ । यहाँस्थित उर्लाबारी उद्योग वाणिज्य संघले दुई साताअघि भएको आगलागीबाट पीडित तीन व्यवसायीलाई आर्थिक सहयोग गरेको छ । सङ्घले राहत सङ्कलन समितिको निर्माण गरी सङ्कलित रकम आगलागी पीडित उर्लाबारी -७ का भक्तिराम अधिकारी, अञ्जना कार्की र गणेश बोहरालाई हस्तान्तरण गरेको हो । अधिकारीलाई रू तीन लाख २० हजार, अनु-अनुसा किराना पसलका सञ्चालिका अञ्जना कार्कीलाई रू एक लाख ३० हजार र भोजपुरे भाँडा पसलका सञ्चालक गणेश बोहरालाई रू ४० हजार सहयोग गरिएको सङ्घका अध्यक्ष प्रीतम खड्गीले जानकारी दिए । सङ्घले अध्यक्ष खड्गीको संयोजकत्वमा राहत सङ्कलन समिति गठन गरी नगरका होटल र सुनचाँदी व्यवसायी, मैथिली समाजलगायत स्थानीय व्यवसायीसँग रकम सङ्कलन गरेर अग्निपीडितलाई हस्तान्तरण गरेको हो । यही मङ्सिर ४ गते अधिकारीका घरबाट विद्युत् चुहावट भई आगलागी भएको थियो ।

### दाइजो नदिएको निहुँमा हत्या

कपिलवस्तु । गजेहडाकी एक युवती भारतमा मृतावस्थामा भेटिएपछि नेपालमा रहेका माइती पक्षले परिवारले हत्या गरेको बताएका छन् । बाणगङ्गा नगरपालिका-४ की २१ वर्षीय खेमकला सुनार भारतको हरियाना हिसार भन्ने ठाउँमा मृत फेला परेसँग उनका माइती पक्षले हत्या गरिएको दाबी गरेका हुन् । डेढ वर्षअगाडि भारतको हरियानास्थित हिसार भन्ने ठाउँमा विवाह भएको खेमकला सुनारको १२ गते बुधबार आफ्नै घरमा झुण्डिएको अवस्थामा शव फेला परेको थियो । शव फेला परेसँगै माइते पक्षले परिवारबाट मानसिक, शारीरिक यातना दिई हत्या गरेर झुण्ड्याइएको हुनसक्ने पत्रकारसँग कराकानी गदै बताए ।

### तुलसीपुर हर्न निषेधित घोषणा

दाङ । तुलसीपुर उपमहानगरपालिकालाई आजदेखि हर्न निषेध क्षेत्र घोषणा गरिएको छ । उपमहानगरपालिका र प्रदेश नं. ५ को प्रहरी कार्यालयले संयुक्तरूपमा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम गरी सो घोषणा गरेको हो । लामो तयारीपश्चात उपमहानगरले ध्वनी प्रदूषणले आमजनजीवनमा असहजता ल्याएको भन्दै हर्न निषेध घोषणा गरिएको नगरप्रमुख घनश्याम पाण्डेले बताए । उनले आवश्यकता बाहेक अन्य बेलामा हर्न बजाए रू ५०० देखि रू एक हजार ५०० सम्म जरिवाना गरिने बताए ।

### मिस्टर मोरङको उपाधि मगरलाई

विराटनगर । पाँचैवटा मिस्टर मोरङको उपाधि सञ्जिव मगरले जितेका छन् । मोरङ शारीरिक सुगठन तथा फिटनेश सङ्घद्वारा आयोजित फाइनल प्रतियोगीमा मिस्टर मोरङको उपाधिबाट पथरीका मगर घोषित भएका छन् । विजेता मगरलाई नगद रू ५१ हजारसहित ट्रफी प्रदान गरिएको छ । यस्तै फस्ट रनरअप अजय मरिकलाई नगद रू २५ हजार र सेकेण्ड रनरअप योगेन लिम्बुलाई रू ११ हजार प्रदान गरिएको छ ।

### मुखमा पैसा अड्किएर मृत्यु

पर्सा । बीरगंज महानगरपलिका-३० प्रसुतीपुर बस्ने रबिन्द्रराय यादबको २ वर्षीय छोरा शिवकुमार यादबको सिक्का पैसा मुखमा अड्किएर मृत्यु भएको छ । शनिबार बिहान खेल्ने क्रममा घाँटीमा सिक्का अड्किएर अशक्त भएका शिवकुमारको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मुत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### उपमहानगरपालिकाका प्रमुखलाई पितृ शोक

धनगढी । धनगढी उपमहानगरपालिकाका प्रमुख नृपबहादुर वडलाई पितृ शोक परेको छ । उपमहानगरपालिकाका प्रमुख एवं नेपाली काङ्ग्रेसका नेता वडका बुबा करन वडको आफ्नै निवास धनगढीको जाँई गाउँमा ८५ वर्षको उमेरमा निधन भएको छ । उनी केही महीनादेखि बिरामी थिए ।

### प्रहरी पोष्टका लागि सामग्री सहयोग

दिनेश ठाकुर, नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिका वडा न ८ वडा समितिको कार्यालयले अस्थायी प्रहरी पोष्टका लागि आवश्यक सामग्री प्रदान गरेको छ। वडा कार्यालयले नगर भवनस्थित प्रहरी पोष्टका लागि २५ हजार बराबरको अत्यावश्यक भौतिक तथा घरेलु सामाग्री सहयोग गरेको हो । वडाको वजेटबाट प्रहरीका लागि खाट, टेवुल, कुर्सी, पंखा, वेन्च, खाना पकाउने भाडा आदि उपलब्ध गराइएको हो । एक समारोहबीच वडा अध्यक्ष सुरेन्द्र गुप्ताले प्रहरी पोष्टका इन्चार्ज सई सन्त बहादुर गुरूङलाई सो सामाग्री हस्तान्त्रण गरे । जनताको सुरक्षार्थ खटीने सुरक्षाकर्मी नाजुक अवस्थामा बसीरहेको पाइएपछि सो सहयोग गरिएको वडा अध्यक्ष गुप्ताले प्रतिक्रिया दिए ।

# हुलाकी राजमार्ग निर्माणमा ढिलाई

**शेरबहादुर सिंह**

कैलाली । कैलाली-कञ्चनपुरमा हुलाकी राजमार्ग निर्माणमा ढिलासुस्ती भइरहेको छ । राजमार्ग निर्माणको जिम्मा पाएका निर्माण कम्पनीको लापरवाहीका कारण तोकिएको समयमा निर्माण पूरा नहुने देखिएको छ ।

निर्माण कम्पनीले काम सक्नुपर्ने समयसीमा नजीक पुगिसक्दा ५० प्रतिशत काम पनि सकिएको छैन । हुलाकी राजमार्ग योजना कार्यालय कैलालीले निर्माण कम्पनीको लापरवाहीका साथै कतिपय स्थानमा मुआब्जा तथा सरकारी प्रक्रियाले द्रूतगतिमा काम नभएको जनाएको छ ।

कञ्चनपुरको दक्षिणी क्षेत्रमा डोकेबजारदेखि-बेलौरी-बेल्डाँडी हुँदै दैजीसम्म निर्माण हुने ६२ किलोमिटर हुलाकी राजमार्ग निर्माण कछुवा गतिमा छ । 'कञ्चनपुरको हुलाकी सडक तीन प्याकेजमा ठेक्का दिएर काम अगाडि बढाइएको थियो,' हुलाकी राजमार्ग योजना कार्यालय कैलालीका इञ्जिनीयर पदमबहादुर मडैले भने, 'कम्पनीको काम भने सन्तोषजनक छैन ।'

समयमै काम सक्न पटक/पटक आग्रह गर्दै आएको मडै बताउनुहुन्छ । तीनवटै प्याकेज २०७३ फागुनमा ठेक्का सम्झौता भएको हो । कालोपत्रे हुन नसके पनि धेरै ठाउँमा माटो भरानदेखि ग्राभेल बिछ्याउने काम भएको छ ।

डोकेबजारदेखि बेलौरीसम्मको २० किमी र बेल्डाडीदेखि दैजीसम्मको २२ किमी हुलाकी राजमार्ग निर्माणको जिम्मा शर्मा राजेन्द्र जेभीले पाएको छ भने बीचभागमा पर्ने बेलौरीदेखि बेल्डाँडीसम्मको २० किमी निर्माणको जिम्मा रू ४१ करोड ७६ लाख ६३ हजारमा बाबा-हंश- सिद्धीसाइ जेभीले पाएको मडैले जानकारी दिए ।

'शर्मा-राजेन्द्र जेभीले २६ प्रतिशत मात्रै काम गरेको पाइयो', इञ्जिनीयर मडैले रासससित भने, 'बाबा-हंश-सिद्धीसाइ जेभीले ४८ प्रतिशत काम गरेको छ ।' डोकेबजारदेखि बेलौरीसम्मको २० किमी सडक रू ३३ करोड २ लाख ५२ हजारमा २०७६ साउन मसान्तसम्म सक्ने गरी सम्झौता भएको हो । बेलौरीदेखि



बेल्डाँडीसम्मको २० किमी सडकको लागत रू ४१ करोड ७६ लाख ६३ हजार रहेको छ भने बेल्डाँडीदेखि दैजीसम्मको २२ किमी सडकको लागत रू ४० करोड २६ लाख ५९ हजार रहेको छ ।

'काम सक्नुपर्ने मिति नजिँकिदा समेत आधा काम बाँकी नै छ', मडैले भने, 'बेल्डाँडीदेखि दैजीसम्मको प्याकेजमा शुक्लाफाँटा निकुञ्ज पर्ने भएकाले प्रक्रियाका कारण ढिलाइ हुनपुग्यो ।' निर्माणमा भइरहेको ढिलाइका कारण दक्षिणी क्षेत्रका बासिन्दाले सास्ती भोग्नुपरेको छ ।

सडक नबन्दा वर्षात्मा हिलो र गर्मीमा धुलोको समस्या व्यहोर्नुपरेको बेलौरीका रामजनम चौधरीले दुखेसो पोखे । कम्पनीले काम गरेको रकम लिइसकेका छन् । बेलौरीकै स्थानीयवासी पल्लवराज भट्टले निर्माण कम्पनीले आफ्नो मुनाफा हेरेर काम गरिरहेको आरोप लगाए । 'ठेकेदारले आफ्नो फाइदा हेर्ने र म्याद थप्दै गएका कारणले काममा ढिलाइ भएको हो', उनले भने, 'सडकको काम सम्पन्न नुहँदा धुलो र हिलोले समस्या भएको छ ।

हुलाकी सडक निर्माणमा ढिलासुस्ती नगर्न सो क्षेत्रबाट निर्वा्चित सांसदहरूले ताकेता गर्दै आएका छन् । 'रकमका कारण काममा ढिलाइ भएको होइन', मडैले भने, 'उक्त सडकका लागि आएको रकम मौज्दात छ ।'

कैलालीमा निर्माण भइरहेको हुलाकी राजमार्गको अवस्था पनि कञ्चनपुरकै जस्तै छ । विसं २०७३ फागुनमै निर्माण सम्झौता भएको कैलालीको शक्तिदेखि कटनी नदीसम्मको १८ किमी हुलाकी राजमार्गको काम हालसम्म ३० प्रतिशत मात्रै भएको हुलाकी राजमार्ग योजना कार्यालयले जनाएको छ । उक्त निर्माणको समयावधि आगामी फागुन मसान्तसम्म मात्र छ । रू ३१ करोड ६१ लाख ६ हजारमा टुण्डी-प्रेरा चन्द्रा एण्ड बसन्ता जेभीले सो काम गर्ने जिम्मा पाएको हो ।

'करीब दुई किमी बसन्ता करिडोरमा रूख कटानको प्रक्रियाका कारण पनि कामले गति लिन सकेन,' इञ्जिनियर मडैले भने, 'कान्द्रा नदीमा सामान ढुवानी गर्दाको समस्याले पनि ढिलाइ भएको हो ।' त्यसैगरी धनगढीस्थित क्याम्पस रोडदेखि मोहना नदीसम्मको साढे छ किमी हुलाकी सडकको ठेक्का सम्झौता भए पनि कामको शुरूआत हुनसकेको छैन ।

गत वर्ष चैतमा रू २३ करोडमा उक्त सडक निर्माणको जिम्मा रमनरकेएस जेभीले पाएको थियो । 'स्थानीयले सडक पायक पर्ने ठाउँमा नभएको र अन्यत्र सानुपर्ने माग गर्दै अदालतमा मुद्दा हालेपछि काम शुरू गर्न सकिएन', मडैले भने, 'स्थानीयको असन्तुष्टिका कारण उक्त खण्ड निर्माणमा समस्या भएको छ ।'

धनगढी क्याम्पस चोकदेखि कटनी नदीसम्मको ३५ किमी हुलाकी राजमार्ग यसअघि भारतको सहयोगमा निर्माण भइसकेको छ । लम्कीदेखि खङ्गौलासम्मको २७ किमी र शक्तिदेखि भजनीसम्मको आठ किमी सडकसमेत भारतकै सहयोगमा निर्माण भइसकेको छ ।

'भारतको सहयोगमा निर्माण गरिएका सडकको चौडाइ कम हुनुका साथै मर्मतका लागि पनि हामीले आवश्यक बजेट हुलाकी राजमार्ग आयोजना निर्देशनालयसित माग गरेका छौं', मडैले भने, 'अहिले सात मिटर चौडाइका सडक बन्नदैछन् । भारतले त्यो बेला करीब पाँच मिटर चौडाइका सडक निर्माण गरेको थियो ।'

# तराई पर्यटनबारे दस्तावेज हस्तान्तरण

वीरगंज । भिजिट मधेश नेपालका राष्ट्रिय संयोजक ओमप्रकाश सर्राफले नेपाल पर्यटन बोर्डका प्रबन्धकद्वय उदय भट्टराई र संतोष घिमिरेलाई तराई मधेशका पर्यटकिय सम्भावना बारे ध्यानाकर्षण गराएका छन् । मधेशको पर्यटन बिकाश बिना नेपालको पर्यटनको बिकाश सम्भव नरहेको भन्दै ८८ पृष्ठ लामो दस्तावेज संयोजक सर्राफले हस्तान्तरण गरे । तराई मधेशका २२ जिल्लाबाट संकल्न गरिएको धार्मिक ,ईतिहासिक,पुरातात्विक ,साँस्कृतिक पर्यटकिय सम्भावना बोकेका धरोहरहरूको सुचि रहेको दस्तावेज बुझाउदै संयोजक सर्राफले नेपाल पर्यटन बोर्डलाई २२ जिल्लामा रहेका पर्यटकिय धरोहरहरूमा लगानी एवं समर्वद्धन गरी पर्यटन प्रवद्धन गर्न आग्रह गरेका थिए । अहिले सम्म नेपाल पर्यटन बोर्डले पहाडी र हिमाली पर्यटकिय स्थललाई मात्रै प्राथमिकता दिएकोमा आपती जनाउदै अब तराई मधेसमा रहेका पर्यटकिय धरोहरहरूमा लगानी गर्न आग्रह गर्नुभयो । भिजिट नेपाल २०२०को उद्देश्य पुरा गर्न पनि तराई मधेशमा पर्यटन प्रर्वद्धन गरी त्यसको अनुभुति र प्रभाव पार्ने गरी निति नियम बनाउन आग्रह गर्नुभयो । दस्तावेज बुझदै नेपाल पर्यटन बोर्डका प्रबन्धक उदय भट्टराइले अभियानको प्रंशसा गर्दै दस्तावेजलाई ठुलो उपलब्धिको रूपमा लिएर अघि बढने बताए । भिजिट मधेस नेपाल तराई मधेसका २२ वटै जिल्लालाई जोड्दै पर्यटन प्रवर्द्धनको लागि राष्ट्रिय र अर्न्तराष्ट्रिय रूपमा अभियान संचाल्न गर्दै आएको छ । नेपाल पर्यटन बोर्डले ईच्छा होटलमा आयोजना गरेको कार्यक्रममा नेपाल होटल एवं पर्यटन व्यवसायि संघका महासचिव मोहन शर्मा लामिछाने,पर्सा वन्यजन्तु आरक्षका वाडेन लगायत पर्यटन व्यवसाय संग आवद्ध प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## देहरादुनसम्म बस सञ्चालनको अनुमति

काठमाडौं । कञ्चनपुरको महाकाली यातायात समितिका बस छिट्टै भारतको देहरादुनसम्म सञ्चालनमा आउने भएका छन् । यात्रुको सहजताका लागि समितिलाईसरकारबाट बाटो इजाजत प्राप्त भएको छ । नेपाल-भारतमैत्री बस सेवाअन्तर्गत उक्त सेवा सञ्चालन गर्न सम्झौता भएको हो । सम्झौताअनुसार दैनिक एक महाकाली समितिको र एक उत्तराखण्ड परिवहन निगमका गरी दुई बस सञ्चालनमा आउने बताइएको छ । ३९२ किलोमिटर दूरीमा रहेको देहरादुन बस सेवा सञ्चालनसँगै यात्रुलाई सहजता थपिने समितिको बताइएको छ । यसअघि समितिकै पहलमा भीमदत्तगर-नयाँ दिल्ली बस सञ्चालन गरिएको थियो । हाल भीमदत्तनगरबाट भारतको राजधानी दिल्ली दैनिक तीन वटा बस सञ्चालनमा रहेको छ ।

## त्रिदेशीय प्रसारण लाइनबारे भारतसँग छलफल गर्ने

काठमाडौं । नेपाल-भारत-बंगलादेशबीच त्रिदेशीय विद्युत् प्रसारणको व्यवस्था गर्न नेपाल-भारत ऊर्जा संयन्त्र र बंगलादेश-भारतबीच रहेको ऊर्जा संयन्त्रणको बैठकमा दुवै देशले आ-आफ्नो तर्फबाट भारतसँग छलफल गर्ने निर्णय गरेको छ । नेपाल र बंगलादेश भौगोलिक रूपमा भिन्न रहेकाले यी दुई देशबीच ऊर्जा व्यापारमा भारतको मध्यस्तता अनिवार्य छ । बैठकले दुई देशबीच ऊर्जा व्यापारका लागि दीर्घकालीन ऊर्जा योजनाको समीक्षा गर्ने र सम्भावनाहरू पहिल्याउने निर्णयसमेत गरेको छ ।



## स्थानीय सम्वाद

# जनकपुरलाई 'म्यारिज डेस्टिनेशन'को रूपमा विकास गरिनेछ



**लालकिशोर साह**
**मेयर, जनकपुरधाम उपमहानगरपालिका**

**○ रामजानकी विवाह महोत्सवको तयारी कस्तो भइरहेको छ ?**

– रामजानकी विवाह महोत्सव जनकपुरधाम उपमहानगरपालिकाका लागि सबभन्दा महत्वपूर्ण पर्व हो । त्यस हिसावले उपमहानगरपालिकाले युद्धस्तरमा तयारीमा लागेको छ । जनकपुरधाम उपमहानगरपालिका अहिले नवनिर्माणको दिशामा अगाडि बढेको छ । बाटोघाटो विस्तारदेखि लिएर अन्डरग्राउण्ड ड्रिनेज, स्फाल्ट पिच, वृक्षरोपण लगायतका कामहरू भइरहेका छन् । विवाहमहोत्सवलाई मध्यनजर गर्दै सरसफाइलाई जोड दिएका छौं । विवाह महोत्सवमा भारतबाट आउने तिर्थालुहरूको स्वागतका लागि विशेष प्रबन्ध मिलाउँदैछौं । यसपटक हामी विवाह महोत्सवलाई भव्य बनाउन विशेष तरिकाले तयारी गरिरहेका छौं ।

**○ विवाह महोत्सवको तयारीमा स्थानीय, प्रदेश र संघीय सरकारबीच कसरी समन्वय हुँदैछ ?**

– जनकपुरधाममा पौराणिक कालदेखि नै यो महोत्सव हुँदै आएको छ । त्यसैले, यसको तयारीबारे एउटा प्रणाली नै बसिसकेको छ । जानकी मन्दिर, राम मन्दिर लगायत ५२ कुट्टी ७२ कुण्डमा आआफ्नै किसिमले तयारी भइरहेको छ । यसको व्यवस्थापन स्थानीय निकाय, प्रहरी प्रशासन र मन्दिरहरूले आआफ्नै किसिमले गर्दै आएको परिपाटि बसिसकेको छ । यसमा प्रदेश, केन्द्र वा स्थानीय सरकारले के गर्ने के नगर्ने भन्ने कुरा आउँदैन । प्रदेशले के गरेको छ त्यो हामीलाई थाहा छैन । प्रदेश सरकारले केही रकम छुट्याएको छ भनेर हामीले सुनेका छौं । तर, त्यसको कुनै अर्थ रहँदैन । मूलरूपमा विवाह महोत्सवका लागि एउटा सिस्टम बसिसकोको छ र त्यहीअनुसार भइरहेको छ ।

**○ विवाह महोत्सव तयारीका लागि प्रदेश सरकारले ५० लाख रूपैयाँ दिने घोषणा गरेको थियो, त्यसको के हुँदैछ ?**

– प्रदेश सरकारले ५० लाख दिने कुराको औपचारिक जानकारी मलाई छैन । मैले पनि सञ्चारमाध्यमहरूबाट नै थाहा पाएको हुँ । विवाह महोत्सव भनेको राजनीतिक प्रचार गर्ने थलो होइन । विवाह महोत्सवको मेला हरेक वर्ष लाग्ने गरेको छ र हाम्रो मौलिकतासँग जोडिएको कुरो हो । यसलाई हामीले विवाह महोत्सवको रूपमा लिएका छौं । तर, हामीले विवाह महोत्सवको कुनै कार्यक्रम गर्न राख्न सकेनौं । हाम्रो दीर्घकालीन योजनामा छ कि विवाह पञ्चमी मेलामा कम से कम हजारौं जोडी एक साथ विवाह गरोस् अथवा वर्षभरि नै जनकपुरधाममा आएर विवाह गर्ने प्रचलन बढोस् त्यस हिसावले हामी गरिरहेका छौं । जनकपुरधामलाई 'म्यारिज डेस्टिनेशन'को रूपमा विकास गर्ने सोच हाम्रो छ ।

**○ विवाह पञ्चमीमा भारतको उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी जन्ती बनेर आउँदै हुनुहुन्छ, उहाँको आगमनबारे तपाइँहरूको तयारी रहेको छ ?**

– भारतको उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीजी आउनुहुन्छ भन्ने अहिलेसम्म मैले सुनेको मात्र छु । हामीलाई औपचारिकरूपमा जानकारी आइसकेको छैन । भारतीय कुटनीटिक नियोगका पदाधिकारीहरूसँग कुराकानी गर्दा योगीजी आउने पक्कापक्की रहेको जनाइएको छ । यस सन्दर्भमा नेपाल सरकारको प्रहरी प्रशासनसँग पनि कुराकानी भइरहेको छ र त्यस हिसावमा पनि तयारी भइरहेको छ । तर, औपचारिकरूपमा कुनै जानकारी नआउञ्जेल योगीजीको आगमनबारे मैले प्रतिक्रिया दिन मिल्दैन । तर, आउने सम्भावना बढी देखिएको छ । मैले बुझ्दा उहाँको जनकपुरधाम आगमन शतप्रतिशत धार्मिक यात्रा हुनेछ । उहाँ लखनऊबाट सिधा जनकपुरधाम विमानस्थलमा ओर्लिने र लगभग चार/पाँच घन्टा जनकपुरधाम बसाई हुने मैले बुझेको छु ।

**○ अब फरक विषयमा कुरा गरौं, तपाइँ जनकपुरधाम उपमहानगरपालिकामा मेयर भएदेखि जनताले अनुभूति गर्ने खालका के कस्ता कामहरू गर्नुभयो त ?**

– हामी निर्वाचित भएर आएको यो १५औं महिना चलिरहेको छ । यो समयावधिमा हामीले मुख्य गरेर बाटोघाटो बनाउने, पुराना परियोजनाहरू जुन जीर्ण अवस्थामा थियो त्यसलाई पुनर्जीवन गर्नेतिर लाग्यौं । एकदमै तीव्रगतिमा ती परियोजनाहरू सञ्चालन गरिरहेका छौं । उद्योगी, व्यवसायी, युवा, विद्यार्थी सबैको सहयोगबाट कतिपय कामहरू गर्न सफल भएको छ । लगभग ३३ किलोमिटरको एरियामा हामीले अन्डरग्राउण्ड ड्रेनेज, स्फाल्ट पिचको काम केही दिनमा सम्पन्न गर्छौं । फुटपाथ बनाउने काम पनि तीव्रगतिमा गरिरहेका छौं । एयरपोर्टदेखि रेल्वे स्टेशनसम्म सडकको दुवैतिर बिजुली बत्तीको व्यवस्था गर्न लागेका छौं । जनकपुरधाम उपमहानगरपालिकाका २५ वटै वार्डका वडा कार्यालय आफ्नै भवनमा होस् भन्ने सोचमा छौं । नवनिर्माणको दिशामा जनकपुरधाम जसरी अहिले अगाडि बढेको छ, यो ऐतिहासिक क्षण हो । हामीले जनकपुर उपमहानगरपालिकाको नाम परिवर्तन गरेर संवैधानिकरूपमा जनकपुरधाम नामाकरण गरेका छौं । हामीले जनकपुरधामलाई केशरिया रंगले रंग्ने अभियान चलाएका छौं । जति पनि घरहरू भत्केका छन्, पेन्ट गरिएको छैन तिनीहरूका लागि हामीले निःशुल्क केशरिया रंग उपलब्ध गराउन थालेका छौं । मिथिला सांस्कृतिक सहर जनकपुरधाम उपमहानगरपालिकाको रूपमा परिचित होस् । हामीले हरेक कर्मचारीलाई ड्रेस कोड पनि केशरिया रंगमा दिएका छौं । यसैगरी, हामीले स्थानीय गान पनि दिएका छौं ।

**○ दीर्घकालीन योजना के छ ?**

– हामीले सरसफाइलाई स्थायित्व कसरी दिने, हरियाली कसरी ल्याउने लगायतका दीर्घकालीन योजनाहरू छन् । जनकपुरधाममा हरियालीका लागि हामीले छुट्टै बजेट पनि छुट्याएका छौं । पाँच वर्षमा जनकपुरधाम उपमहानगरपालिकालाई शतप्रतिशत साक्षरताका लागि कार्ययोजना बनाएका छौं । साक्षरताका लागि हामीले हरेक वार्डमा एउटा सर्वे गराइरहेका छौं । त्यो रिपोर्टको आधारमा शिक्षामा सबैको सहज पहुँचका लागि योजना बनाउँदैछौं । युवाहरूलाई परिचालित गर्न हामीले विभिन्न योजनाहरू बनाएका छौं । कुलतमा फँस्दै गएका युवाहरूलाई त्यसबाट मुक्त गर्नका लागि एन्टी ड्रग्सको अभियान पनि चलाउने छौं । जनकपुरधामका लागि कुलत एउटा ठूलो रोगको रूपमा रहेको छ । यस्ता थुप्रै योजनाहरू हामी ल्याउँदैछौं ।

**○ तर, तपाइँहरूको कामप्रति त्यहाँ जनता सन्तुष्ट छैनन् नि ?**

– करिब २० वर्षपछि स्थानीय सरकार आएको हो । विगतका जुन किसिमका अस्तव्यस्तता थियो त्यसलाई हटाउँदै हामी काम गरिरहेका छौं । हामीले जुन काम गरिरहेका छौं त्यसबाट जनता सन्तुष्ट नै छन् । हाम्रो न्याय प्रणाली नेपालकै उत्कृष्ट होला । हामीले जनतालाई शतप्रतिशत सन्तुष्ट त गर्न सक्दैनौं तर जनतालाई सेवा दिन कुनै कसर बाँकी राखेका छैनौं । हामी गुनासो सुन्ने, आपतकाल सेवा लगायतका शाखाहरू खोल्दैछौं । हामीले आपतकालमा २४सैं घन्टा सेवा दिनका लागि एउटा शाखा खोल्दैछौं । जनकपुरधाम उपमहानगरपालिका जनताको सेवामा २४सैं लागिरहनेछ भन्ने अवधारणा ल्याउँदैछौं ।

# विश्व परिवेश

## हुवाएका कम्पनीका उच्च अधिकारी पक्राउ, चीनको विरोध

चीनको विशाल दूरसञ्चार कम्पनी हुवाएका संस्थापककी छोरी एवं कम्पनीकी उच्च अधिकारी मेङ वान्झाउलाई क्यानाडामा पक्राउ गरिएको छ । उनलाई संयुक्तराज्य अमेरिका सुपुर्दगी गर्ने तयारी भइरहेको क्यानाडाका अधिकारीहरूले बताएका छन् ।

चीनले भने उक्त पक्राउ र दुर्व्यवहारप्रति आपत्ति जनाएको छ ।

मेङ वानझाउ हाल हुवाएकी प्रमुख वित्तीय अधिकृत हुनुहुन्छ । इरानमाथिको अमेरिकी नाकाबन्दीको हुवाएले अवज्ञा गरेको आरोपमा अमेरिकी अधिकारीहरूले अनुसन्धान शुरू गरेको बताइएको छ । अमेरिकी गुप्तचर अधिकारीहरूले हुवाएका गतिविधिमाथि निगरानी गरिरहेको र उक्त कम्पनी राष्ट्रिय सुरक्षाका दृष्टिले खतरापूर्ण रहेको बताउँदै आएका छन् ।

संयुक्तराज्य अमेरिका र चीनबीच जारी व्यापारिक तनाबका सन्दर्भमा तीन महिने युद्धबिराम गरेको केही दिनभित्रै नयाँ विवाद सतहमा आएको छ । दुबै देशका व्यापार मध्यस्थकर्ताहरूमाथि तीन महिनाभित्र असमझदारीहरू हटाउनुपर्ने गहन जिम्मेवारी छ ।

मेङको गिरफ्तारीसँगै एसियाली सेयरबजारमा त्यसको असर देखिएको छ । साङघाइ र हङकङको सेयरबजारमा गिरावट आउनुका साथै प्रविधि क्षेत्रको सेयरमा मन्दी छाएको छ । मध्यान्हसम्म साङघाइ स्टक एक्सचेन्ज एक दशमलब ३ र हङकङ स्टक दुई दशमलब ६ प्रतिशतले घटेको छ ।

'चीनले हाम्रो राष्ट्रिय सुरक्षा चासोलाई सुझबुझपूर्ण किसिमले बेवास्ता गरिरहेको छ, र संयुक्तराज्य अमेरिका तथा हाम्रा गठबन्धन राष्ट्रहरूले यस्तो परिस्थितिलाई टुलुटुलु हेरेर बस्न सक्दैनन्,' अमेरिकी सिनेटर बेन सास्सेले बताउनुभयो । उहाँले जारी गर्नुभएको एक वक्तव्यमा भनिएको छ, 'कहिलेकाहिँ चिनीया अतिक्रमण पूरै राज्य-प्रबर्द्धित देखिन्छ भने कहिलेकाहिँ चीनका तथाकथित निजी कम्पनीहरूले यो कार्य गरिरहेका छन् ।'

क्यानाडाको न्याय मन्त्रालयले एक वक्तव्यमा मेङलाई भ्यानकुभरबाट डिसेम्बर १ तारिखमा गिरफ्तार गरिएको जनाएको छ । मन्त्रालयले मेङलाई अमेरिका सुपुर्दगी गर्न आग्रह गरेको बताएको छ । मेङका पिता एवं हुवाएका संस्थापक रेन झेङफाई चिनीया जनमुक्ति सेनाका पूर्व इन्जिनियर हुनुहुन्छ ।

ओट्टावास्थित चिनीया राजदूतावासले मेङलाई तत्काल रिहा गर्न आग्रह गरेको छ । हुवाएले मेङले कुनै गलत कार्य गरेको बारेमा जानकारी नभएको बताउँदै आरोपका बारेमा ज्यादै कम जानकारी दिइएको बताएको छ ।

कम्पनीले जारी गरेको एक वक्तव्यमा भनिएको छ, 'हुवाएले सबै किसिमका कानुनी प्रक्रिया पूरा गरिरहेको छ । राष्ट्रसंघ, अमेरिका र युरोपेली युनियनबाट जारी भएका प्रतिबन्धहरू एवं नियमहरूलाई पूर्ण पालना गरिएको छ ।'

वालस्ट्रिट जर्नलले अप्रिलमा अमेरिकी न्याय विभागले इरानविरूद्ध अमेरिकी प्रतिबन्धलाई हुवाएले उल्लङ्घन गरिरहेको भन्दै छानबिन थालेको समाचार प्रकाशन गरेको थियो । – रासस

## सरकारी अनुदानको रासायनिक मलमा कालोबजारी

वीरगञ्ज । पश्चिम पर्साको ग्रामीण क्षेत्रमा रहेको केही सहकारी संस्थाले प्रतिबोरा (५० केजी) ७०० का दरमा खरीद गरेको सरकारी अनुदानको युरिया मल प्रतिबोरा रू ८०० का दरमा बिक्री गरेको पाइएको छ । कृषि सामग्री कम्पनी लिमिटेड क्षेत्रीय कार्यालय वीरगञ्जले ढुवानी खर्चसमेत गरी बढीमा प्रतिबोरा ७५० रूपैयाँभन्दा बढीमा बेचेको खण्डमा कार्यवाही गरिने चेतावनी दिँदै आइरहेका छन् । तर ग्रामीण क्षेत्रमा रहेका ती सहकारी संस्थाका सञ्चालकहरूले भने ढुवानी खर्च बढी लाग्ने, बाटोभरि ट्राफिक प्रहरीले रकम लिने गरेकाले प्रतिबोरा रू ७५० मा बेच्दा घाटा लाग्ने भएकाले बाध्य भई बढी रकम लिनुपर्ने बताएका छन् ।

पर्सामा १११ वटा सहकारी संस्थामार्फत कृषि सामग्री कम्पनी लिमिटेड क्षेत्रीय कार्यालयले किसानमाझ रासायनिक मल पुऱ्याउँदै आइरहेका छन । गहुँ खेतीकालागि अति आवश्यक पर्ने मल युरियाको कालोबजारी तथा कृत्रिम अभाव सिर्जना भएपछि पर्साका ग्रामीण क्षेत्रका किसान प्रभावित हुँदै आएका छन् । माग अत्यधिक भए पनि संस्थानले प्रतिसहकारी संस्थालाई हप्तामा २६० बोरा युरिया डिएपी र पोटास मल दिने गरेको तथा ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरूले मलको अभाव देखाएर बढी मूल्यमा बेच्ने गरेको पाइएको छ ।

सहकारी संस्थाले कृत्रिम अभाव सिर्जना गर्नु, बाटोमै अन्य व्यापारीलाई बढी मूल्यमा बिक्री गर्नुजस्ता करणले किसान भारतीय मल किन्न बाध्य रहेका छन् । एउटा ट्र्याक्टरमा सय बोराभन्दा बढी लोड गरिएमा ट्राफिक प्रहरीले फाइन काट्ने, जथाभावी रकम लिने गरेकाले खर्च धान्न प्रतिबोरा रू ८०० मा युरिया मल बेच्नुपर्ने बाध्यता रहेको बताएका छन् । तर क्षेत्रीय प्रबन्धक अजयकुमार श्रीवास्तवले बढी मूल्यमा मल बेचेको सूचना आएमा टोली खटाइने र बढी मूल्यमा अनुदानको मल बिक्री गरेको पाइएमा त्यस्ता सहकारी संस्थाको बिक्री वितरण प्रमाणपत्र खारेज गरी कार्यवाही गरिने बताए ।

कम्पनीले पर्सामा आर्थिक वर्ष २०७५/७६ को चार महीनामा युरिया मल २६ हजार ४३७ मेट्रिक टन, डिएपी १३ हजार ३५१ मेट्रिक टन तथा पोटास ५४७ मेट्रिक टन बिक्री गरिसकेको छ भने कात्तिकमा युरिया ४८२ मेट्रिक टन, डिएपी ७११ मेट्रिक टन मल बिक्री गरेको छ । कम्पनीले क्षेत्रीयस्तरमा पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा, सिन्धुली, मकवानपुर, काभ्रे, धादिङ, काठमाडौँ, त्रिशूली चितवनलगायत क्षेत्रमा रहेको २० हजार ११४ सहकारी संस्थामार्फत रासायनिक मल बिक्री गर्दै आइरहेको छ ।

संस्थानले तेस्रो मुलुक चीन र तुर्कमैनिस्तानकाट रासायनिक मल मगाउँदै आइरहेको छ भने संस्थानसँग हाल युरिया एक हजार टन र डिएपी एक हजार ४०० टन मौज्दात अवस्थामा रहेको छ । ती मुलुकबाट दैनिकजसो रासायनिक मल आउने क्रम जारी रहेको छ । रासायनिक मलको अभावको मौका छोपी केही सहकारी संस्थाले आफू खुशी बढी मोलमा मल बिक्री गर्ने गरेकाले गहुँ खेती गर्ने किसान प्रभावित हुँदै आएकाले यसतर्फ सम्बन्धित निकायले समयमै ध्यान दिनुपर्ने माग पीडित किसानको छ । पर्सामा किसानले २६ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती गर्दै आइरहेको छ ।

## शिरदेखि पैतलासम्म जताततै मासुको पोको



महोत्तरी । महोत्तरी गौशाला-१ का ३६ वर्षीय धनेश्वर महतोको शरीरभरि नै मासु पलाएको छ । उनको शिरदेखि पैतलासम्म जताततै मासुको पोको (डल्लो) पलाएको छ । उनको शरीरमा मकैको दानादेखि आलुजस्ता मासुका थैला रहेका छन् ।

आफ्नो शरीरमा पलाएको मासु देखेर आफ्ना साथीलेसमेत घिन मानेपछि स्कूल पढ्दापढ्दै १० कक्षा पास नगर्दै आफ्नो पढाइको यात्रालाई उनले टुङ्ग्याए । □ साथीहरू मलाई देखेर परपर भागेको, घिन मानेको सहनै सकिन, स्कूल जानै छाडेँ । सँगै पढेका साथी अहिले कहाँ कहाँ पुगिसके', उनले गुनासो गरे ।

उनले शिरदेखि पैतलासम्म जताततै मासुको पोको (डल्लो) छ । मकैको दानादेखि अण्डा वा आलु जत्रा मासुका थैला सुत्दा, बस्दा पोको पेलिएर असह्य दुख्छ । सुत्न बस्न नमिलेर छटपटिँदै रात काट्दाको सकस बयान गरी साध्य नभएको उनी बताउँछन् ।

'जिउभरि फोकैफोका छन्, सानोतिनो कामबाहेक अरू केही गर्न सक्दैनन्, गह्रुँगो वस्तु बोक्न-उठाउन पनि सक्दैन तर के गर्नु श्रीमान् हो, माया त आखिर लाग्छ नै'' धनेश्वरकी श्रीमती तिलादेवी महतो बताउँछिन् । उनी भन्छिन्, 'श्रीमान्को अवस्था हेरेर उहाँभन्दा बढी पीडा आफूलाई नै महसुस हुन्छ, तर के गर्नु सबै सहेर बस्नुपर्छ ।' उनी थप्दै भन्छिन्, 'ज्यान यस्तो छ, औषधि उपचार पनि नगरेको होइन, हजारौं रूपैयाँ खर्च भइसक्यो तर, अलिकति पनि ठीक हुने नामै छैन । ठीक भइदिए त अर्को जुनी पाएको जस्तो हुन्थ्यो ।'

उहाँको यो समस्या जन्मजातदेखि नै हुन् । धनेश्वरको शरीरमा जन्मदै औँलामा एकमात्र गिर्खा थियो । उन झण्डै एक वर्षको हुँदा घरपरिवारले त्यो गिर्खालाई लौवा (हजाम) बाट काट्न लगाएपश्चात् दिनदिनै शरीरभरि मासुको डल्ला पलाएको आमा रामवति देवी महतोले सुनाइन् ।

उनले भनिन्, 'जन्मदा दाहिने हातको एउटा औँलामा एउटा गिर्खा मात्र थियो, पछि त्यसलाई काटेपछि विस्तारै शरीरभरि नै मासु पलायो', उनले भनिन्, 'कष्टदायी आवाजमा व्यथा सुनाउँदै थपिन्, 'हामीले त हातमा हुँदा राम्रो देखिँदैन, तेल मालिस गर्नसमेत असहज हुन्छ, त्यही भएर काट्न लगायौँ तर त्यसको पाप हामीलाई छोडेर मेरो छोरालाई लाग्यो', भन्दै भक्कानिइन् ।

भनिन्छ, दैव नै दाहिने भएन भने कसको के लाग्छ र ! दैवको देन होस् वा मेरो कर्मको फल जे छ त्यो त छँदैछ, तर मैले जस्तो पीडा अरू कसैले भोग्न नपरोस् भन्ने भगवान्सँग कामना गर्छु । यो निको नहुने रोगको भूमरीमा अथाह दु:ख कष्टका साथ जीवनमा जिउने भन्ने मैले अठोट गरिसकेको छु" , धनेश्वरले आफ्नो पीडा सुनाउँदै भने, "अपाङ्गताका नाममा विभिन्न संस्थाहरू खुलेका छन्, सरकारले पनि ठूलो धनराशि खर्चेको छ तर मजस्ता व्यक्तिका लागि अहिलेसम्म कुनै सहयोग आइपुगेको छैन ।"

वर्षौंदेखिको यो अथाह पीडाको सागरमा उनलाई घरपरिवार तथा छोराछोरीले पनि असाध्यै माया एवं स्नेह दिँदै आएका छन् । "परिवारकै मायाले मलाई बाँच्ने हिम्मत बढेको छ" उनले भने ।

## नेपाललाई आर्जेको मुलुक भन्नु आन्तरिक औपनिवेशीकरणको प्रमाण हो : श्रेष्ठ

काठमाडौं । सङ्घीय समाजवादी फोरम नेपालका सहअध्यक्ष तथा प्रतिनिधिसभाका सदस्य राजेन्द्र प्रसाद श्रेष्ठले नेवा: ताम्सालिङ समन्वय समितिको आयोजनामा नेपाल संवत ११३९ को उपलक्ष्यमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा पहिचानसहितको सङ्घीयता प्राप्तिका लागि संयुक्त आन्दोलन आवश्यक भएको बताए । उनले पूर्वमा लिम्बुवान र किरातबिच समन्वय नहुँदा पहिचानको आन्दोलन पहिला जस्तो गतिशील हुन नसकेको भन्दै त्यसबाट पहिचानविरोधीहरूलाई फाइदा पुगेको बताउँदै नेवा: र ताम्सालिङ एक आपसमा समन्वय गरी संयुक्त स्वायत्त प्रदेशको माग अगाडी बढाएकोमा सन्तोष व्यक्त गरे ।

सहअध्यक्ष श्रेष्ठले नेपालमा लिच्छवी कालदेखि प्रचीन स्वरूपको सङ्घीय व्यवस्थाको रूपमा नेपालमण्डल राज्य हुँदा यहाँका जनताको रूपमा नेवार र तामाङ दुबै शासित रहेको तथा ती दुबै जातिले खास खास ठाउँमा स्वायत्त शासन मात्र चलाएको बताए । उनले गोपाल वंशदेखि मल्ल कालसम्म शासन गर्ने राजाहरू राज्य चलाउँदासम्म गोपाल, महिषपाल, लिच्छवी, मल्ल भएर शासन गरे पनि पछिल्ला शासकहरूबाट पराजित भए पछि यहाँका आदिवासी नेवारहरूको थर ग्रहण गर्दै



नेवाकरण भएको बताउँदै तामाङ जातिमा भने शासकहरू त्यसरी बिलय नभएको बताए । नेता श्रेष्ठले शासकहरू नेवाकरण हुने प्रक्रिया गोरखा राज्य विस्तारपछि अवरूद्ध भएको बताउँदै पृथ्वी नारायण शाह स्वयंले नेपाललाई आर्जेको मुलुक भन्नु आन्तरिक औपनिवेशीकरणको प्रमाण भएको बताए । उनले गोरखा राज्य विस्तारपछि तत्कालिन पर्वत, गोर्खा आदि राज्यमा प्रचलित पर्वतीय गोरखा भाषा, फूलपाती संस्कृति, शक संवत आदि लाडेको बताए । उनले आफूहरूले समानताको आधारमा राष्ट्रिय एकता कायम गर्न तथा आन्तरिक औपनिवेशीकरणबाट उत्पीडित राष्ट्रियताहरूको मुक्तिका लागि नै सङ्घीयता चाहेको बताए ।

# जिल्ला समाचार

## मुख्यमन्त्रीसहितको टोलीद्वारा बृहत् सरसफाई

जनकपुरधाम । विवाहपञ्चमी महोत्सवको अवसर पारेर मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको नेतृत्वमा जनकपुरधाममा बृहत् सरसफाई गरिएको छ । बुधबार सरसफाई कार्यक्रम बाह्रबिघा रंगभूमि मैदान, जानकी मन्दिर, राम मन्दिर, जनकचौक, रामानन्द चौक, पिराडी चौक, मधेश भवन लगायतको सरसफाई गरिएको छ । सरसफाईमा मुख्यमन्त्री राउतका साथै भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल, स्वच्छता अभियानी एवं प्रदेशसभा सदस्य राम अशिष यादव, प्रदेश सभा सदस्य परमेश्वर साह, जनकपुर उपमहानगरका उपप्रमुख रिता झा, मुख्यमन्त्री कार्यालयका सचिव लगायका टोली, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रदेश प्रमुखहरू लगायतका टोली र विद्यार्थीहरूको विशेष सहभागिता रहेको थियो ।

## खाद्य मेला मङ्सिरको अन्तिम साता

नेपालगन्ज । पश्चिम नेपालमा पाइने खाद्य वस्तुको बारेमा प्रचारप्रसार गर्न नेपालगञ्जमा 'खाद्य मेला २०७५' आयोजना गरिने भएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जको आयोजनामा यही मङ्सिर २८ देखि पुस १ गतेसम्म यहाँस्थित रामलिला मैदानमा मेला सञ्चालनको तयारी गरिएको छ । पश्चिम नेपालमा पाइने पोषिला खाद्य वस्तु र उत्पादित खाद्यान्नबाट तयार पारिने खाद्य पदार्थको प्रचारप्रसारका साथै बजारीकरण गर्न खाद्य मेला आयोजना गर्न लागिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जका प्रमुख ज्योत्सना श्रेष्ठले बताइन् । मेलामा साविक मध्यपश्चिमका विभिन्न जातजातिको मौलिक परम्परागत पोषणयुक्त खाद्य पदार्थ, स्थानीय उद्योगबाट उत्पादित खाद्य वस्तुको प्रदर्शनी तथा बिक्री कक्ष रहने श्रेष्ठले जानकारी दिइन् । मेलामा राखिने ६० वटा कक्षको भाडा नलाग्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले जनाएको छ । खाद्य मेलामा किनमेल गर्न र अवलोकनका लागि नि:शुल्क प्रवेशको व्यवस्था गरिएको श्रेष्ठले जानकारी दिइन् । मेलामा होटल, रेष्टुराँ व्यवसायीका लागि कक्षको व्यवस्था गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जले जनाएको छ ।

## राजनीतिक क्रियाकलाप नगर्न सुझाव

वीरगन्ज । सामुदायिक विद्यालयहरूबाट प्रदान भइरहेकको शिक्षाको गुणस्तरीयतामा जोडदिनुपर्ने धारणा वीरगन्ज महानगरपालिकाका जनप्रतिनिधिहरूले व्यक्त गरेका छन् । महानगरपालिकाले आयोजना गरेको गुणस्तरीय र व्यावसायिक शिक्षाको सवलीकरण विषयक छलफल कार्यक्रमा जनप्रतिनिधिहरूले यस्तो धारणा व्यक्त गरेका हुन् । विद्यालयहरूबाट प्रदान भइरहेको शिक्षाको गुणस्तरमा सुधार गर्दै विद्यालय पहुच बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भित्र्याउन अभियान नै चलाउनु वडाअध्यक्षहरूले सुझाव समेत दिएका छन् । कार्यक्रममा बोल्दै नगर प्रमुख विजय कुमार सरावगीले अध्ययन-अध्यापन बालिबालिकाको भविष्यसँग सम्बन्धित भएकोले यसको गुणस्तरीयतामा कुनै प्रकारको बहाना सह्य नहुने बताए । उनले कुनै प्रकारको दलगत वा राजनीतिक क्रियाकलाप विद्यालयमा नगर्न सुझाव दिँदै तीन पटकसम्ममा पनि विद्यालय व्यवस्थापन समिति गठन नभए महानगरपालिकाले सम्बन्धित वडाका जनप्रतिनिधि वा कार्यपालिकाले नै व्यवस्थापन समिति मनोनयन गरेर पठाउने कानुन नै पास गर्ने योजनामा रहको जानकारी गराए ।

## द सहाराको छलफल कार्यक्रम सम्पन्न

राकेश यादव, रौतहट । द सहारा लोन सेविंग्स को-अपरेटिभ सोसाइटी लिमिटेड सेवा केन्द्र गौरको आयोजनामा बुधबार साधारण सभा सम्बन्धी प्रतिनिधिमूलक छलफल कार्यक्रम सम्पन्न भएको छ । रौतहट जिल्ला अदालत बार एशोसिएसनको सभाहलमा संचालक समिति सदस्य राकेश पाण्डेयको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि संचालक समितिका अध्यक्ष नागेन्द्र रायले सहभागी भएका शेयर सदस्यहरूलाई संस्थागत विवरण तथा गतिविधिको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा सस्थाले गरेको कार्य ,आय व्ययको सम्वन्धमा छलफल भएको आयोजक सेवा केन्द्र गौरका प्रमुख उमेश यादवले जानकारी गराएका छन । यस सस्थाको हुन लागेको २२ औ साधारण सभाको क्रममा जिल्ला स्थित रहेका सेवा केन्द्रहरूमा प्रतिनिधि मूलक कार्यक्रम भैरहेको बुझिएको छ । छलफल कार्यक्रममा उल्लेखनीय शेयर सदस्यहरूको सहभागिता रहेको थियो ।

## स्वास्थ्य बीमा सम्बन्धी अन्तर्क्रिया

दिनेश ठाकुर, नेपालगञ्ज । नेपालगन्ज उपमहानगरपालिका वडा नं.-६ फुल्टेक्रा स्थित वडा नं. ६ को कार्यालयमा स्वास्थ्य बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । स्वास्थ्य बीमा सम्बन्धि अन्तर्क्रिया कार्यक्रम वडा नं. ६ को उपस्वास्थ्य चौकीले आयोजना गरी स्थानीय स्वास्थ्यकर्मी, विभिन्न राजनैतिक दल, शिक्षक, पत्रकार तथा सरोकारवाला निकायहरूसँग स्वास्थ्य बीमा सम्बन्धि अन्तर्क्रिया गरेको छ । अन्तर्क्रिया कार्यक्रममा ६ नं. फुल्टेक्रका वडाध्यक्ष समिरप्रताप सिंह, वडा सदस्यहरूमा दिपक थापा, सुरेश सोनी, सावित्री शर्मा अधिकारी, मुन्नी कोरी, महिला स्वंयसेविकाहरू, स्थानीय जनप्रतिनिधि, स्थानीय बुद्धिजिबी, सामाजिक परिचालक लगायतको सहभागिता रहेको थियो । शहरी स्वास्थ्य चौकीका आहेबा अमृता दरलामीले स्वास्थ्य बीमाको फाइदा र बीमा गर्ने प्रक्रियाका बारेमा जानकारी दिईनु भएको थियो । रू. २ हजार ५ सय रूयैयाँमा ५ जना परिवारलाई १ वर्षसम्मको लागी ५० हजार रूपैयाँको स्वास्थ्य बीमा गरिने छ र प्रत्येक वर्ष नबिकरण पनि गरिनु पर्ने आहेबा दरलामीले बताइन् ।

## शंकराचार्यद्वार सौन्दर्यीकरणको उदघाटन

वीरगन्ज । वीरगन्जस्थित शंकराचार्यद्वारको जिर्णोधार गर्दै वीरगन्ज महानगरपालिकाले शौन्दर्यीकरण गरेको छ । महानगरपालिकाको सौन्दर्यीकरणले वीरगन्ज रक्सौल सिमाक्षेत्रको शंकराचार्यद्धार अहिले सेल्फी स्थलको रूपमा परिणत भएको छ । विगतमा सरकारी उदसिनता र उपेक्षाको कारण यो क्षेत्र फोहर डम्पीगं स्थलको रूपमा परिणत भएको थियो । महानगरपालिकाले यसक्षेत्रको सौन्दर्यीकरण गर्दै द्वार अगाडि राष्ट्रिय झन्डाको स्थापना गरेको छ । विदेशबाट आउने पाहुनालाई स्वागत गर्न शंकराचार्यद्धारमा अंग्रेजी भाषाको डिजिटल बत्तीलगाइए छ । निर्माण गरिएको पानीको फोहरामा भगवान पशुपतिनाथको मुर्ती स्थापना गर्ने योजना समेत रहेको महानगपालिकाले जनाएको छ । आर्थिक नगरी एवम् मुख्य प्रवेशद्वारको रूपमा रहेको वीरगञ्जलाई राष्ट्रिय गौरवको रूपमा चिनाउन महानगपालिकाले यसक्षेत्रको विकास गरेको हो ।

## एकल महिलालाई एक महिनाको राशन

राकेश यादव, रौतहट । रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ८ स्थित सशस्त्र प्रहरी बल बी.ओ.पी. लक्ष्मीपुर बेलबिछवाका प्रमुख सशस्त्र प्रहरी निरीक्षक पशुपति खनालले गरीव एवं आर्थिक अवस्था कमजोर भएकी एक वृद्ध महिलालाइ १ महिनाको खाने कुरा सहयोग उपलब्ध गराएका छन् । स्थानीय राजदेवी नगरपालिका वड़ा नम्बर ९ ब्रह्मपुरी निवासी ८० वर्षीय एकल महिला कुमारी देवीलाई प्रहरी निरीक्षक खनालले उक्त सहयोग दिएका हुन् । गरीव, असहाय, अपांग, एकल महिला, टुहुरा बालबालिकाहरूलाई सहयोग गरेमा पुण्य हुने विश्वासको साथ सशस्त्र प्रहरी निरीक्षक खनालले एक महीनाको राशन पुग्ने गरी चामल १५ किलो, पीठो, १० किलो, आलु १५ किलो, खाने तेल ६ लिटर, नून ३ किलो सहयोग दिएका छन् ।

## दुर्घटनामा तीनको मृत्यु

धनगढी । आइतबार राति कैलालीको टीकापुरमा भएको दुई वटा मोटरसाइकल दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ । टीकापुर नगरपालिका-७ खैरीमा राति ८:३० बजेतिर अनटेष्ट मोटरसाइकल डन्लपमा ठोक्किँदा त्यसमा सवार टीकापुर-७ बैदीका ३८ वर्षीय जीवानन्द कोइराला र २७ वर्षीय विष्णु रिमालको मृत्यु भएको हो । उनीहरूलाई उपचारका लागि टीकापुर अस्पताल ल्याउँदै गर्दा बाटैमा ज्यान गएको इलाका प्रहरी कार्यालय टीकापुरका प्रहरी सहायक निरीक्षक भानु बजगाईले बताए । मोटरसाइकल चालक पवन पाण्डेको हात भाँच्चिएको छ, उनको कोहलपुर मेडिकल कलेजमा र अर्का घाइते डन्लप चालक बम्पर चौधरीको नेपालगञ्जमा उपचार भइरहेको छ । मोटरसाइकल चालक पवनका जीवान्नद मामा र विष्णु भिनाजु रहेको पारिवारिक स्रोतले जनाएको छ । यस्तै टीकापुर नगरपालिका वडा नं २ बन्दीपुरमा टायर पञ्चर भई रोकिराखेको ट्र्याक्टरको ट्रलीमा से ६ प १९४१ नं को मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक अस्नेहरीका आशिष चौधरी घाइते भई उपचारका लागि कोहलपुर लगिएकोमा उहाकाे पनि मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मोटरसाइकलमा सवार महेन्द्र चौधरीको टीकापुर अस्पतालमा उपचार भइरहेको छ ।


नेपाल ज्यादै न्यून कार्बन उत्सर्जन गर्ने देश भएपनि जलवायु परिवर्तनको दुष्प्रभावमा पर्ने प्रमुख मुलुक बनेको छ । हामीले नगरेको, नबिगारेको कसुँरको सजाय भोग्नु नपरोस् । निर्दोषमाथि अन्याय हुन नदिनु विश्व समुदायको दायित्व हो । विश्व जलवायु अनुकुलन गर्न नेपाल प्रतिबद्ध छ । **विद्यादेवी भण्डारी**


नेपाललाई हरेक कुनाबाट घोच्ने काम भैरहेको रहेछ । विदेशी राजदुतावासहरूका अन्न पानी खानेहरू एउटा कुनाबाट, धर्मप्रचारकहरू अर्को कुनाबाट, देश टुक्राउन सक्रिय आइएनजिओ अर्को कुनाबाट र घुस खानेहरू अर्को कुनाबाट घोच्तै रहेछन् देशलाई । **युवराज संग्रौला**


अति भयो 'महिला हिंसा, सम्बोधन संविधान र कानूनमा लेखिदैमा अन्त्य हुँदैन प्रहरीले किन उदासीनता देखायो कहिलेसम्म महिला बालिकाले हिंसा भोग्नुपर्छ सजग नागरिकले जवाफ खोज्दैछ । **मोहना अन्सारी**


राजपा र ससफो पार्टी भित्र एकै पटक विवादित अवस्था सिर्जित भएको छ. द्वन्द्व अथवा विवाद गतिशीलताका परिचायक हुन् । संविधान संशोधनको स्पष्ट जनादेश सहित संसदीय संवैधानिक बाटो मार्फत राष्ट्रिय राजनीतिलाई समावेशी बनाउने प्रयास भईरहेको बखत यस्तो भ्रमपूर्ण स्थिति उत्पन्न हुनु उचित होइन । **देवेश झा**


राज्य र सरकार नितान्त फरक कुरा हुन् । सरकार र नेतृत्वको मज्जाले आलोचना (खेदो पनि खन्न) पाईन्छ तर राज्यलाई खेदो खन्नु भनेको राज्य बिरूद्ध अपराध हो, यो कदापी क्षम्य हुदैन । राज्य बलियो भयो भने जनता बलियो हुन्छन्, राज्यलाई बलियो बनाउनु सरकार र जनता दुवैको दायित्व हो । **प्रकाश तिमिल्सिना**


आन्दोलन गर्नु र सरकार चलाउनु फरक कुरा हो । आन्दोलनले परिवर्तन त ल्याउन सक्छ । तर, त्यस परिवर्तनलाई संस्थागत गर्दै अभ्यासमा ल्याउन राजनीतिक सुझबुझ चाहिन्छ । वीरगन्जको आन्दोलनात्मक र क्रान्तिकारी छविमाथि प्रश्न उठाउनै सकिदैन । **स्नेहा झा**


गुटबाट दल बन्दै गर्दा, दलबाट सरकार बन्दै गर्दा नेपाली राजनीतिले कैयौं अनैतिक बाचाहरू गरेका हुन्छन् र त्यसको मूल्य सबै मतदाता र करदाताहरूले तिरिरहेका हुन्छौं । **मनिष झा**


"मधेश" शब्द बेचेर राजधानीमा घर किनेका वा बंगला बनाउनेहरूको मुखबाट 'मधेश' शब्द बडा प्यारो लाग्छ । काठमाडौंमा जय मधेशको नारा लगाउन आन्दोलन गर्नेले २ नं. प्रदेशमा जय मिथिला भन्नेलाई लखेट्नु अति नै दुःखद घटना हो । **सन्तोष यादव**

## भारतसँग रेल्वे विस्तार ऐतिहासिक सम्झौता : प्रचण्ड

चन्द्रकान्त खनाल, रूपन्देही । नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारविरूद्ध पूर्वाग्रही र नकारात्मक ढंगले प्रचार भएको बताएका छन् ।सिद्धार्थ उद्योग बाणिज्य संघको आयोजनामा बिहीबारबाट रूपन्देही सदरमुकाम भैरहवामा सुरू भएको सातौं राष्ट्रिय लुम्बिनी महोत्सवको उद्घाटन गर्दै दाहालले जनचाहनाअनुसार तीव्र काम हुन नसके पनि काम नै भएन भनेर सरकारको गलत प्रचार भइरहेको बताए ।

उनले छिमेकी राष्ट्र भारतसँग रेलवे विस्तार, विराटनगरको भारतीय क्याम्प सार्ने र चीनसँग सुक्का बन्दरगाहा निर्माण जस्ता ऐतिहासिक सम्झौता गरिएको बताउँदै नेपाल भूपेरिबेष्ठित राष्ट्र भए पनि जमिनबाट समुन्द्र सतह सम्म जोड्ने गरी सरकारले काम गरेको बताए ।



पूर्वप्रधानमन्त्री समेत रहनु भएका प्रचण्ले सरकारको आलोचना गरेर, धर्मका कुरा उठाएर संघीयतालाई नै उल्टाई हालिन्छ भन्ने कसैले कल्पना गरेको भए त्यो पुरा नहुने बताए । उनले विरोधका लागि विरोध गर्नुभन्दा सबै मिलेर जनताको भावना र मुलुकलाई समृद्धितर्फ लाग्न एकजुट हुनु पर्ने बताए । अध्यक्ष दाहालले विगतमा सबै दलहरू मिलेर नै मुलुकलाई यहाँ सम्म ल्याइएको बताउँदै शान्ति प्रक्रियाका बाँकी काम पुरा गर्न काँग्रेस लगायतका दलहरूसँग छलफल भइरहेकाले छिट्टै टुंगोमा पुगिने बताए ।

अध्यक्ष दाहालले लुम्बिनीबाट विश्वलाई शान्तिको सन्देश दिनुपर्ने बताए । कार्यक्रममा नेकपा नेता तथा सांसद घनश्याम भुसालले उद्योगी व्यवसायीको लगानी सुरक्षित गर्न जरूरी रहेको बताए । उनले सरकारले तीव्ररूपमा काम गर्न नसकेको आरोप समेत लगाए । भुसालले जनपक्षीय काम गर्न नसक्दा राणादेखि राजाले सत्ता त्याग्नु परेको स्मरण गर्दै सरकारले त्यसलाई ख्याल गर्दै काम गर्नु बताए ।

भुसालले हरेक नेपालीका छोराछोरीलाई रोजगारीको ग्यारेन्टी नहुँदासम्म परिवर्तन भएको नठहरिने जनाए । काँग्रेस संसदीय दलका सचेतक बालकृष्ण खाँणले सरकारले अपेक्षाकृत रूपमा काम गर्न नसकेको आरोप लगाउँदै काम गर्नुको सट्टा धर्म प्रचारमा लागेको आरोप लगाए ।

संघका अध्यक्ष कुलप्रसाद न्यौपानेले पर्यटक, उद्योग र कृषि नै नेपालको समृद्धिको आधार भएको बताए । न्यौपानेले पर्यटन क्षेत्रमा प्रभाव पार्ने आयोजनाहरू समयमै सम्पन्न गराउन पहल गर्न आग्रह गरे ।उनले उद्योगी व्यवसायी मैत्री वातावरण बनाउन आग्रह समेत गरे । पौस १ गते सम्म चल्ने महोत्सवमा, कृषि प्रदर्शनी, बाल उद्यान, सांस्कृतिक कार्यक्रम, भैरहवा आइडल र नृत्य प्रतियोगिता मेलाका आकर्षक हुन् । यस्तै कुस्ती प्रतियोगिता, मायादेवी र रानी महलको आकृति पनि मेलाका आकर्षक हुन् । मेलामा २७५ स्टल रहेका छन् ।

## कानून विकासको साधक बन्नु पर्दछ : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले विकास निर्माणको क्रममा कानूनलाई बाधक नभई साधक बन्नु पर्ने बताएका छन् । सर्वोच्च बार एशोसिएशनले सोमबार जनकपुरमा आयोजना गरेको कानून र विकास सम्बन्धि अन्तरक्रियात्मक सम्बाद कार्यक्रमको उद्धाटन सत्रमा मुख्यमन्त्री राउतले कानूनकै अडचनहरूका कारण कतिपय विकास निर्माणका कार्यहरू प्रभावित भएकोले त्यसमा सुधार ल्याउन आवश्यक रहेको उल्लेख गरे । उनले सभ्य समाज, सुशासन र विकास निर्माणको लागि कानूनलाई सहजकर्ता बन्नु पर्नेमा



त्यसो हुन सकेको प्रति चिन्ता व्यक्त गरे । सार्वजनिक खरिद ऐनकै कारण विकास निर्माणका कार्यक्रमहरू प्रभावित भै रहेको प्रशस्तै उदाहरणहरू रहेपनि त्यसमा सुधार गर्न तर्फ सम्बन्धित पक्षहरूले चाँसो नदेखाउनु दुःखद रहेको उल्लेख गरे ।

उच्च अदालतका न्यायाधिश र अधिवक्ताहरूको विशेष सहभागिताहरूको कार्यक्रममा मुख्यमन्त्री राउतले प्रदेश भरि विकास निर्माणको कार्यहरू तिब्रता पाएको अवस्थामा अदालतहरूलाई पनि विकास निर्माणको कार्यहरूलाई प्राथमिकता राखि दिनु हुन आग्रह गरे । सर्वोच्च बारका अध्यक्ष खगेन्द्र प्रसाद अधिकारीको अध्यक्षतामा भएको उदघाटन सत्रमा उच्च अदालत जनकपुरका मुख्य न्यायाधिश शिव नारायण यादव, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, नेकपाका नेता एवं प्रदेश सभा सदस्य सत्यनारायण मण्डल, जनकपुर उपमहानगरका उपप्रमुख रिता झा सहितको उपस्थिति रहेको थियो ।

## तीन राज्यमा अन्तर्राष्ट्रिय उडान हुने

काठमाडौं । प्रदेश नं १ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियतले भारतको पश्चिम बङ्गाल, विहार, उत्तर प्रदेशलगायत बङ्गलादेशमा ६० करोडभन्दा बढी जनसंख्यालाई हिमाली उडानमा आकर्षण गर्न सके एकदेखि दुई प्रतिशत पर्यटक आगमन भएमा प्रदेशको लक्ष्य पूरा हुने धारणा व्यक्त गरेका छन् । उक्त हिमाली उडानबाट पर्यटकले कञ्चनजङ्घा, मकालु, ल्होत्से, सगरमाथा र गौरीशङ्कर हिमाललाई नजीकबाट अवलोकन गर्न सक्ने उनले बताए । उनले विराटनगर विमानस्थलबाट भारतका विहार, पश्चिम बङ्गाल र उत्तरप्रदेश तथा बङ्गलादेशका शहरमा अन्तर्राष्ट्रिय उडानका लागि प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरी सङ्घीय सरकारमा पठाएको बताउँदै स्वीकृत हुनासाथ उडान सञ्चालन हुने जानकारी दिए ।

## राजपामा...

अर्थ राखेको छ । ठाकुरको विदाईका लागि पूर्व तमलोपाका नेताहरू मात्र उपस्थित हुनुले कहीं तमलोपा फेरि पुनर्जिवित हुन लागेको त होइन भन्ने संशय ठाकुर इतरका नेताहरूमा परेको छ । यसको प्रभाव अहिले नपरे पनि कालान्तरमा गम्भीर असर पार्ने अवश्यमभावी छ ।

फुटको राजनीति

६ वटा पार्टी मिलेर राजपा बने पनि उस भित्र अहिले लोकतान्त्रिक चरित्रको विकास हुन सकेको छैन । शीर्ष ६ वटै नेताहरू आआफ्नो पुरानो पार्टीलाई परित्याग गरेर राजपामा आएपनि उनीहरूले कुनै न कुनै रूपमा पुरानो पार्टीको अवशेषलाई कायमै राखेका छन् । उदाहरणका लागि पुरानो तमलोपाको कार्यालयको अस्तित्व अहिले पनि काम रहनु र ठाकुर बेला बेला त्यहाँ पुग्नु पनि द्वन्द्वको अर्को कारण हो । तमलोपाको कार्यालयको अस्तित्व अहिले पनि काम रहनुबाट ठाकुरका विरोधी पक्षलाई आशंका उब्जाएको छ । राजपा भित्र एक पक्षले अर्को पक्षलाई यसगरी 'थ्रेट' देखाएर राज गर्न खोजिरहेका छन् ।

केपी ओलीको नेतृत्वमा बनेको सरकारमा नजाने ठाकुरको एक सूत्रीय अडान थियो । संयोजकको हैसियतले उनले लिएको अडान पार्टीकै मानिन्थ्यो तर अध्यक्षमण्डलका अन्य नेताहरू सरकारमा जाने भनेर लविङ्ग पनि थालेका थिए । पार्टी लिएको अडान विपरीत नेताहरू आफैमा विभाजित रहँदा पार्टीले ठोस दिशा लिन नसेकको गुनासो कार्यकर्ता पंक्तिबाट बारम्बार उठे पनि त्यसलाई नजरअन्दाज गर्ने प्रवृत्ति पनि हाबी छ ।

## फोरमको...

महाधिवेशननका साथै अन्य राजनीतिक विषयहरूमा निर्णय गर्न राजनीतिक समितिले मंसिरको २२ गते ११ बजे केन्द्रीय समितिको बैठक बोलाउने निर्णय पनि गरेको छ । केन्द्रीय समितिको बैठक ललितपुरको बालकुमारीमा बस्नेछ । केन्द्रीय समिति बैठकमा केन्द्रीय महाधिवेशनका साथै सरकारमा पार्टीको समीक्षा, संविधान संशोधनको माग, प्रदेश कमिटीहरू गठन, सदस्यता नवीकरण लगायतका एजेण्डा राजनीतिक समितिले तय गरेको संघीय फोरमले जनाएको छ । राजनीतिक समितिको बैठकमा अध्यक्ष समेत रहेका उपप्रधान एवम् स्वास्थ्यमन्त्री यादवले सरकारमा हालसम्म पार्टीका तर्फबाट भए गरेका काम र निर्णयहरूका विषयमा जानकारी गराएका थिए ।

## राउत...

राउतलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बुधबार व्यान भएपछि कानून व्यवसायीहरूले डा. राउतलाई शुद्ध तारीखमा राख्नु पर्ने बहस गरेका थिए । बहस सकिए पछि इजलासबाट थुनामा राख्ने आदेश भएको अदालतका उपसचिव गुणराज पराजुलीले बताएका छन् । डा. राउत जिल्ला अदालतमा कार्यवाहीमा रहेका राज्य विरूद्धको संगठित अपराध मुद्दामा तारीख लिन आउँदा रौतहट प्रहरीले गत असोज महिनाको २१ गते पक्राउ गरेको थियो ।

## विवाह...

कार्यक्रमपूर्व भगवान राम र सीतालाई जनकपुर नगर परिक्रमा गराई सर्वसाधारणले दर्शन गरेको मान्यता अनुरूप नगर दर्शन कार्यक्रम हुने गरेको छ । विवाहोत्सवको तयारीबारे जानकारी दिन जानकी मन्दिरमा पत्रकार सम्मेलनको आयोजना गरी छोटे महन्त दासले तयारी अन्तिम चरणमा पुगेको जानकारी गराए । विगतका वर्षहरू भन्दा यस वर्ष भव्य तरिकाले विवाहोत्सवको तयारी गरिएको जानकारी दिँदै दासले दश लाखभन्दा बढी तिर्थालु सहभागी हुने अनुमान रहेको बताए । राम जानकी विवाहोत्सवमा भारत उत्तर प्रदेशका मुख्यमन्त्री यागी आदित्यनाथ जन्ती बनेर जनकपुर आउने भएकाले पनि भव्यता दिन लागिएको उनको भनाइ थियो । मुख्यमन्त्री योगी जानकी मन्दिरमा पूजाअर्चना पश्चात रंगभूमि मैदानमा आयोजना हुने स्वयंभर कार्यक्रममा सहभागी हुने छन् । मुख्यमन्त्री योगीका साथै विवाहोत्सवमा सहभागी हुन अयोध्याबाट पाँच सयको संख्यामा विशिष्ट साधुसन्तहरू जन्ती बनेर जनकपुर आउन लागेको पनि महन्त दासले बताए ।



## आर्थिक समाचार

### प्रभु बैङ्क सात भन्सार नाकामा

काठमाडौं । नेपाल-भारत सीमामा रहेको सात वटा भन्सार कार्यालयमा बैङ्किङ सेवा उपलब्ध गराउने लक्ष्यसहित प्रभु बैङ्कले नयाँ एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । झापाको भद्रपुर, सुनसरीको कोसी ब्यारेज, सिरहाको ठाडी, महोत्तरीको जलेश्वर, नवलपरासकिो महेशपुर, कपिलवस्तुको सुठौली र कैलालीको सति भन्सार कार्यालयमा बैङ्कले मङ्गलबारदेखि एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याई सेवा प्रारम्भ गरेको छ । भन्सार विभागका महानिर्देशक तोयम रायाले एक समारोहबीच बैङ्कको जलेश्वर भन्सार राजस्व सङ्कलन काउण्टर उद्घाटन गर्नुभयो । त्यसैगरी, अन्य भन्सार कार्यालयका एक्स्टेनसन काउण्टर सम्बन्धित भन्सार कार्यालयका प्रमुखहरूबाट उद्घाटन भएको उक्त बैङ्कले जनाएको छ ।

### बीमा सेवा सम्झौता

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नेपालको सबैभन्दा पुरानो बैंक नेपाल बैंक लिमिटेडबीच दुर्घटना बीमा तथा औषधोपचार बीमा सेवा सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नेपाल बैंक लिमिटेडका प्रमुख कर्याकारी अधिकृत देवेन्द्र प्रताप शाहले हस्ताक्षर गरेका छन् । यस सम्झौता पश्चात बैकले आफूना खातावाला ग्राहक महानुभावहरूलाई निशुल्क रूपमा रू.१० लाख बराबरको दुर्घटना बीमा र रू.२५ हजार बराबरको औषधोपचार बीमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट प्रदान गरिनेछ । उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाहले बैंकमा नागरिक बचत खाता खोलेका र खोलिने खातावालहरूको निशुल्क रूपमा रू.१० लाखको दुर्घटना बीमा तथा रू.२५ हजारको औषधोपचार बीमा हुने जानकारी दिँदै आफ्ना ग्राहकहरूलाई थप सेवा प्रदान गर्न आइएमई जनरल इन्स्योरेन्स लि. संग बीमा सेवाको लागि सम्झौता गरिएको जानकारी दिए । त्यसै गरी आइएमई जनरल इन्स्योरेन्स लि.का प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले बैंकसँगको सम्झौताबाट कम्पनीलाई अझै आफ्नो सेवालाई सरल, सहज र चुस्त राख्न प्रेरणा मिलेको बताए ।

### आइएमई डिजिटल र सिभिलबीच सम्झौता

काठमाडौं । आइएमई ग्रूपद्वारा प्रवर्द्धित 'आइएमई डिजिटल' र सिभिल बैंकबीच ' आइएमई पे' मोबाइल मनीमार्फत विविध मोबाइल वित्तीय सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ । आइएमई डिजिटलका तर्फबाट प्रमुख संचालन अधिकृत डेनियल डी श्रेष्ठ र सिभिल बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरूङले सोमबार सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार सिभिल बैंक लिमिटेड 'आइएमई डिजिटल' को बैंकिङ्ग साझेदार संस्था हुनेछ र बैंकका सेवाग्राहीहरूले चाडै नै आइएमई पे वालेटमा आफ्नो बैंक खाता लिङ्क गर्ने लगायत बैंक खाताबाट वालेट र वालेटबाट बैंक खातामा रकम जम्मा गर्ने जस्ता सेवाहरू प्राप्त गर्न सक्नेछन् । साथसाथै सिभिल बैंकका सेवाग्राहीहरूले 'आइएमई पे' मा उपलब्ध रिचार्ज, मनी ट्रान्सफर र क्यु आर मार्फत गरिने भुक्तानी सेवा पनि प्राप्त गर्न सक्नेछन् ।

### धनगढीमा प्राइम बैंकको शाखा

धनगढी । प्राइम कमर्सियल बैंक लिमिटेडले कैलालीको धनगढी उपमहानगरपालिमा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले उद्घाटन गरेका थिए । उक्त शाखा सञ्चालनपछि मेगा बैंकको शाखा सञ्जाल ६६ पुगेको जनाइएको छ । नयाँ शाखा सञ्चालनमा ल्याउनेक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा पनि नयाँ शाखा सञ्चालनमा ल्याउने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ ।

## अन्तर्राष्ट्रिय साहित्य सम्मेलन हुने

काठमाडौं । भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, कोलकाताको आयोजनामा कोलकातामा मङ्सिर २२-२३ गते 'तृतीय अन्तर्राष्ट्रिय साहित्य सम्मेलन' हुने भएको छ । नयाँ दिल्लीस्थित नेपाली राजदूतावास, कोलकातास्थित नेपाली महावाणिज्यदूतावास, बिपी कोइराला फाउण्डेशन नयाँ दिल्ली, नेपाली व्यावसायिक समिति कोलकाता, ओसनिक एक्सप्रेस एलएलपी, क्लालकोक्स सिण्डिकेट प्रालि, जुपिटर कार्गो र संयुक्त नेपाली केन्द्रीय सेवा सङ्घको सहयोगमा हुने सम्मेलनमा नेपाल, भारत, भुटान र म्यान्माका नेपाली साहित्यकारको सहभागिता रहने छ । भारतीय भाषा परिषद् भवनमा हुने सम्मेलनमा डा अमर गिरीले 'नेपाली साहित्यको प्रवृत्ति', डा रामजी तिमिल्सिनाले 'डायस्पोरा नेपाली साहित्य' र प्रा टेकबहादुर क्षेत्रीले 'भारतमा नेपाली साहित्य' विषयमा कार्यपत्र प्रस्तुत भई छलफल गरिने छ । 'वर्तमान विश्वमा भारतीय क्षेत्रीय भाषाहरू हराउँदै गएको अवस्था', 'युवा र प्रौढ पुस्ताबीचको खाडल पुर्दै' र 'नयाँ पुस्तामा नयाँ विद्युतीय सामग्रीको प्रयोगबाट पर्ने असर' शीर्षकमा पनि छलफल हुनेछ । सो अवसरमा वसन्त चौधरीद्वारा लिखित 'वसन्त' काव्यसङ्ग्रह(बङ्गाली भाषा) र टीकारामगोपाल भित्रीकोटीद्वारा लिखित 'लाज' कविता सङ्ग्रहको विमोचन गरिनाका साथै तुल्सी प्रभासद्वारा सांस्कृतिक वृत्तचित्र प्रस्तुत गरिनेछ ।

## भारतले जी-२० सम्मेलन गर्ने

काठमाडौं । सन् २०२२ को जी-२० शिखर सम्मेलनको आयोजना भारतले गर्ने भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले अर्जेन्टिनामा भएको जी-२० शिखर सम्मेलनको तेस्रो दिनको समापन समारोहमा सो घोषणा गरेका हुन् । सम्मेलनका लागि भारतको पालो सन् २०२१ मा भए पनि एक वर्षपछि आफ्नो ७५ औं स्वतन्त्रता दिवस परेकाले सो निर्णय लिएको हो । भारतको पालोमा इटालीले सम्मेलन गर्न सहमति जनाएको भन्दै प्रधानमन्त्री नरेन्द्र मोदीले इटालीप्रति कृतज्ञता जनाएका हुन् । प्रधानमन्त्री मोदीले आफ्नो ट्विटर एकाउन्टमा भनेका छन्, 'सन् २०२२ मा भारतको ७५ औं स्वतन्त्रता दिवस परेकाले इटालीलाई सन् २०२२ को सट्टा सन् २०२१ मा जी-२० सम्मेलनको आयोजना गर्न अनुरनोध गरिएको र इटालीलगायत सदस्य राष्ट्रहरूले भारतको आग्रहलाई स्वीकार गरेका छन् । यसका लागि भारत आभार प्रकट गर्दै सबै विश्व नेतालाई सन् २०२२ मा भारत आउन निमन्त्रणा दिन चाहन्छु ।' भारतीय विदेश मन्त्रालयका प्रवक्ता रभिस कुमारले पनि ट्विटरमार्फत भारतले सन् २०२२ मा जी-२० शिखर सम्मेलनको आयोजना गर्ने भएको बताए ।जी-२० सम्मेलन विश्वका उदाउँदा अर्थतन्त्रलाई एक ठाउँमा जम्मा गर्ने अन्तर्राष्ट्रिय फोरम हो । जी-२० का सदस्य राष्ट्रहरूसँग विश्वको ८५ प्रतिशत अर्थतन्त्र रहेको छ भने विश्वको दुईतिहाइ जनसंख्या रहेको छ ।

## नाम र...

सदस्य छन् । आयोगले प्रदेशको राजधानी र नामांकनका विषयमा कार्यक्षेत्र भित्र विभिन्न राजनितिक दल, नागरिक समाज, व्यक्ति, संघसंस्था तथा बढीभन्दा बढी व्यक्तिसँग सल्लाह र सुझाव सङ्कलन गर्ने आयोगका अध्यक्ष डा झाले बताए । आयोगले संकलन गरेको सुझावकै आधारमा सरकारले राजधानीको नाम र प्रदेशको नाम टुंगो लगाउने उनको भनाइ छ । यसैबीच प्रदेश राजधानी र प्रदेशको नामाकरण सम्बन्धी सुझाव संकलन गर्न वीरगञ्जमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरूले राजधानीका लागि वीरगञ्जको विकल्प नभएको दाबी गरे । उनीहरूले प्रदेशको नाम राख्दा 'मधेस' शब्द अनिवार्य आउनुपर्ने र वर्तमान अवस्थामा मध्य मधेश प्रदेश उपयुक्त भएको बताए । कतिपयले वीरगञ्ज राजधानी नभए फेरि आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् ।

## पिछडावर्ग...

महिलाहरूलाई पनि आफ्नो अधिकारका लागि अगाडि आउनुपर्ने सुझाव दिएका छन् । महिलाहरू शिक्षित भए मात्र हरेक क्षेत्रमा बराबरीका लागि सहभागी हुनसक्ने बताए । उनले भने, 'महिलाको हातमा बन्दूक आए मधेशले अधिकार पाउनेछन् ।' सेना प्रहरीमा मधेशका महिलाको पनि सहभागिता हुनुपर्ने उनले जिकिर गरेका छन् । महासंघका केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरले राज्यले आफूहरूसँग अहिलेसम्म आठ पटक सहमति गरेको तर पालना नगरेकोले अब कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । 'राज्यले हिंसात्मक आन्दोलनको भाषा मात्र बुझ्छ', उनले भने, 'नेपालमा हिंसात्मक आन्दोलन गर्दा माग पूरा हुने तर शान्तिपूर्ण आन्दोलन गर्दा राज्यले पूर्ण रूपमा बेवास्ता गर्दै आएको छ ।' उनले पिछडावर्गलाई राज्यले हतियार उठाउन बाध्य पारिरहेकोसमेत गुनासो गरेका छन् ।

पिछडावर्गका पदाधिकारीहरूले राज्यबाट आफूहरू अपेहिलत भएको गुनासो गरेका थिए । वार्षिक साधारणसभामा आगामी कार्यनीति, गत आर्थिक वर्षको आयव्यय लगायतका प्रतिवेदनहरू पारित गरेको थियो ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं